# कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन

१६०


शोधार्थी

युवराज दाहाल

क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष : ९१(२०६३/०६४)

त्रिवि दर्ता नं. ४०७४९-८८.

दोस्रो वर्षको परीक्षा क्रमाङ्क (वर्ष) : २१८०१०३ (२०६५)


नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र


| शोधपत्र पेस गरेको मिति | त्रिभुवन विश्वविद्यालय | शोधपत्र भाइभा भएको मिति |
| --- | --- | --- |
| वि.सं. २०७६/०३/१७ | शिक्षाशास्त्र सङ्काय | वि.सं. २०७६/०४/२३ |
| इसं. २ जुलाई, २०१९ | जनता बहुमुखी क्याम्पस | इसं. ८ अगष्ट, २०१९ |

नेपाली शिक्षा विभाग

इटहरी, सुनसरी

## स्वयम् घोषणा

म शोधार्थी युवराज दाहाल यो घोषणा गर्दछु - प्रस्तुत शोधपत्र मेरो मौलिक अनुसन्धान हो । शोधपत्रको कुनै अंशसमेत मैले कहीँकतैबाट हुबहु नक्कल गरेको होइन । आवश्यकता अनुसार सन्दर्भ र स्रोत खुलाई पूर्वकार्यको प्रयोग गरेको छु । यदि कहीँकतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने सबै खाले परिणामहरुको सामना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । यस सम्बन्धमा पछि कहीँकतै र कुनै किसिमको उजुरबाजुर गर्ने छैन ।

मिति : २०७६/०३/१७

..........................

शोधार्थी

युवराज दाहाल

०२५-५८१३००

# जनता बहुमुखी क्याम्पस

५८००६४

इटहरी, सुनसरी

स्थापित : २०४५

(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि. परिषदबाट सम्बन्धन प्राप्त)

प.सं. विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

च.नं. मिति :- २०७६/०३/१७

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षका विधार्थी युवराज दाहालले नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७६/०३/१७

शोध निर्देशक

नवीन कुमार शर्मा

सहप्राध्यापक

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह नेपाली विषय दोस्रो वर्षको पाठ्यांश ५९८ को प्रयोजनार्थ प्रस्तुत 'कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र जनता बहुमुखी क्याम्पस इटहरीका सहप्राध्यापक आदरणीय गुरु नवीनकुमार शर्मा ज्यूको कुशल निर्देशनमा तयार गरेको हुँ । शोधकार्य आफैंमा गहन र महत्वपूर्ण विषय भएको हुनाले यसको पूर्णताका लागि निरन्तर र कुशल निर्देशनको आवश्यकता पर्दछ । आफ्नो कार्यव्यस्तताका बावजुद अमूल्य समय दिएर हरतरहले हौसला प्रेरणा प्रदान गरी मलाई निरन्तर मार्गनिर्देशन गर्नुहुने आदरणीय शोध निर्देशक गुरु श्री नवीनकुमार शर्मा ज्यू प्रति हार्दिक आधार प्रकट गर्दै उहाँ प्रति स-समान कृतज्ञता व्यक्त गर्दछु । शोधकार्य लेखनमा सधैं उत्प्रेरणा, हौसला प्रदान गर्दै शोध लेखन कार्यलाई सहजता प्रदान गर्नुहुने जनता बहुमुखी क्याम्पस इटहरीका सहायक क्याम्पस प्रमुख श्री टोलनाथ काफ्ले तथा नेपाली शिक्षा विभाग प्रमुख आदरणीय गुरु प्राध्यापक श्री मदनराज वराल ज्यू प्रति पनि स-सम्मान हार्दिक आभार व्यक्त गर्दछु ।

शोधकार्यमा आवश्यक सल्लाह सुझाव एवंम् सन्दर्भ सामग्रीहरु उपलब्ध गराई सहयोग पुऱ्याउने मित्र हरिनगरा मा.वि.हरिनगराका नेपाली शिक्षक श्री हेमप्रसाद धमला र गोग्राहा मा.वि.का नेपाली विषय शिक्षक श्री शङ्करप्रसाद दाहाल प्रति हार्दिक आभार प्रकट गर्दछु । सामग्री सङ्कलनका लागि आवश्यक समय उपलब्ध गराई विद्यार्थीहरुलाई सस्वर पठन गराउन अनुमति प्रदान गर्नुहुने नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक तथा विषय शिक्षक ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी सामग्री सङ्कलनका क्रममा सस्वर पठन गरी रेकर्ड समेत गर्न सहयोग पुऱ्याउने नमुना छनौटमा परेका विद्यार्थी भाइ बहिनीहरुलाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सम्पूर्ण सहयोग पुऱ्याउने पत्नी निर्मला दाहाल, कम्प्यूटर छपाइको जिम्मा लिएर पाण्डुलिपीलाई पुस्तकाकारका रुप दिने जनप्रिय मा.वि. बुढीगङ्गा मोरङ्गका स.ले.पा. श्री विनोद मण्डल समेत विशेष धन्यवादका पात्र हुनुहुन्छ । यसैगरी विभिन्न पक्षबाट यस शोधकार्यलाई आवश्यक सहयोग पुऱ्याउने सबै क्षेत्र वर्ग तथा तहका महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

युवराज दाहाल

# शोधसार

प्रस्तुत शोधको शीर्षक मोरङ्ग जिल्ला बुढीगङ्गा गाउँपालिका क्षेत्र अन्तर्गत विद्यालयका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन रहेको छ । यसको प्रयोजन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग स्नातकोत्तर तह नेपाली विषयका दोस्रो वर्षको पाठ्यांश ५९८ को उद्देश्य पुरा गर्ने रहेको छ । यस शोधको अध्ययनमा मुख्यत : सर्वेक्षण विधि अनुसार नमूना छनौट गरेर अध्ययन विश्लेषण अगाडि बढाइएको छ । यो शोधपत्रको अध्याय एकमा शोध शीर्षकको प्रयोजन, अध्ययनको उद्देश्य, सीमा र अध्ययन विधिलाई अर्थ्याइएको छ ।

अध्याय दुईमा भाषिक सीप अन्तर्गत पढाइ सीपको परिभाषा, भाषाका विभिन्न सीपको समान्य परिचयका साथै पूर्वकार्यको समिक्षा तथा धारणात्मक संरचना अन्तर्गत सस्वर पठन सम्बन्धमा पहिले गरिएका अनुसन्धानको समिक्षा, पहिले गरिएका अध्ययन अनुसन्धानले यस अनुसन्धानको लेखनमा कति उपयोगी भयो भन्ने विस्तृत रुपमा उल्लेख गरिएको छ ।

यस शोध अध्ययनमा अध्ययनको संरचना तयार गरिएको छ, साथै नमूना छनौट गर्न सर्वेक्षण विधि अवलम्बन गरी मोरङ्ग जिल्ला बुढीगङ्गा गाउँपालिका अन्तर्गतका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा ९ का १०/१० जना विद्यार्थीहरुलाई जनसंख्या र नमूनाको रुपमा छनौट गरिएको छ । जसमा विभिन्न जातजातिहरुको नमूना प्रस्तुत गरिएको छ । यसरी अध्याय तीनमा नमूना छनौटमा परेका विद्यालयको विवरण नमूना प्रकृयालाई प्रस्तुत गरिएको छ ।

यस शोध अध्ययनमा सस्वर पठन गर्दा सिकारुले ध्यान दिनुपर्ने विभिन्न बुँदाहरुलाई आधार मानेर तिनलाई तालिकामा परिणत गरिएको छ । कक्षा ९ को नेपाली पाठ्यपुस्तकका विभिन्न विधाहरु जस्तै- कथा, कविता, जीवनी, निबन्ध आदिबाट आवश्यक अनुच्छेद छनौट गरी विद्यार्थीलाई सस्वर पठन गर्न लगाइएको छ र प्राप्त परिणाम तथा विद्यार्थी स्तरलाई संख्या र प्रतिशत तालिकामा भरी तुलना गरिएको छ, जसलाई अध्याय चार अन्तर्गत नतिजा र परिणाम छलफल/व्याख्या अन्तर्गत राखेर विश्लेषण गरिएको छ ।

निष्कर्ष र सुझाव उपयोगितालाई अध्याय पाँचमा राखिएको छ । यस आधारमा कक्षा ९ मा आइपुग्दा विद्यार्थीहरुले स्पष्ट शुद्ध रुपमा सस्वर पठन गर्नुपर्ने हुन्छ । यसो हुन नसक्नुका कारणहरु सस्वर वाचनका समस्या र ती समस्याका समाधानलाई सुझाव अन्तर्गत राखी यो अनुसन्धान नीति निर्माता, पाठ्यक्रम निर्माता, कार्यन्वयन तह सबैंका लागि उपयोगी भएको तथ्य प्रस्तुत गरिएको छ ।

## विषयसूची


| | | |
|---|---|---|
| **अध्याय एक :** | **शोध परिचय** | **१-४** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्या कथन | २ |
| १.३ | अध्ययनका उद्देश्य | २ |
| १.४ | अध्ययनको औचित्य तथा महत्व | ३ |
| १.५ | सीमाङ्कन | ४ |
| १.६ | शोधपत्रको रुपरेखा | ४ |
| **अध्याय दुई :** | **पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना** | **५-१२** |
| २.१ | पूर्वकार्यको समीक्षा | ५ |
| २.२ | पूर्वकार्यको उपयोगिता/कार्यन्वयन | १० |
| २.३ | सैध्दान्तिक/धारणात्मक संरचना | ११ |
| **अध्याय तीन :** | **अध्ययन विधि/प्रक्रिया** | **१३-१७** |
| ३.१ | अध्ययनको संरचना | १३ |
| ३.२ | जनसंख्या र नमुना | १३ |
| ३.३ | नमुना छनौट प्रक्रिया | १५ |
| ३.४ | तथ्याङ्क सङ्कलनका साधन | १६ |
| ३.५ | तथ्याङ्क सङ्कलनका प्रक्रिया | १६ |
| **अध्याय चार :** | **नतिजा परिणाम र छलफल** | **१८-६४** |
| ४.१ | नतिजा र परिणाम | १८ |
| ४.२ | छलफल व्याख्या | १९ |
| ४.२.१ | गति, यति, लय मिलाउनु | २० |
| ४.२.२ | पदयोग र पदवियोग सम्बन्धी अध्ययन | २१ |
| ४.२.३ | हाउभाउको प्रदर्शन | २२ |
| ४.२.४ | विधाको ख्याल | २२ |
| ४.२.५ | आरोह-अवरोह | २३ |
| ४.२.६ | चिन्हको ख्याल | २३ |
| ४.२.७ | बोधगम्यता | २४ |
| ४.२.८ | उच्चारण | २४ |

४.२.९ शब्द र वाक्यको पुनरावृत्ति २५

४.२.१० थेगोको प्रयोग २६

४.२.११ मातृभाषाको प्रभाव २६

४.२.१२ सस्वर पठनमा गति, यति सम्बन्धी अध्ययन २७

४.२.१३ पदयोग र पदवियोग सम्बन्धी अध्ययन ३२

४.२.१४ सस्वर पठनमा हाउभाउ सम्बन्धी अध्ययन ३६

४.२.१५ सस्वर पठनका क्रममा विधाको ख्याल सम्बन्धी अध्ययन ४०

४.२.१६ सस्वर पठनमा आरोह-अवरोह सम्बन्धी अध्ययन ४३

४.२.१७ सस्वर पठन गर्दा चिन्ह सम्बन्धी अध्ययन ४६

४.२.१८ सस्वर पठनका क्रममा उच्चारण सम्बन्धी अध्ययन ४९

४.२.१९ सस्वर पठनमा शब्द र वाक्यको पुनरावृत्ति सम्बन्धी अध्ययन ५२

४.२.२० सस्वर पठनमा थेगोको प्रयोग सम्बन्धी अध्ययन ५५

४.२.२१ सस्वर पठनमा मातृभाषाको प्रयोग सम्बन्धी अध्ययन ५८

४.३ सस्वर पठनमा देखिएका समस्याहरु ६१

**अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता ६५-७१**

५.१ निष्कर्ष ६५

५.१.१ गति, यति सम्बन्धी अध्ययन ६५

५.१.२ पदयोग र पदवियोग सम्बन्धी अध्ययनको निष्कर्ष ६५

५.१.३ हाउभाउ सम्बन्धी गरिएको अध्ययन ६६

५.१.४ विधाको ख्याल सम्बन्धी अध्ययन ६६

५.१.५ आरोह-अवरोह सम्बन्धी अध्ययन ६६

५.१.६ लेख्य चिन्ह सम्बन्धी अध्ययन ६६

५.१.७ उच्चारण सम्बन्धी अध्ययन ६७

५.१.८ शब्द र वाक्यको पुनरावृत्ति सम्बन्धी अध्ययन ६७

५.१.९ थेगोको प्रयोग सम्बन्धी अध्ययन ६७

५.१.१० सस्वर पठनमा मातृभाषा प्रयोग सम्बन्धी अध्ययन ६७

५.२ सुझाव ६८

५.३ उपयोगिता ६९

५.३.१ नीतिगत तह ७०

५.३.२ कार्यन्वयन तह ७०

५.३.३ भावी अनुसन्धानका लागि शीर्षकहरु ७१

# अध्याय एक

# शोध परिचय

## १.१. पृष्ठभूमि

भाषा विचार विनिमयको साधन हो । आफ्ना अनुभव, अनुभूति भाव वा विचार व्यक्त गर्न जे बोलिन्छ त्यो नै भाषा हो । मानवीय उच्चारण अवयवबाट उच्चारण हुने सार्थक ध्वनि समूह र उच्चारित ती ध्वनिहरुको साङ्केतिक व्यवस्था नै भाषा हो (ओझा, २०७३: १०५) । भाषा कै माध्ययमबाट मानिसले आफ्ना मनका भावनाहरु साटासाट गर्ने गर्दछन् ।

नेपाल एक बहुजातीय, बहुभाषी मुलुक हो । यहां विविध भाषा परिवारका वक्ताहरु बसोबास गर्दछन् । त्यसमध्ये भारोपेली भाषा परिवारका भाषाहरुको वाहुल्यता रहेको छ । भारोपली भाषा परिवार संसारको सवभन्दा ठूलो भाषा परिवारका रुपमा चिनिन्छ । नेपालमा भारोपेली परिवारको मुख्य भाषाको रुपमा नेपाली भाषा बोलिन्छ । वि.सं.२०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या मध्ये लगभग ४९ प्रतिशत नेपाली जनसंख्याहरुले नेपाली भाषालाई मातृभाषाको रुपमा बोल्ने गर्दछन् (ओझा २०७३: ११७) । नेपालको संविधान २०७२ को भाग एक को धारा ६ मा देवनागरी लिपीमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भनी किटान गरेको छ । नेपाली भाषा नेपालको राष्ट्रभाषा, सरकारी कामकाजको भाषा र साहित्य सिर्जनाको भाषा हो । नेपाली भाषा पूर्व प्रथमिक तह देखि उच्च शिक्षा सम्मका पाठ्यक्रममा समावेश गरी अध्ययन-अध्यापन गराउदै आएको पाइन्छ । नेपालका विद्यालय तथा महाविद्यालयहरुमा नेपाली भाषा ऐच्छिक विषयका रुपमा अध्यापन हुन्छ ।

सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी भाषाका चारवटा सीपहरु हुन्छन् । यी सीपहरु मध्ये सुनाइ र बोलाइ भाषाका आधारभूत सीप हुन भने पढाइ र लेखाइ विशिष्ट सीप हुन् (ओझा, २०७३: ७१) कक्षा ९ को नेपाली भाषा पाठ्यक्रमले यिनै भाषिक सीपहरु प्राप्त गर्ने उद्देश्य राखेको छ । पढाइ सीप अन्तर्गत वाचन कला सीप पर्दछ । सस्वर वाचन र मौन वाचन गरी वाचन सीप २ प्रकारका हुन्छन् । आवाज निकालेर पढ्नु सस्वर पढाइ हो भने आवाज ननिकाली पढनु मौन पढाइ हो (ओझा, २०७३: ७८) ।

कक्षा ९ को नेपाली भाषा पाठ्यक्रमले पढाइ सीप अन्तर्गत पर्ने सस्वर पढाइलाई विशेष महत्व दिएको छ । त्यसैले यस शोध अनुसन्धानमा कक्षा ९ मा अध्ययनरत विधार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन वारेमा खोज गरिएको छ । सस्वर पठनको मुख्य उद्देश्य भनेको विधार्थीहरुमा शुद्ध उच्चारण क्षमताको

विकास गनु तथा भाव अनुसार गति, यति, आरोह-अवरोह, आधात, हाउभाउ, चेष्टा आदि मिलाई वाचन गर्ने क्षमताको विकास गर्नु रहेको छ (ओझा, २०७३ः ७९) । विधार्थीहरुलाई शुद्ध उच्चारणको अभ्यास गराउन, उच्चारणगत त्रुटिहरु निराकरण गर्न, पदयोग-पदवियोगको, विराम चिन्ह, लय, वलाघात, आरोह-अवरोह इत्यादिको ज्ञान हासिल गर्न, शब्द भण्डार बढाउन, पढाइमा रुची जागृत गरी स्वअध्ययन तर्फ उन्मुख हुन र वाचन क्षमतालाई प्रभावोत्पादक बनाएर श्रोतालाई प्रभावित पार्ने क्षमताको विकास गर्न सस्वर पठन गरिन्छ । अध्ययनमा विधार्थीहरुमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका विभिन्न उपायहरुको अनुसन्धान मार्फत खोजी गरिएको छ ।

## १.२ समस्या कथन

मोरङ्ग जिल्ला अन्तर्गत बुढीगङ्गा गाउंपालिकाका पाँच ओटा सामुदायिक र पाँच ओटा संस्थागत विद्यालयहरुलाई छनौट गरिएको छ । बुढीगंगा गाउंपालिका विशेषगरी आदिवासी, जनजाति, मधेशी, दलित, पिछ्डिएका जातजातिहरुको बसोवासको क्षेत्र रहेको र उनीहरुको नेपाली भाषा दोस्रो भाषाको रुपमा रहेको हुनाले वाचनमा समस्या रहेको छ । त्यसैले यस शोध अनुशन्धानमा यस बुढीङ्गा गाउंपालिका अन्तर्गतका विद्यालयहरुमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको नेपाली पुस्तकमा आधारित सस्वर पठन क्षमताको अध्ययन प्रमुख समस्याको रुपमा रहेको छ । यही मूल विषयवस्तुसंग सम्बन्धीत समस्याहरुलाई बुँदागत रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

(क) कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमता के कस्तो रहेको छ ?

(ख) सस्वर पठनमा कस्ता समस्या छन् ?

(ग) समस्या हुनका कारणहरु के के हुन् ?

(घ) समस्या समाधानका लागि के गर्न सकिन्छ ?

## १.३ अध्ययनका उद्देश्यः

निर्धारित परिसीमा भित्रका विद्यालयहरुमा अध्ययन गर्ने वालवालिकाहरु विभिन्न जातजाति, विविध समुदायका भएको हुनाले नेपाली पाठ्यपुस्तकको सस्वर वाचनमा कठिनाई हुदा विद्यार्थीहरुको वाचन क्षमता तथा अवस्था कस्तो छ, कुन स्तरमा सस्वर पठन गर्न सक्छन् भन्ने कुराको खोजि गर्नु नै अध्ययनका मुख्य उद्देश्यहरु रहेका छन् । यी समस्याहरुको खोजी गरी समाधानका उपायहरु पत्ता लगाउने कोसिस हुनेछ । समग्रमा प्रस्तुत शोधका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

(क) कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन गर्नु,

(ख) विद्यार्थीहरुमा रहेका सस्वर पठन सम्बन्धी समस्या खोज्नु,

(ग) सस्वर पठनसम्बन्धी विद्यार्थीहरुमा रहेको समस्याको कारण पत्ता लगाउनु,

(घ) समस्या समाधानका उपायहरुको खोजी गर्नु ।

## १.४ अध्ययनको औचित्य तथा महत्व :

भाषा शिक्षणको प्रमुख ध्येय भनेको सिकारुलाई भासिक सीप सिकाउनु हो । सिकारुको स्तर र उमेर अनुरुप सस्वर पठन क्षमताको विकास भए नभएको अध्ययन अनुसन्धान गरिएन भने भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरु पुरा गर्न सकिदैन । यसका लागि विद्यार्थीहरुको स्तर अनुसारका भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सामग्रीको उचित प्रयोग आवश्य हुन्छ । समग्रमा भन्नुपर्दा भाषा पाठ्यक्रमले विद्यार्थीको स्तर, रुची, पूर्वज्ञान, उमेर, मनोविज्ञान आदिलाई ध्यान दिएर भाषा शिक्षणमा जोड दिनु पर्ने देखिन्छ ।

माध्यमिक तह अन्तर्गत कक्षा ९ मा वर्तमान समयमा पठनपाठनमा प्रयोग हुदै आएका पाठ्यपुस्तकहरु नै भाषा सिकाईका महत्वपूर्ण साधनहरु हुन् । पठन स्पष्ट र शुद्ध भएमा मात्र यसवाट सुनाइ, बोलाइ र लेखाइ सीपमा थप मद्दत पुग्दछ । सस्वर पठनबाट नै पढाइमा शुद्धता आउछ । मौन पठन, द्रुत पठनले पठनबोध क्षमताको विकास हुन्छ साथै विद्यार्थीहरुमा देखिएका समस्याहरुको पहिचान, विद्यार्थीहरुको सस्वर वाचन क्षमताको अन्तर जस्ता समस्याहरु पत्ता लगाउदै समस्या समाधानका उपायहरुको खोजी गर्ने कार्य यस अनुसन्धानमा गरिने भएको हुनाले यो अनुसन्धान औचित्यपूर्ण र विशेष महत्वको रहेकोछ । यस क्षेत्रमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमता सम्बन्धी अध्ययन गरेका अनुसन्धानात्मक खोजहरु हालसम्म पूर्णरुपका नभेटिएको हुनाले यो शीर्षकको अध्ययन औचित्यपूर्ण तथा विशेष महत्वको हुनेछ, त्यसैले विद्यार्थीहरुको सस्वर पठन क्षमतालाई बुझ्ेर उद्देश्योन्मुख शिक्षण सिकाइ क्रियाकलाप गरी विद्यार्थीहरुको सस्वर पठन क्षमतालाई प्रभावकारी बनाउनु यस अध्ययनको महत्व, औचित्य तथा उपयोगिता रहेकोछ ।

प्रस्तुत शोध अध्ययनमा शिक्षक, पाठ्यक्रम निर्माता, नीति निर्माता, पाठ्यपुस्तक लेखक आदिलाई के कसरी सस्वर पठन गराउने भन्ने उल्लेख गरिएको हुदां सबैलाई फाइदा पुग्ने भएको हुनाले यो अध्ययन औचित्यपूर्ण छ ।

## १.५ परिसीमा :

सीमा विनाको कार्य लगाम विनाको घोडा जस्तै हुने भएको हुनाले यस अध्ययनको पनि आफ्नै सीमा र क्षेत्रहरु रहेका छन् । निश्चित सीमा भित्र नबाधिएका अनुसन्धान छरपष्ट हुने र निश्चित निष्कर्षमा पुग्न असम्भव हुने तथा शीर्षकका सम्पूर्ण पक्षहरु समेट्न कठिन हुने भएको हुनाले प्रस्तुत शोध अध्ययनलाई निम्न अनुसार सिमाङ्कन गरिएको छ ।

(क) प्रस्तुत शोध अनुसन्धान मोरङ्ग जिल्ला अन्तर्गत बुढीगङ्गा गाउंपालिका रहेको छ ।

(ख) बुढीगङ्गा गाउंपालिका अन्तर्गत पर्न पाॅच ओटा सामुदायिक र पाॅच ओटा संस्थागत विद्यालयमा अध्ययनरत सय जना विधार्थीहरुमा सिमित रहेको छ ।

(ग) प्रस्तुत सीमा क्षेत्र अन्तर्गतका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत कक्षा ९ का विद्यार्थीहरुको नेपाली भाषा सस्वर पठनसंग केन्द्रित रहेको छ ।

(घ) यो अध्ययन विद्यार्थीहरुलाई सस्वर पठन गर्न लगाई प्रप्त हुने परिणामको विश्लेषणमा मात्र आधारीत रहेको छ ।

प्रस्तुत शोधपत्रमा भाषाको चार सीप मध्ये पढाइ सीप अन्तर्गतको सस्वर पठन क्षमताको मात्र अध्ययन गरिएको छ ।

## १.६ शोधपत्रको रुपरेखा :

प्रस्तुत शोधपत्रको रुपरेखा वा ढाँचा यस प्रकार रहेकोछ ।

अध्याय एक - शोध परिचय

अध्याय दुई - पूर्वकार्यको समीक्षा

अध्याय तीन - सस्वर पठनको सैधान्तिक अवधारणा र यसका आधारहरु

अध्याय चार - व्याख्या तथा विश्लेषण

अध्याय पाँच - सस्वर पठनमा देखिएका प्रमुख समस्याहरु

अध्याय छ - निष्कर्ष र सुझावहरु

सन्दर्भ सूची

परिशिष्ट

## अध्याय दुई

## पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

### २.१ पूर्वकार्यको समीक्षा

भूतकालको जगमा वर्तमान अडिएको हुने भएकोले कुनै पनि अनुसन्धानात्मक कार्य गर्नुभन्दा पहिले त्यस विषयसंग सम्बन्धीत के कति अनुसन्धानहरु भएका छन् ? त्यसको आधारबाट नै वर्तमान अनुसन्धानलाई सही मार्गमा हिडाएर तथ्यगत नतिजा निकाल्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग गरेको हुन्छ । पूर्वकार्यको समीक्षा गर्दा एउटै विषय शीर्षक दोहोरिने सम्भावना पनि हुदैन ।

प्रस्तुत कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा आधारित भएर सस्वर पठन क्षमताको अध्ययन शीर्षकमा सम्बन्धित रही अहिले सम्म पूर्ण अनुसन्धान नभेटिएको हुनाले यो शीर्षक आफैमा नौलो र नयां किसिमको रहोको छ । सस्वर पठन सम्बन्धी पूर्व अध्ययनहरु खास गरी नेपाली भाषा शिक्षणका क्षेत्रमा निकै सीमित मात्रामा भएका छन् । त्यसमा पनि बुढीगङ्गा गाउंपालिका जस्तो आदिवासी, जनजाति, मधेशी, पिछडा वर्ग, दलित साथै मातृभाषा नेपाली नभएका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सस्वर पठन क्षमताको अध्ययन खासै मात्रामा हुन सकेको छैन । यो अध्ययनसंग सम्बन्धित अन्य अध्ययन अनुसन्धानहरुलाई समेत पूर्वकार्यको समिक्षाको रुपमा प्रस्तुत गरिएको छ ।

अधिकारी (२०५०) åfरा लिखित नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरुको चर्चा गर्ने क्रममा सस्वर पठन शीर्षक अध्यायमा सस्वर पठनको परिचय, आवश्यकता र महत्वका वारेमा चर्चा गरिएको छ । यसमा सस्वर पठनको स्तर, सस्वर पठनको लागि आवश्यक पर्ने गति, यति, आधात, स्वर प्रसारण तथा सस्वर पठनको परिचय परिभाषा र आधारभूत कुराहरुको वारेमा उल्लेख गरिएको छ । यसै पुस्तकका आधारमा नयां सामग्री कङ्कलन तथा विश्लेषण गरिएको छ । यस पुस्तकले सस्वर पठनलाई भाषा शिक्षणको अभिन्न अंगको रुपमा स्थापित गरेको छ, तसर्थ सस्वर पठन गर्ने क्रममा गति, यति, लय मिलाइ पठन गर्नका लागि प्रशस्त मात्रामा जानकारी समावेश गरिएको छ ।

ढुङ्गेल र दाहाल (२०५७) को सहलेखनमा तयार पारिएको 'परिचयात्मक नेपाली भाषा शिक्षण' नामक पुस्तकमा भाषा शिक्षणका भिविन्न पक्षहरुको चर्चा गर्ने क्रममा सस्वर पढाइ शिक्षण नामक अध्यायमा सस्वर पठनको उपयोगिता, आवश्यकता, सस्वर पढाइमा ध्यान दिनुपर्ने कुराहरु तथा कृयाकलापहरुका वारेमा विस्तृत रुपमा चर्चा गरिएको छ । यसमा सस्वर पठन गर्दा गति, यति मिलाउनु, चिन्हहरुको ख्याल गर्नु, हाउभाउ, सुर, लय, आधात र भाव अनुसारको पठनमा ध्यान दिनु पर्ने कुराहरुलाई उल्लेख गरिएको छ । त्यस्तै

सस्वर पढाइ प्राथमिक तह देखिनै आवश्यक रहेको कुरा पनि उल्लेख गरिएकोले यस अध्ययनको सामग्री सङ्कलन तथा व्याख्या र विश्लेषणका लागि यो पुस्तक उपयोगी देखिन्छ ।

शर्मा र पौडेल (२०६०) को सहलेखनमा तयार पारिएको 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरुको चर्चा गर्ने क्रममा वाचनकला शिक्षण नामक शीर्षकमा सस्वर पठनका लागि आवश्यक तत्वहरुको चर्चा गरेका छन् । वाचनको आवश्यकता र महत्वको समेत चर्चा गरिएकाले प्रस्तुत अध्ययनका लागि यो पुस्तक अत्यन्त उपयोगी देखिन्छ ।

ढकाल (२०६६) åfरा लिखित 'नेपाली भाषा शिक्षण परिचय र प्रयोग' नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरुको चर्चा गरिएको छ । यस पुस्तकले सस्वर पठनलाई भाषा शिक्षणको अभिन्न अङ्गका रुपमा स्थापित गरेको हुँदा प्रस्तुत पुस्तक यस अध्ययनको सामग्री सङ्कलन र व्याख्या विश्लेषणमा उपयोगी देखिन्छ ।

ओझ (२०७३) åfरा लेखिएको 'माध्यमिक शिक्षक दिग्दर्शन नेपाली' नामक पुस्तकमा सस्वर पढाइको आवश्यकता र क्रियाकलापका वारेमा विस्तृत रुपमा चर्चा गरिएको छ । यस अध्यायको सामग्री सङ्कलन तथा व्याख्या विश्लेषणका लागि यो पुस्तक पनि उपयोगी देखिन्छ ।

शोधपत्रका क्षेत्रमा सस्वर पढन क्षमता सम्बन्धी अध्ययन अत्यन्त कम मात्रामा भएको छ तर प्रस्तुत शीर्षकसंग केही सामीप्यता राख्ने र वर्णविन्यास तथा वाक्य गठनका क्षेत्रमा प्रसस्तै अध्ययन भएका छन् ।

गिरी (२०६३) åfरा 'कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको एक अध्ययन' शीर्षकमा लेखिएको शोध कार्यमा निम्न अनुसार समस्या कथन, उद्देश्य, अध्ययन विधि तथा निष्कर्ष निकालिएको छ ।

समस्या कथन

- कक्षा चारमा अध्ययनरत विद्यार्थीको पठन क्षमता कस्तो रहेको छ ।
- जातिगत आधारमा पठन क्षमताको तुलनात्मक अध्ययन कस्तो छ ।
- कक्षा चारका विद्यार्थी पठन कार्यमा किन कमजोर भए ।
- यस समस्याको निराकरणका उपायहरु के कस्ता छन् ।

उद्देश्य

- कक्षा चारका विद्यार्थीहरुको पठन क्षमताको पहिचान गर्नु,
- कक्षा तीन भन्दा के कति मात्रामा पठन क्षमतामा विकास भयो भनी खोज्नु,
- पठन सीपमा कक्षा चारका विद्यार्थी कमजोर बन्नुका कारण खोज्नु,
- कक्षा चारका विद्यार्थीहरुको पठन क्षमता बृद्धि गर्ने उपायहरु पत्ता लगाउनु ।

पठन कार्यमा विद्यार्थीको अभिरुची जगाउने उपायहरु खोज्न यो समस्याको लागि यस शोधमा प्रत्यक्ष सर्वेक्षण विधी अपनाएर पठन सीपको विकास तल्लो कक्षा देखि नै भए मात्र माथिल्लो कक्षामा प्रगति गर्न सक्छन् भन्ने निष्कर्ष निकालिएको छ ।

ज्ञावाली (२०६३) åfरा 'कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकको शोधमा निम्नानुसार समस्या कथन, उद्देश्य, अध्ययन विधी तथा निष्कर्ष निकालिएको छ ।

समस्या कथन

- कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीहरुको पठन क्षमता के कस्तो रहेको छ ।
- जातिगत तथा पारिवारिक भिन्नताले पठन क्षमतामा कस्तो भिन्नता ल्यायो ।
- पठन क्षमता कमजोर हुने कारणहरु के के हुन् ।
- यो समस्याका समाधानका उपायहरु के के रहेका छन् ।

उद्देश्य

- कक्षा दशका विद्यार्थीहरुको पठन क्षमता बारेमा खोज गर्नु,
- पारिवारिक तथा जातिय भिन्नताले बनाएको फरकबाट पठनबोधको कमजोरी अध्ययन गर्नु,
- पठन बोध क्षमताको भिन्नतालाई निराकरण गर्ने उपायहरु खोज्नु ।

यस अध्ययनमा अवलोकन विधीको अवलम्बन गर्दै जातिय आधारमा हुने पठन बोधका भिन्नतालाई निराकरण गर्न निरन्तर अभ्यासमा जोड दिनु पर्ने निष्कर्ष निकालिएको छ ।

सापकोटा (२०६५) åfरा लिखित कक्षा सातको 'हाम्रो नेपाली किताबमा आधारित पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोध अनुसन्धान गरिएको छ । उनले निम्नानुसार समस्या कथन, उद्देश्य, अध्ययन विधि तथा निष्कर्ष निकालेका छन् ।

समस्या कथन

- कक्षा सातमा अध्ययन गर्ने विद्यार्थीहरुको पठन क्षमता कस्तो रहेको छ ।
- पठन बोध क्षमतामा के कस्ता समस्या रहेका छन् ।
- समस्याका कारणहरु के के हुन् ।
- पठन बोध सम्बन्धी समस्या समाधान गर्न के के गर्न सकिन्छ ।

उद्देश्य

- कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको पठन क्षमताको अध्ययन गर्नु,
- पठन क्षमतामा देखिएका समस्याको पहिचान गर्नु,
- पठन क्षमतामा किन समस्याहरु देखिए खोजी गर्नु,
- पठन बोध क्षमता बृद्धि गर्ने उपायहरुको खोजी गर्नु ।

यस शोध अनुसन्धानमा तथ्याङ्क शास्त्रीय विधि अपनाउदै कक्षा सातका विद्यार्थीहरुमा देखिएको पठन बोध समस्या समाधानका लागि विद्यालय, विद्यार्थी तथा अभिभावकहरुले बढी जोड दिई पठन बोध क्षमता बृद्धि गर्न प्रयोगात्मक शिक्षालाई जोड दिनु पर्ने निष्कर्ष निकालिएको छ ।

फुयल (२०६६) åfरा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन शीर्षकमा शोध अनुसन्धान गरिएको छ । यसमा निम्नानुसार समस्या कथन, उद्देश्य, अध्ययन विधि तथा निष्कर्ष निकालिएको छ ।

समस्या कथन

- कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको सस्वर क्षमताको अवस्था कुन स्तरको रहेको छ ।
- सस्वर पठनमा के के समस्या रहेका छन् ।
- समस्याका कारणहरु के के हुन् ।
- समस्या समाधान गर्न के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ।

उद्देश्य

- विद्यार्थीहरुको सस्वर क्षमताको पहिचान गर्नु,
- सस्वर पठनमा रहेका समस्याहरुको खोजि गर्नु,
- समस्यामा रहेका कारणहरु पत्ता लगाउनु,
- सस्वर पठनमा रहेका समस्याहरुको समाधानका उपायहरु पत्ता लगाउनु ।

यस अध्ययनमा प्रत्यक्ष सर्वेक्षण विधि अवलम्बन गर्दै सस्वर पठनमा सुधार गर्न तालिम प्राप्त शिक्षकबाट शिक्षण गर्नु पर्ने, विद्यालयले अतिरिक्त कक्षा सञ्चालन गर्नु पर्ने तथा विद्यार्थीहरुमा श्रव्य-दृश्य सामग्री प्रयोग गर्नु पर्ने निष्कर्ष निकालिएको छ ।

धमला (२०७३) åfरा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन शीर्षकमा लेखिएको शोध अनुसन्धानमा निम्नानुसार समस्या कथन, उद्देश्य, विधिको प्रयोग तथा निष्कर्ष निकालिएको छ ।

समस्या कथन

- कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको सस्वर वठन क्षमता कस्तो रहेको छ ।
- सस्वर पठनमा के कस्ता समस्याहरु रहेका छन् ।
- सस्वर पठनमा जातिगत फरकको स्थिति कस्तो रहेको छ ।
- समस्याका कारणहरु के के हुन् ।
- सस्वर पठन समस्या समाधानका लागि के के गर्न सकिन्छ ।

उद्देश्य

- सस्वर पठन क्षमताको जातिगत आधारमा तुलनात्मक अध्ययन गर्नु,
- सस्वर पठनका समस्याहरु खोज्नु,
- सस्वर पठनमा भएका समस्याहरुको कारण पत्ता लगाउनु,
- समस्या समाधानका लागि विभिन्न उपायहरुको खोजि गर्नु ।

यस शोध अध्ययनमा सर्वेक्षण विधि अवलम्बन गर्दै विद्यार्थीहरुको पठन क्षमतामा सुधार गर्न भाषा शिक्षालाई विशेष महत्व दिनु पर्ने, पढाइ सीपलाई प्राथमिकता दिन शिक्षा क्षोत्रका सबै निकायहरुले जोड दिनु पर्ने निष्कर्ष निकालिएको छ ।

यी प्राप्त भएका स्रोत सामग्रीहरुलाई विश्लेषण गरी मोरङ्ग जिल्लाको बुढीगङ्गा गाउंपालिका जस्तो आदिवासी, जनजाति, मधेशी, दलित पिछडा वर्गको बसोवास रहेको क्षेत्रमा सस्वर पठनमा देखिएका समस्याहरुको पहिचान गर्ने, विद्यार्थीहरुको भाषिक स्तर ठम्याउने, सामुदायिक र संस्थागत विद्यालयमा सस्वर पठनको अन्तरको वास्तविकता पहिचान गर्ने कार्य सतही रुपमा गरिएको छ । यससंग सम्बद्ध विद्यालयका प्र.अ., शिक्षक, अभिभावक तथा विद्यार्थीहरु सवैको सहयोग लिएर अध्ययन कार्य गरिएको छ । यस अध्ययनले नेपाली भाषा शिक्षण अन्तर्गत सस्वर पठन समस्याहरुको सुक्ष्म अध्ययन गरी समस्या समाधानका उपायहरुलाई सुझावको रुपमा पेस गर्दा यस क्षेत्रका शिक्षा क्षेत्रसंग सम्बन्धित सवैलाई कोसेढुङ्गा सावित हुने देखिएको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यन्वयन

पूर्व कार्यले आगामी कार्यको रुपरेखा पनि कोर्ने र आगामी अनुसन्धानको परिधी के कस्तो रहने भन्ने समेत मार्ग निर्धारण हुने गर्दछ । त्यसैले यस अध्ययन अन्तर्गत भएका पूर्व कार्यहरुले पनि यो शोध अनुसन्धानको वेग्लै महत्व रहेको स्पष्ट पार्दछ । यस क्षेत्रमा दोस्रो भाषाको रुपमा रहेको नेपाली भाषा अन्तर्गत नेपाली विषयको पठन कार्य वा सस्वर पठनको अवस्था कमजोर रहेको र यस सम्बन्धी अनुसन्धान कार्य हालसम्मका अनुसन्धानहरुमा नभेटिएको हुदां सस्वर वाचनको अवस्था कस्तो रहेको छ, के कस्ता त्रुटिहरु देखिए र कसरी सुधार गर्न सकिन्छ भन्ने उपायहरु समेतको खोजि कार्यले निश्चय नै यो शोध कार्य यस क्षेत्रका लागि उपयोगी हुनेछ ।

अधिकारी (२०५०) åfरा लिखित 'भाषा शिक्षण' नामक पुस्तकमा सस्वर पठन शीर्षक अध्याय अन्तर्गत सस्वर पठनको परिचय, आवश्यकता र महत्वका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा सस्वर पठनलाई भाषा शिक्षणको अभिन्न अंगका रुपमा स्थापित गरेको छ । यो कार्य भाषा शिक्षण, सिकाइ र सस्वर पठनको लागि उपयोगी छ तर सबै क्षेत्रमा यस कार्यको कार्यन्वयन पक्ष कमजोर देखिन्छ ।

ढुङ्गेल र दाहाल (२०५७) को सहलेखनमा तयार पारिएको 'परिचयात्मक नेपाली भाषा शिक्षण' ले सस्वर पढाइको उपयोगिता, आवश्यक्ता र सस्वर पठनमा ध्यान दिनुपर्ने कुराहरु तथा क्रियाकलापहरु बारेमा चर्चा गरिएको छ । यसमा सस्वर पठन गर्दा गति, यति मिलाउनु, चिन्हको ख्याल, हाउभाउ, सुर, लय, आघात, भाव अनुसारको पठनमा ध्यान दिनुपर्ने उल्लेख गरिएको छ । सस्वर वाचन गर्दा विभिन्न अवस्थाहरुको ख्याल गर्नुपर्ने भन्ने स्पष्ट पारिएको हुनाले हाल यी पक्षहरुलाई सस्वर पठनमा समावेश गरी सो कार्यको कार्यन्वयन पक्ष सन्तोषजनक रहेको पाइन्छ ।

गिरी (२०६५) åfरा 'चार कक्षामा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको एक अध्ययन' शीर्षकमा शोध तयार पारेर तल्लो कक्षामा शुद्ध र स्पष्टसंग अक्षर वाचन गर्न नसके माथिल्लो कक्षामा पुगेपछि पनि सस्वर पठनको अवस्था कमजोर हुने निष्कर्ष निकालिएको छ ।

ज्ञवाली (२०६३) åfरा पठनबोध सम्बन्धी समस्याको पहिचान गरेर ती समस्याको समाधान गर्ने उपायहरु समेत सुझाएका कारण यो अध्ययन पनि उपयोगी देखिन्छ ।

फुएलåfरा पनि कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन शीर्षकमा अध्ययन गरेर प्राथमिक कक्षादेखी नै सस्वर पठनलाई विशेष महत्व दिएर शिक्षण गर्नुपर्ने, भाषा शिक्षकलाई

तालिमको व्यवस्था हुनुपर्ने तथा भाषा अध्ययनमा कमजोर विधार्थीलाई अतिरिक्त कक्षा पढाउनु पर्ने सुझाव दिदै सस्वर पठनको अवस्थालाई सुधार गर्नुपर्ने कुरालाई जोड दिएका छन् ।



यसरी विगतमा विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन सम्बन्धमा भएका खोज तथा अनुसन्धानहरुले सिद्धान्तहरु खोज गरेतापनि व्यवहारमा खासै कार्यन्वयन हुन नसकेको देखिएका हुनाले यो अनुसन्धानबाट देखिएका उपयोगिताहरुको कार्यन्वयन पक्षलाई विशेष जोड दिइन्छ ।

माथिका पूर्वकार्यहरुले यस शोध अनुसन्धानको प्रारुप निर्माण, सामग्री सङ्कलन, वर्गीकरण, व्याख्या र विश्लेषणमा महत्वपूर्ण सहयोग पुऱ्याएका हुनाले ती पूर्वकार्यहरु उपयोगी रहेका छन् ।

## २.३ सैध्दान्तिक/धारनात्मक संरचना

विभिन्न जातजाति, जनजाति, आदिवासी, मधेशी आदि दोस्रो भाषाको रुपमा नेपाली अपनाएकाहरुको लागि नेपाली विषयको सस्वर पठन निश्चय नै अप्ठ्यारो लाग्ने हुन्छ, त्यसैले सस्वर पठन के कस्तो रहेकोछ भन्ने जानकारी प्राप्त गरी वा पठन क्षमताको स्तर हेरेर समस्या बुझी समाधान खोज्नको लागि यस अनुसन्धानको सैध्दान्तिक पक्ष रहेको छ ।

सस्वर पठन क्षमताको अध्ययन गर्दा विगतमा भएका अनुसन्धान तथा विभिन्न विद्धानहरुका सस्वर पठन के हो र त्यसको के उपयोगिता छ भन्ने सन्दर्भलाई पनि आधार बनाइएको छ । सोही अनुसार भाषा सिक्नु भनेको भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ ) मा दक्षता हासिल गर्नु हो । पढाइ भाषाको तेस्रो सीप हो, यो सुनाइ, बोलाइ भन्दा विशिष्ट प्रकारको हुन्छ (ओझा, २०७३: ७१) । लिपीबद्ध भाषामा उतारिएको ज्ञान एवम् सूचनालाई पठकद्धारा आफ्नो मष्तिष्कले सङ्गठित पार्ने सीप पढाइ हो । लिपीबद्ध सामग्रीबाट अर्थ ग्रहण गर्नु अथवा लिपी चिन्हहरुद्धारा व्यक्त भएका कुरालाई पाठकले आफ्ना अनुभव र ज्ञानका आधारमा ग्रहण गर्नु नै पढाइ हो (भट्टराई र सापकोटा, २०७३: १६४) । पढाइलाई आवाज निकालेर र आवाज ननिकाली पढ्ने आधारमा विभाजन गर्न सकिन्छ । आवाज निकालेर पढ्नु सस्वर पठन हो, आवाज ननिकालेर पढ्नु मौन पठन हो (ढुङ्गेल र दाहाल, २०५७: ९९) ।

आवाज निकालेर पढ्नुलाई सस्वर पढन भनिन्छ, यो एक किसिमको सीप वा कला पनि हो । लिपीबद्ध गरिएको विचारलाई वाचनले जिवन्त स्वरुप प्रदान गर्दछ (ढकाल, २०६६: २४०) ।

अर्काले सुन्ने गरी कथ्य भाषाको ढङ्ग र ढाँचा अनुसार आवाज निकालेर पढ्नुलाई सस्वर पठन भनिन्छ (शर्मा र पौडेल, २०६०: १०१) ।

लिखित वा मुद्रित सामग्रीलाई आवाज निकालेर पढ्नुलाई सस्वर पठन भनिन्छ (भट्टराई र सापकोटा, २०७३: १६६) ।

यसरी लेख्य समग्रीहरुलाई बोलिमा परिणत गरेर अभिव्यक्तिगत कृतिमतालाई सहजतापूर्वक कथ्य भाषाको निकट पुर्‍याउनुलाई सस्वर पठनको महत्वपूर्ण प्राप्ति मान्न सकिन्छ । शुद्धसंग नपढ्ने, स्पष्ट उच्चारण



नगरी पढ्ने, विराम चिन्हहरुको ख्याल नगरी पढ्ने, भावानुकुलताको ख्याल नगर्ने, पढ्दा अक्षर उल्टोपाल्टो गरी पढ्ने, भकभकाउने, थर्थराउने, हिच्किचाउने, शव्द वा शब्द समुह दोहोर्‍याई तेहर्‍याई पढ्ने, मूलभाव नबुझ्ी पढ्ने आदि विद्यार्थीहरुमा देखिने कमिकमजोरीहरुको निराकरण गर्न सस्वर पठन महत्वपूर्ण हुन्छ ।

प्रस्तुत विद्धानहरुका विचारहरु समेतको अध्ययनबाट सस्वर पठन भनेको के हो र यसको कस्तो उपयोगिता रहेको छ भन्ने स्पष्ट हुन्छ । यो अनुसन्धानको उद्देश्य तथा विद्धानहरुका विचारहरु समेतबाट समस्या समाधानका उपायहरु खोजिने भएको र विद्धानहरुको विचारको सेरोफेरोमा रहेर शोधकार्य गरिने साथै यिनै आधारमा सस्वर पठन समस्याको समाधान खोजिएको अवस्था नै यसको लागि निर्माण भएको धारणात्मक संरचना हो ।

# अध्याय तीन

## अध्ययन विधि/प्रकृया

### ३.१ अध्ययनको संरचना

अनुसन्धानको विषय, प्रकृति, गहन्ता जस्ता कुराले अध्ययन संरचना फरक हुने भएको हुनाले यो अनुसन्धानमा सर्वेक्षण पद्धतिका आधारमा सम्पन्न गर्ने कोसिस गरिएको छ । त्यही अनुसार मोरङ्ग जिल्ला बुढीगङ्गा गाउँपालिका अन्तर्गत पर्ने पाँच ओटा सामुदायिक र पाँच ओटा संस्थागत विद्यालयमा गएर कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थीहरुको सस्वर वाचनको अवस्थालाई प्रत्यक्ष सर्वेक्षण तथा अवलोकन गरेर सोही आधारमा वाचनकलाको स्तर वर्गीकरण गरी तालिकामा समेत अङ्कित गरी सामग्रीको व्याख्या तथा विश्लेषण गरिएको छ । सोही आधारमा यस अनुसन्धानमा सर्वेक्षण तथा नमूना छनौट विधि अवलम्वन गरेर सोही नमूनाका आधारमा जाजिगत, पारिवारिक फरक अनुसार सामाजिक अवस्थालाई पनि मध्य नजर गर्दै निश्कर्ष निकालिएको छ । यो अनुसन्धान मुलतः सर्वेक्षण तथा अवलोकनमा आधारित भई तथ्यगत रुपमा समस्या खोजेर समाधानका उपायहरु पेस गरिएको छ ।

### ३.२ जनसंख्या र नमूना

जनसंख्या कार्य निश्चित तथ्य, प्रमाण र सामग्रीमा आधारित अध्ययन हो । अनुसन्धान कार्यमा स्रोत सामग्रीको आवश्यक्ता पर्दछ । त्यही अनुसार यस अनुसन्धानमा बुढीगङ्गा गाउँपालिका अन्तर्गतका सामुदायिक पाँच ओटा र संस्थागत विद्यालय पाँच ओटा गरी जम्मा दश ओटा विद्यालयको छनौट गरिएको छ । छनौटमा परेका विद्यालयका विद्यार्थीहरु ब्राम्हण, क्षत्री, आदिवासी, मधेसी, दलित आदि जस्ता विभिन्न जातजातिका पाँच जना छात्र तथा पाँच जना छात्रा गरी जम्मा सय जना विद्यार्थीहरुलाई नमूनाको लागि छनौट गरिएको छ । नमूनाको छनौट गर्दा विद्यार्थीहरुलाई प्रत्यक्ष सस्वर पठन गर्न लगाई सो कार्यको तथ्य प्रमाणको लागि भिडियो रेकर्ड गर्ने, नमूना छनौटमा परेका विद्यालयका प्र.अ.हरुको हस्ताक्षर सङ्कलन गर्ने कार्य गरिएको छ । विद्यार्थीलाई वाचनकलाका आधारमा वर्गीकरण गरेर तालिका अङ्कित गरी सामग्रीको व्याख्या विश्लेषण गर्न निम्न प्रकृया अवलम्बन गरिएको छ ।

- नमूना छनौट

प्रस्तुत शोध अनुसन्धानका लागि मोरङ्ग जिल्ला बुढीगङ्गा गाउँपालिका अन्तर्गत पर्ने सामुदायिक विद्यालय पाँच ओटा र संस्थागत तर्फ पाँच ओटा विद्यालयका दश/दश जना विद्यार्थीहरुलाई नमूनाका रुपमा छनौट गरी निम्न अनुसार तालिकामा राखिएको छ ।

सामुदायिक विद्यालयतर्फ

| क.सं. | विद्यालयको नाम | ठेगाना | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|---|
| १. | नरग्राम माध्यमिक विद्यालय | बुढीगङ्गा-१ | ५ | ५ | १० |
| २. | जनप्रिय माध्यमिक विद्यालय | बुढीगङ्गा-३ | ५ | ५ | १० |
| ३. | कर्मवीर माध्यमिक विद्यालय | बुढीगङ्गा-४ | ५ | ५ | १० |
| ४. | नारायण माध्यमिक विद्यालय | बुढीगङ्गा-५ | ५ | ५ | १० |
| ५. | सरस्वती माध्यमिक विद्यालय | बुढीगङ्गा-६ | ५ | ५ | १० |

संस्थागत विद्यालयतर्फ

| क.सं. | विद्यालयको नाम | ठेगाना | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|---|
| १. | मोरङ्ग पब्लिक स्कूल | बुढीगङ्गा-१ | ५ | ५ | १० |
| २. | युनिक एकेडेमी स्कूल | बुढीगङ्गा-१ | ५ | ५ | १० |
| ३. | जेभियर्स बोडिङ्ग स्कूल | बुढीगङ्गा-२ | ५ | ५ | १० |
| ४. | कोरवान बोडिङ्ग स्कूल | बुढीगङ्गा-३ | ५ | ५ | १० |
| ५. | स्मृति बोडिङ्ग स्कूल | बुढीगङ्गा-३ | ५ | ५ | १० |

सामग्री निर्माण ⁄ छनौट

विद्यार्थीको सस्वर पठन क्षमताको अध्ययन गर्नका निमित्त सस्वर पठन सम्बन्धी विभिन्न आधारहरुका तालिका तयार गरिएको छ । उक्त तालिका भर्नका निमित्त कक्षा ९ को नेपाली पाठ्यपुस्तकबाट कथा, कविता, जिवनी, निबन्ध विधाहरुबाट केही अन्च्छेद छनौट गरी तिनलाई वाचन गर्न लगाईएको छ ।

तथ्याङ्क सङ्कलन

प्रस्तुत शोध अध्ययनको तथ्याङ्क सङ्कलनको लागि नमूना छनौट गरिएका विद्यालयका विद्यार्थीहरुलाई उल्लेख गरिएका विधा अन्तर्गत तोकिएको पाठ र अनुच्छेदलाई सस्वर पठन गर्न लगाइएको छ । विद्यार्थीहरुबाट सस्वर पठन भई प्राप्त नतिजालाई तालिकामा देखाई उत्तम, मध्यम, निम्न स्तरका विद्यार्थीहरुको संख्या प्रतिशतमा समेत देखाइएको छ ।

व्याख्या र विश्लेषण

तयार पारिएको तालिकाका आधारमा विद्यार्थीहरुको सस्वर पठन क्षमताको अवस्था के कस्तो रहेछ भन्ने कुरा वर्णात्मक विधिद्धारा विभिन्न शीर्षक अनुसार छुट्टाछुट्टै व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्ष निकालेर आवश्यक सुझाव समेत प्रस्तुत गरिएको छ ।

## ३.३ नमूना छनौट प्रकृया

कुनै पनि अनुसन्धानमा तथ्य सहितको खोज गरी निष्कर्षमा पुग्नका लागि सामग्री सङ्कलन गरी त्यसको व्याख्या विश्लेषण गरिन्छ, सोही अनुसार यस शोध अनुसन्धानमा सस्वर पठन क्षमताको अध्ययन गर्नका निमित्त पहिले यस किसिमको अनुसन्धान कार्यका लागि छनौट नभएका बुढीगङ्गा गाउँपालिका अन्तर्गतका सामुदायिक पाँच ओटा तथा संस्थागत पाँच ओटा गरी जम्मा दश ओटा विद्यालयहरुलाई नमूनाको रुपमा छनौट गरिएको छ । नमूनाको लागि आदिवासी, जनजाति, मधेशी, दलित, पिछडा वर्ग आदि दोस्रो भाषाको रुपमा नेपाली प्रयोग गर्ने तथा मातृभाषा नेपाली भएका विधार्थीहरु छनौट गरी प्रत्येक बाट पाँच जना छात्र तथा पाँच जना छात्राहरुद्धारा पठन क्षमताको परीक्षण गर्न कार्य गरिएको छ । तथ्याङ्क सङ्कलनका

लागि नमूना छनौट गरिएका विद्यालयहरुबाट दश/दश जना विद्यार्थीहरुलाई तोकिएको पाठ र अनुच्छेद सस्वर पठन गर्न लगाएर प्राप्त नतिजालाई तालिकामा प्रस्तुत गर्ने कार्य गरिएको छ ।



## ३.४ तथ्याङ्क सङ्कलनका साधन

कुनै पनि अनुसन्धान वा शोध कार्यका लागि तथ्यगत रुपमा तथ्याङ्क सङ्कलन गर्नु आवश्यक हुन्छ । त्यसका लागि सामग्री सङ्कलन गर्नको निमित्त विभिन्न स्रोत साधनहरुको प्रयोग गर्न सकिन्छ । त्यही अनुसार अवलोकन गरेर, अन्तर्वार्ता लिएर, प्रश्नावली, परीक्षण प्रश्नको प्रयोग गरेर, घटना अध्ययन गरेर गर्नुका साथै विभिन्न पाठ्यपुस्तक, समाचारहरु, अध्ययन प्रतिवेदनहरु, अनुसन्धान प्रतिवेदनहरु, शोधसारहरु, चिठ्ठीपत्र आदिलाई साधनको रुपमा प्रयोग गर्न सकिन्छ ।

यस शोध अनुसन्धानमा नमूना छनौटमा परेका मोरङ्ग जिल्ला बुढीगङ्गा गाउँपालिका अन्तर्गत पर्ने सामुदायिक पाँच ओटा र संस्थागत पाँच ओटा गरी जम्मा दश ओटा माध्यमिक विद्यालयका कक्षा ९ मा अध्ययन गर्ने छात्र तथा छात्राहरुलाई सस्वर पठन गर्न लगाई उनीहरुले सस्वर पठन गर्न तोकिएका कथा, कविता, निबन्ध, जीवनी, चिठ्ठीहरुको रेकर्ड गरी कुन विद्यार्थीको सस्वर वाचन क्षमता, शब्दगत उच्चारण स्तर, गति, यति, आरोह-अवरोह, आघात हाउभाउ आदिको पठन क्षमता प्रत्यक्ष अवलोकन गरेर रेकर्ड गरिएको छ, साथै विद्यार्थीहरुले उच्चारण गरेका शब्दहरुलाई डायरीमा टिपोट गर्दै कुन जातजातिका विद्यार्थीले कुन शब्दको उच्चारणमा कहां गल्ती गरे भन्ने कुराको समेत टिपोट गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका प्रकृया

शोध अनुसन्धान कार्यका निमित्त तथ्याङ्क सङ्कलन गर्दा विभिन्न विधि तथा प्रकृयाहरु अवलम्बन गर्न सकिन्छ । यस शोध अनुसन्धानमा नमूना छनौटमा परेका विद्यालयहरुमा गएर स्थलगत रुपमा प्रत्यक्ष सर्वोक्षण गरी आवश्यक स्रोत सामग्री सङ्कलनका निमित्त क्षेत्रीय विधिको प्रयोग गरिएको छ । सस्वर पठन क्षमताको अध्ययन सम्बन्धमा विभिन्न विद्धान तथा अनुसन्धानकर्ताले अनुसन्धानको औचित्यता तथा आवश्यकता औल्याएका छन् । शान्तिप्रसाद ढकालले 'नेपाली भाषा शिक्षण परिचय र प्रयोग' नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षको चर्चा गर्ने क्रममा सस्वर पठनको परिचय, महत्व र आवश्यकताका वारेमा चर्चा गर्दै सस्वर पठनलाई भाषा शिक्षणको अभिन्न अङ्गको रुपमा स्थापित गरेको हुनाले यो पुस्तक सामग्री सङ्कलन, व्याख्या विश्लेषणका लागि अति उपयोगी देखिन्छ ।

यस शोध अनुसन्धानमा आदिवासी, जनजाति, मधेशी, दलित तथा विविध जातजातिहरुको बसोवास क्षेत्र भएको हुनाले यसै क्षेत्रका पाँच ओटा सामुदायिक तथा पाँच ओटा संस्थागत विद्यालयका पाँच जना छात्र र पाँच जना छात्रा गरी फरक विद्यालयका फरक फरक विद्यार्थीहरुलाई कथा, कविता, निबन्ध, जीवनी, चिठ्ठी

आदि विधा अन्तर्गत गति, यति, लय, आघात, आरोह-अवरोह, हाउभाउ, चेष्टा मिलाएर सस्वर पठन गर्न लगाई विद्यार्थीहरुको सस्वर पठन क्षमताको मूल्याङ्कन गरिएको छ ।



लिपिबद्ध सामग्रीलाई विधाको मर्म अनुसार आवाज निकालेर विद्यार्थीहरुले पढ्ने क्षमतालाई स्रोताले बुझ्ने गरी पढ्यो वा पढेन भन्ने मूलयाङ्कन गरेर विधार्थीले यदि पढ्न सकेन भने कहाँ के के कमीको कारणले पठ्न गर्न सकेन भन्ने अवलोकन गरी उसका कमीकमजोरीहरु उसले सस्वर पठन गरेको रेकर्ड सुनेर वा हेरेर प्रत्यक्ष अवलोकन गरेर कुन जातिका विद्यार्थीले आफ्नो मातृभाषाको प्रभावले के कति त्रुटि गर्छन् र कुन कुन जातिका विद्यार्थीको सस्वर पठन क्षमता कुन स्तर सम्मको छ भनेर पत्ता लगाई सस्वर पठन क्षमतामा देखिएका कमिकमजोरीहरुलाई हटाउन विभिन्न उपायहरु अवलम्बन गर्नु पर्ने हुन्छ । त्यसैले यस शोध अनुसन्धानमा नमूना छनौटमा परेका विद्यालयका कक्षा ९ मा अध्ययनरत सामुदायिक तथा संस्थागत विद्यालयमा स्थलगत रुपमा गई फरक जातजाती भित्रका दोस्रो भाषाको रुपमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थी र मातृभाषा नेपाली भएका विद्यार्थीहरुलाई सस्वर पठन गर्न लगाएर जातजाती अनुसार सस्वर पठनमा भएका फरक विद्यार्थीका फरक गल्ती कमजोरीहरु समेतको टिपोट तथा रेकर्ड गरी तथ्याङ्क सङ्कलनको यस प्रकृयालाई अवलम्बन गरिएको छ ।

# अध्याय चार

## नतिजा परिणाम र छलफल

### ४.१ नतिजा र परिणाम

लेख्य सामग्रीलाई आवाजमा परिणत गर्नु नै सस्वर पठन हो । सस्वर पठन भन्ने वित्तिकै पढाइको गति, यति, विराम चिन्हको ख्याल, हाउभाउको प्रस्तुतीकरण, विधा अनुसारको भाव अभिव्यक्ति, सुर, लय, आघात र स्पष्ट उच्चारण एवम् बोधगम्य जस्ता कुराहरु समेटिन्छन् । सस्वर पठन गर्दा व्यक्तिले अक्मकाएर पढने, शब्द वा वाक्यलाई दोहोर्‍याउने, थेगोको प्रयोग गर्ने तथा मातृभाषाको प्रभाव देखाउनु हुदैन ।

सस्वर पठन अध्ययनका लागि कक्षा ९ को नेपाली विषयको पाठ्यपुस्तकबाट कथा, कविता, जीवनी, चिठ्ठी, निबन्ध आदि जस्ता विधाहरुबाट आवश्यक अनुच्छेद तथा स्तरीकृत शब्दहरु छनौट गरी तिनीहरुलाई सस्वर पठन गर्न लगाएर अध्ययन विश्लेषण गरिएको छ । माथि उल्लेख गरिएका सस्वर पठनका आधारहरुलाई प्राप्त तथ्यका आधारमा छुट्टाछुट्टै स्तम्भ बनाएर व्याख्या र विश्लेषण गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विभिन्न जातजातिका विद्यार्थीहरुको वाचन स्तर विद्यार्थी संख्या र प्रतिशतमा देखाइएको छ । नमूनाको रुपमा छनौट गरिएको विषयवस्तु परिशिष्ट एक र विद्यालय तथा प्र.अ.का नाम परिशिष्ट दुईमा समावेष्ट गरिएको छ ।

भाषाा शिक्षणमा सस्वर पठन अति महत्वपूर्ण सीप हो । यसबाट सिकाइका समग्र पक्षहरु प्रभावित हुने भएकोले सस्वर पठन सीप सम्बन्धी तथ्यङ्कको सुक्ष्म अध्ययन गरी यथार्थता पत्ता लगाई समस्या सामाधानका उपाय तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

अध्ययन गर्नका लागि नमूना छनौटमा परेका विद्यालयका दश/दश जनाका दरले जम्मा सय जना विद्यार्थीहरुलाई नमूनाका रुपमा छनौट गरी तिनीहरुको सस्वर पठन क्षमताको विविध आधारहरु

चयन गरी अध्ययन विश्लेषण गरिएको छ । जातिगत आधारमा जम्मा १०० जना विद्यार्थीहरु मध्ये ३० जना ब्राम्हण, २५ जना क्षत्री, १५ जना थारु, १२ जना राजबंशी, ६ जना बाँतर, ६ जना यादव, ३ जना



दमाइ र ३ जना कामी रहेका छन् । कुनै विद्यालयमा थारु जातिको बाहुल्यता रहेको छ भने कुनैमा राजबंशीको, कुनैमा बाँतरको भने कुनैमा यादव तथा ब्राम्हण, क्षत्रीको बाहुल्यता रहेको देखिन्छ । सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुको संख्या प्रतिशतका आधारमा तुलना गरिएको छ । सामुदायिक विद्यालय तर्फ १८ जना ब्राम्हण, १३ जना क्षत्री, ६ जना थारु, ३ जना राजबंशी, ३ जना बाँतर, ३ जना यादव, २ जना दमाइ र २ जना कामी गरी जम्मा ५० जना विद्यार्थीहरु रहेका छन् । संस्थागत तर्फ १२ जना ब्राम्हण, १२ जना क्षत्री, ९ जना थारु, ९ जना राजबंशी, ३ जना बाँतर, ३ जना यादव, १ जना दमाइ र १ जना कामी गरी जम्मा ५० जना विद्यार्थीहरुलाई छनौट गरिएका विधाका पाठहरुबाट प्रत्यक्ष सस्वर पठन गर्न लगाई त्यसैको आधारमा संख्या विश्लेषण गरिएको छ ।

## ४.२ छलफल व्याख्या

लिपीबद्ध सामग्रीलाई गति, यति, लय, अवरोह, आघात, हाउभाउ, चेष्टा तथा विधाको मर्म अनुसार आवाज निकालेर पढ्नु सस्वर वाचन हो (ओझा, २०७३: ७९) । सस्वर पढाइमा पाठकले स्पष्ट पढ्ने र स्रोताले बुझ्ने कुरा सम्बन्धित हुन्छन् । सस्वर पढाइ बोलाइको आधार पनि भएको हुनाले शुद्ध, स्पष्ट र हाउभाउपूर्ण बोलाइमा यसको महत्वपूर्ण हात रहन्छ । सिकारुले कुनै पनि लिपी, चिन्हहरुलाई त्यसको मर्म अनुसार हाउभाउपूर्ण तरिकाले श्रोताले बुझ्ने गरी पढ्यो वा पढेन, यदि पढेन भने कहां के के कमीले पढ्न सकेन भन्ने कुरा पत्ता लगाउन सस्वर पठन महत्वपूर्ण हुन्छ । प्रा.वि., नि.मा.वि. र मा.वि.तहमा समेत यसको धेरै महत्व छ । सस्वर पठनलाई भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल (२०५७: १०१) ले

(क) गति, यति मिलाउनु

(ख) चिन्हको विचार गर्नु

(ग) हाउभाउ प्रदर्शन गर्नु

(घ) सुर, लय, आघात मिलाउनु भनेका छन् ।

प्रा. डा. रामनाथ ओझा (२०७३: ७९) का अनुसार

(क) गति, यति मिलाएर पढ्नु

(ख) हाउभाउको पूर्ण प्रदर्शन गर्नु

(ग) सस्वर प्रसारण गरेर भाव अनुसार पढ्नु

(घ) लेख्य चिन्हहरु विचार गरेर पढ्नु

गणेशप्रसाद भट्टराई र शुकदेव सापकोटा (२०७३: १६९) का अनुसार

(क) गति, यति मिलाइ सस्वर वाचन

(ख) भाव अनुसार लय मिलाइ सस्वर वाचन

(ग) हाउभाउ तथा अभिनयात्मक ढंगले वाचन

(घ) चिन्हको ख्याल

(ङ) शुद्ध र स्पष्ट उच्चारण

यसरी विभिन्न विद्धानहरुका मतलाई आधार मान्दै प्रस्तुत शोध अध्ययनमा सस्वर पठन कसरी गराउने भन्ने संन्दर्भमा निम्न बुँदाहरुलाई आधार मानिएको छ।

### ४.२.१ गति, यति, लय मिलाउनु

गति भनेको छिटोछिटो पढ्न सक्ने क्षमता हो । यति भनेको पद, पदावली, उपवाक्य र वाक्यका बीचमा आवश्यक पर्ने विश्राम हो। आवश्यकता अनुसार स्वरको आरोह-अवरोह मिलाउनु लय हो । गति, यति र लय मिलाउनु भनेको आवश्यक ठाउंमा विश्राम गरी स्वरको मात्रा मिलाउदै छिटोछिटो पढ्ने कला हो (ढुङ्गेल र दाहाल, २०५७: १०१)। गति, यति मिलाएर पढ्दा मात्र लिखित सामग्रीलाई न्याय मिल्छ। सस्वर पठन गर्दा विधाको मर्म अनुसार शब्द-शब्दहरुलाई नखजमजिने गरी चिन्हहरुको ख्याल गरेर पढ्नु पर्दछ। यहां तलको अनुच्छेद पढ्न लगाइ सिकारुको गति, यति र लयको अवस्था मूल्याङ्कन गरिएको छ।

वसन्त कोकिल

— लेखनाथ पौड्याल

भरी लता वृक्ष विषे टनाटन
नवीन लाखौं फुल पालुवाकन ।
वसन्त आयो कलकण्ठको अब
सुनिन्छ साह्रै कलकण्ठ गौरव ॥ १ ॥

अगाडि जो दीन बनि लुकीकन
बिताउथ्यो केवल दुःखमा दिन ।
अहो ! उही कोकिल हेर आज यो
प्रमोदले पूर्ण महासुखि भयो ॥ २ ॥

४.२.२ पदयोग र पदवियोग सम्बन्धी अध्ययन

एक भन्दा बढी पदहरु एवम् शब्दलाई जोडेर एउटै डिकामा लेख्नुलाई पदयोग भनिन्छ भने छुट्याएर भिन्न डिकामा लेख्नुलाई पदवियोग भनिन्छ (न्यौपाने र साथीहरु, २०६८: ४७) । सस्वर पठन गर्दा पदयोग र पदवियोगलाई विशेष ख्याल गर्नु पर्दछ । लिखित सामग्रीलाई सस्वर पठन गर्दा पदयोग र पदवियोगको ख्याल नगरेमा उक्त सामग्रीको अर्थ विग्रने तथा अर्थबोध गर्न कठिन पर्दछ । तलको अनुच्छेद पठन गर्न लगाई पदयोग र पदवियोगको अवस्थाको मूल्याङ्कन गरिएको छ ।

दुई मितको कथा

कुरो के रहेछ भने त्यस दिन विहान कर्णकन्त नदीको किनारै किनार उत्तरतिर लागेछ । ऊ जीवनमा कहिल्यै पनि त्यस दिशातिर लागेको थिएन । जाँदा जाँदा अग्ला पहाडहरुको बीचमा ऊ पुगेछ । गडतिरै गडतिर हिड्दा डाँडाहरुको अग्लाई बढ्दै गएछ । ती नागबेली पर्दै गएछन् र मैदानबाट ओझेल परेर उ त्यस्तो डरलाग्दो ठाउँमा पुगेछ, जहाँ अचम्मको शान्ति फैलिएको रहेछ, अब फर्कनुपऱ्यो भनेर कर्णकान्तले सुँढ उचालेर आफ्नो शरीरलाई यसो दक्षिणतिर घुमाउनै आँटेको थियो । उसका कानमा अनौठो कल्याङबल्याङ ठोक्किन आइपुगेछ ।

माथिको अनुच्छेदमा विशेषगरी रेखाङ्कित पदहरुमा विधार्थीहरुले पदयोग र पदवियोग के गरेर सस्वर पठन गरे भन्ने कुरा ख्याल गरिएको छ ।



४.२.३ हाउभाउको प्रदर्शन

सस्वर पठन गर्दा हाउभाउको पनि महत्वपूर्ण स्थान रहन्छ । पाठ्य सामग्रीलाई भावानुकुल, मुखमुद्रा, चेष्टा आदि मिलाएर अभिव्यक्त गर्न कला नै हाउभाउ प्रदर्शन हो (ढुङ्गेल र दाहाल, २०५७: १०१) । व्यक्तिले व्यक्त गरेको कुराको भावानुकुल मुखाकृति तथा हात एवम् शरीर सञ्चालन गऱ्यो भने त्यो स्वभाविक एवम् बोलाइमा प्राकृतिकता देखिन्छ । सिकारुहरुमा सस्वर पठन गर्दा हाउभाउको प्रदर्शन गर्ने क्षमताको मूल्याङ्कन गर्न तलको अनुच्छेद सस्वर पठन गर्न लगाइएको छ ।

मनव बेचविखन विरुद्ध हाम्रो दायित्व

वक्तृत्वकला प्रतियोगिता

आज हामी एक्काइसौ शताब्दिमा छौं । नेपालमा एकसय वर्ष अघि नै दास प्रथा उन्मुलन भएको थियो । संयुक्त राष्ट्संघको स्थापना सघैं संसारबाट  दासप्रथा पूर्णरुपमा उन्मुलन गर्ने घोषना भएको थियो । हामी भने लाचार भएर मानिसलाई मानिसले नै पशुलाई झै विक्रीवितरण गर्ने अमानविय क्रियाकलाप टुलुटुलु हेर्न विवस छौ ।

४.२.४ विधाको ख्याल

सस्वर पठन गर्दा विधाको मर्म अनुसार पढ्नु पर्छ । विधा काव्य वा साहित्यमा प्रचलित खास विषयको विभाग हो (नेपाली शव्दकोष) । पाठ्यवस्तु विभिन्न प्रकृतिका हुन्छन्, करुण, हाँस्य, विभत्स, रौद्र, शान्त भाव उत्पन्न गर्ने हुन्छन् । भाव अनुसार ध्वनि परिवर्तन हुनु पर्दछ (ढुङ्गेल र दाहाल, २०५७: १०२) । कविता, कथा, संवाद आदि पठ्न गर्दा केही न केही फरक गरेर पढ्नु पर्दछ (भट्टराई र सापकोटा, २०७९: १७०) । लिखित सामग्री विधा अनुसार सस्वर पठन भयो भने त्यो पढाइ उपयुक्त हुन्छ । जस्तै कथा भए भावानुकुल, नाटक भए अभिनय तथा कविता भए गति, यति, लय र छन्द आदि विचार गरेर सस्वर पठन गर्नु

पर्दछ । सिकारुले विधाको ख्याल गरे नगरेको मूल्याङ्कन गर्न तलको अनुच्छेदलाई सस्वर पठन गर्न लगाइएको छ ।



यात्रा सुरु गरौं

— दुबसु क्षत्री

समयको एउटा लामो झरीपछि
बल्ल घाम उदाएको छ
विहान भएको छ, अब हामीले हाम्रो यात्रा सुरु गर्नुपर्छ
पानी थामिएको छ, अब हामीले हाम्रो आरोहणको थालनी गर्नुपर्छ
आस्थाको टुकी बाल्नुपर्छ, अब हामीले गीत गुन्जाउनु पर्छ
फक्रेका छन् गुराँसहरु, अत्र हामीले माला उन्नुपर्छ ।

### ४.२.५ आरोह अवरोह

स्वर चढाउने वा उतार्ने क्रिया वा स्थिति आरोह-अवरोह हो (वृहत नेपाली शब्दकोष) । सस्वर पठन गर्दा निकालिने आवाजलाई कति माथि उकाल्ने र कति ओराल्ने भन्ने कुरा आरोह-अवरोह अन्तर्गत पर्दछ । लिखित सामग्रीको मर्म नविगारी विधाको ख्याल गरी आवश्यकता अनुसार स्वरलाई तलमाथि गरेर पढे मात्र सस्वर पठन प्रभावकारी हुन्छ । सिकारुहरुमा आरोह-अवरोह क्षमताको मूल्याङ्कन गर्न निम्न अनुच्छेदलाई सस्वर पठन गर्न लगाइएको छ ।

म को हुँ ?

— सुधा त्रिपाठी

चोर्न पाएँ भनेर मैले जे पायो त्यही चोर्ने हो र ? त्यस भित्रको गाँठी कुरा चाहीँ चोर्छु । जस्तो : बगैचामा जान्छु फूलहरुलाई आखाँ र मनहरुले चोर्छु । 'जीवन क्षणिक छ, त्यस क्षणिकतामा म सन्तुष्ट छैन' भन्दै फूलले मुन्टो हल्लाउदा फूलबाट क्षणिकताको भाव चोर्छु ।

४.२.६ चिन्हको ख्याल

सस्वर पठन गर्दा लेख्य चिन्हहरुलाई पनि ध्यान दिनुपर्छ । भाषालाई जीवन्तता दिन लेख्य प्रकृयामा वाक्यका साथै वाक्यभित्रका पद, पदावलि, उपवाक्य आदिले व्यक्त गर्ने धारणामा अष्पष्टता नहोस् र बोलाइमा



जोड दिएको स्वीकार वा निषेध गरेको स्पष्ट थाहा होस् भन्नका लागि आवश्यकता अनुसार विश्रामका लागि प्रयोग गरिने संकेतलाई चिन्ह वा विराम भनिन्छ । चिन्हको उचित प्रयोगले भाषालाई रसिलो, सहज एवम् सुबोध बनाउछ (न्यौपाने र साथीहरु, २०६८: ४८) । ह्रस्व, दीर्घ, पूर्णविराम, अर्धविराम, प्रश्नवाचक, आश्चार्यबोधक, अल्पविराम आदि जस्ता चिन्हहरु लेखाइको बीच बीचमा आएका हुन्छन् । सस्वर पठन गर्दा यी चिन्हहरुलाई ख्याल गरिएन भने लेख्य सामग्रीले न्याय पाउदैन्, त्यसैले चिन्हहरुको विशेष ख्याल गर्नु पर्दछ । यहाँ सिकारुहरुले चिन्ह ख्याल गर्ने क्षमता मूल्याङ्कन गर्न निम्न अनुच्छेदलाई सस्वर पठन गर्न लगाइएको छ ।
दुई मितको कथा

कथा वाचन

कर्णकान्तले सुँढ लmयाएको लmयायै भन्यो, “म मर्ने भए, यो विशाल जिउ चोक्टा चोक्टा हुने भयो ।”

नेत्रलालले पक्क पर्दै सोध्यो, “कसरी ?”

४.२.७ बोधगम्यता

सस्वर पठनको मुख्य औचित्य भनेको बोध हो पढाइले पढ्दा बुझ्ने क्षमताको विकास गर्न सक्छ । थोरै समयमा धेरै सामग्री ग्रहण गर्ने क्षमताको विकास गर्ने उपाय पनि यही हो । विधागत संरचनाको ज्ञानले शब्द भण्डारमा विकास हुन्छ भने भाषा तत्व (व्याकरणात्मक कुरा) को ज्ञान पनि हुन्छ (ढकाल, २०६६: २५०) । लेख्य सामग्रीले भनेको के हो ? त्यसको भाव के हो ? भन्ने कुरा सस्वर वाचन गर्ने व्यक्ति र श्रोताले बुझ्नु यसको मुख्य उद्देश्य हो । लेखाइलाई पढेर, बुझेर बुझाउन सकिएन भने सस्वर पठनको कुनै औचित्य रहदैन । त्यसैले यहां बोधगम्यता मूल्याङ्कन गर्ने निम्न अनुच्छेद प्रयोग गरिएको छ ।

जैविक खेती

खेतीका दुई तरिका छन्, रासायनिक र जैविक । रासायनिक मल तथा कीटनाशक विषादीको प्रयोग गरेर गरिने खेती रासायनिक खेती हो । परम्परागत जैविक वस्तुमा मात्र निर्भर रहेर गरिने खेती जैविक हो । जीवसंग सम्बन्धित कुरालाई जैविक भनिन्छ । जो जन्मिन्छ, बढ्छ र मर्छ अनि जसलाई बाँच्नका लागि खाना,

पानी र हावा चाहिन्छ त्यो नै जीव हो । विषादीलगायतका हानीकारक तत्वको प्रयोग नगरी गरिने खेती जैविक हो ।

४.२.८ उच्चारण

सस्वर पठन गर्दा ध्यान दिनु पर्ने अत्यन्त महत्वपूर्ण पक्ष उच्चारण हो । विचारको प्रकटीकरण ध्वनि वा ध्वनि समूहको एकल वा समष्टिगत उच्चारणबाट मात्र हुन्छ । यी भाषिक एकाइसँग अर्थ र अभिप्रय पनि सम्वद्ध हुने हुदा वक्ताको अभिप्रायको उचित ढङ्गले सम्प्रेषण गर्ने उच्चारण शुद्ध, स्पष्ट र प्रभावपूर्ण  हुनु जरुरी हुन्छ (ढकाल, २०६६: २२८) ।



नेपाली भाषाका वर्ण, अक्षर, शब्द, पद र पदावलीलाई स्पष्टसँग अभिव्यक्त गर्नु नै उच्चारण हो । उच्चारण भाषाका सबै सीपसँग प्रत्यक्ष सम्बन्धित हुन्छ तापनि यसको मुख्य सम्बन्ध पढाइ सीपसँग रहन्छ ( भट्टराई र सापकोटा, २०७३: १५६) ।

पढ्ने व्यक्तिले शुद्ध उच्चारण गरेन भने लेख्य सामग्रीको संगठन पक्ष नै खजमजिन्छ, अर्थको अनर्थ लाग्छ । त्यसैले सस्वर पठन गर्दा शुद्ध र स्पष्ट उच्चारण गर्नु पर्दछ । यहाँ अनुच्छेदका साथै स्तर अनुसारका विभिन्न वर्ण तथा अक्षर मिलेर बनेका शब्दहरु उच्चारण गर्न लगाएर विधार्थीहरुको उच्चारण क्षमताको मूल्याङ्कन गरिएको छ ।

नेपाली संस्कृति

सबैको कल्याण, समृद्धि, एकता, समता र सेवामा नेपाली संस्कृतिको जग अडेको छ । त्यसैले नेपाली संस्कृति शिष्ट, सभ्य र सुसंस्कृत आचरण तथा परम्परामा आधारित छ । यसमा केही विकृति पक्ष घुसेको देखिन्छ । केही कालसम्म यसलाई छुवाछुत प्रथा र महिला शक्तिलाई उपेक्षा गर्ने प्रवृतिले गाँजेको थियो ।

उच्चारणका लागि प्रयोग गरिएका केही शब्दहरु

लयबद्ध, ध्वनि, छैटी, प्रदर्शक, प्रतिभाशाली, शालिग्राम, पञ्चवुद्ध, वज्रसत्व, प्रज्ञाप्रतिष्ठान, राष्ट्रिय, स्तर, सर्वस्व, मर्स्याङ्दी, शिष्टता, फुर्सद, उत्तीर्ण, गम्भीर, दामासाही, श्रम, सङ्कट, शीतल, उपलब्धी, शस्त्रअस्त्र, बौद्धिक, तल्लीन, वाङ्मय, स्वतन्त्रता, अभीष्ट, चरानुरुङ्गी, समन्वित, सुसम्बन्ध, सहिष्णुता, सार्वजनिक, आशातीत, प्रिज्म, टेलिस्कोप, सन्नाटा, एकीकरण, साम्राज्य, महत्वकाङ्क्षा, हर्षदेव, मर्मज्ञ, जाजल्यमान्, स्पष्टवादी, अश्वत्थामा, स्वर्ण, प्रधानाध्यापक आदि ।

४.२.९ शब्द र वाक्यको पुनरावृत्ति

सस्वर पठन गर्दा पटक पटक एउटै शब्द र वाक्यको पुनरावृत्ति गर्नु हुदैन । यसरी पहिले पढेका शब्द अर्थात वाक्य नै पुन दोहोरिए भने पढ्ने व्यक्ति र श्रोतालाई असहजताको अहसुस हुन्छ । भावबोध गर्न कठिन हुन्छ । त्यसैले सस्वर पठन गर्दा स्पष्ट र शुद्धसँग एक शब्द वा वाक्यको पुनरावृत्ति गर्ने नगर्ने क्षमताको मूल्याङ्कन गर्न कक्षा ९ कै बहिनीलाई चिठ्ठी भन्ने पाठको अनुच्छेद प्रयोग गरिएको छ ।



बहिनीलाई चिठी

प्यारी बहिनी अनुपमा,

शुभाशीर्वाद

म यहाँ सञ्चै छु । त्यहाँ आमा वावु समेत सबैलाई आरामै होस् भन्ने कामना गर्दछु । त्यहाँबाट चिठी नआएको धेरै भयो । परीक्षाको व्यस्तताका कारण मैले पनि चिठी लेख्न भ्याइन अहिले अलि फुर्सद भएर तिम्रो हालखवर पनि बुझौं र आफुले जानेका, बुझेका कुरा तिमीलाई लेख्दै जाउँ भन्ने हेतुले यो पत्र लेख्दैछु ।

वालवालिकाले सञ्चै-सञ्चै, धेरै भयो-धेरै भयो, बुझौं-बुझौं, चिठी-चिठी भनेर शब्द पठन गर्ने क्रममा शब्दलाई नै दोहोर्‍याउने गर्छन् ।

४.२.१० थेगोको प्रयोग

कुरा गर्दा वारम्वार शब्द दोहोर्‍याइने, निरथक शब्द वा वाक्यांश रहनु थेगो हो (वृहत नेपाली शब्दकोष) । सस्वर पठन गर्दा चाहिं, क्यारे, नि, चाइने, चाइन्जो, ब्यारे जस्ता थेगोहरुको प्रयोग गर्नु हुदैन । यस्ता थेगोको प्रयोगले सस्वर पठनमा अस्वभाविकता पैदा गर्छन् । श्रोता पनि अन्योलमा रुमलिन पुग्छन् । सिकारुले सस्वर पठन गर्दा थेगोको प्रयोग गर्छन् भन्ने पत्ता लगाउन निम्न अनुच्छेद प्रयोग गरिएको छ ।

सिंह र स्यालको कथा

भाले सिंह पनि जङ्गलमा घुम्दा घुम्दै थकित भएर घरतिर फर्कदै थियो । उसले बाटामा एउटा स्यालको बच्चो देख्यो । उ खुशी भयो । आहा ! क्या राम्रो स्यालको बच्चो रहेछ । अब चाइने यसैलाई लैजानु पर्‍यो क्यारे ।

४.२.११ मातृभाषाको प्रभाव

मातृभाषालाई पहिलो भाषा वा स्रोतभाषाको रुपमा लिइन्छ । वालकले जुन भाषिक वातावरण सर्वप्रथम प्राप्त गर्दछ त्यही भाषामा उ अभ्यस्त हुन्छ । वालकले आमाबाट प्राप्त गरेको भाषालाई मातृभाषा मान्नु पर्छ (

ढकाल, २०६६: ४६) । मातृभाषा नेपाली नभएका अर्थात दोस्रो भाषाको रुपमा नेपाली प्रयोग गर्नेहरुलाई उच्चारण, वर्णविन्यास, व्याकरण, शब्दार्थ, वाक्य गठन तथा शैली प्रयोगमा त्रुटिहरु देखापर्न सक्छन । मातृभाषाको प्रभाव परेको सस्वर पठन स्तरीय र प्रभावकारी हुदैन । व्याक्तिले एउटा भाषा आर्जन गरिसकेपछि अर्को भाषा सिक्छ भने त्यसलाई दोस्रो भाषा भनिन्छ । यसको सिकाई पहिलो (मातृभाषा) भाषाको तुलनामा कृत्रिम हुन्छ । यसैगरी पहिलो भाषाका ध्वनि, शब्द तथा वाक्यहरुको प्रत्यक्ष प्रभाव पर्दछ (ढुङ्गेल र दाहाल, २०६९: २७) ।

२६

वन्धनबाट मुक्ति

— राजेन्द्र विमल

चोआलाल एकसठ्ठी वर्षमा विधुर भए । पत्नी अनेकौं रोगबाट पीडित थिइन् । दम, उच्चरक्तचाप, मुटुको व्यथा अनेक थरी, बेलैमा राम्ररी उपचार गराएको भए निदान हुन सक्थ्यो । तर उपचार हुन सकेन, इष्टमित्र, शुभेच्छुक, छरछिमेकी, नातेदार सबैले सम्झाए, “यो इश्वरको इच्छा हो ।”

### ४.२.१२ सस्वर पठनमा गति, यति सम्बन्धी अध्ययन

लिखित सामग्रीलाई पढ्दा कहाँ सम्म सरसर्ती पढ्ने र कहाँ रोकिने भन्ने कुरा पढाइको गति, यति अन्तर्गत पर्छन् । तलको तालिकामा सस्वर पठनमा गति, यतिको अवस्था देखाइएको छ । उक्त तालिकाको तथ्याङ्कलाई उत्तम, मध्यम र निम्न गरी ३ स्तरमा राखेर प्रतिशतमा समेत देखाइ व्याख्या विश्लेषण गरिएको छ । नमूना छनौटका जातिगत आधारमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको सस्वर पठनमा गति, यतिको अवस्था पनि उक्त तालिकामा उल्लेख गरिएको छ ।

# तालिका नं. १

## गति यति सम्बन्धी अध्ययन

| | सामुदायिक विद्यालय | | | | | | | | संस्थागत विद्यालय | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स. | जाति | | | | | | | | | | | | | | |
| | | जम्मा विद्यार्थी संख्या | उत्तम विद्यार्थी संख्या | प्रतिशत | मध्यम विद्यार्थी संख्या | प्रतिशत | निम्न विद्यार्थी संख्या | प्रतिशत | जम्मा विद्यार्थी संख्या | उत्तम विद्यार्थी संख्या | प्रतिशत | मध्यम विद्यार्थी संख्या | प्रतिशत | निम्न विद्यार्थी संख्या | प्रतिशत |
| १ | ब्राम्हण | १८ | ९ | ५० | ६ | ३३.३३ | ३ | १६.६६ | १२ | ४ | ३३.३३ | ६ | ५० | २ | १६.६६ |
| २ | क्षत्री | १३ | ६ | ४६.१५ | ४ | ३३.७६ | ३ | २३.०७ | १२ | ३ | २५ | ७ | ५८.३३ | २ | १६.६६ |
| ३ | थारु | ६ | २ | ३३.३३ | २ | ३३.३३ | २ | ३३.३३ | ९ | ३ | ३३.३३ | ३ | ३३.३३ | ३ | ३३.३३ |
| ४ | राजबंशी | ३ | १ | ३३.३३ | १ | ३३.३३ | १ | ३३.३३ | ९ | २ | २२.२२ | ४ | ४४.४४ | ३ | ३३.३३ |
| ५ | बाँतर | ३ | १ | ३३.३३ | १ | ३३.३३ | १ | ३३.३३ | ३ | १ | ३३.३३ | १ | ३३.३३ | १ | ३३.३३ |
| ६ | यादव | ३ | १ | ३३.३३ | १ | ३३.३३ | १ | ३३.३३ | ३ | १ | ३३.३३ | १ | ३३.३३ | १ | ३३.३३ |

४.२.१२ गति, यति सम्बन्धी उत्तम अवस्था

यहाँ सस्वर पठनमा गति, यति सम्बन्धी उत्तम अवस्था भएका विधार्थीहरुको अध्ययन गरिएको छ । माथिको तालिकामा उत्तम आँकडामा परेका सबै जतजातिका विद्यार्थीहरुले दिएको अनुच्छेद जस्ताको तस्तै अर्थात् गति, यति मिलाएर पठन गरे ।

ब्राम्हण जातका कूल ३० जना विद्यार्थीहरु मध्ये १३ जना अर्थात् ४३.३३ प्रतिशत विद्यार्थीको उत्तम अवस्था देखिएको छ । जसमध्ये सामुदायिक तर्फबाट १८ मा ९ जना अर्थात् ५० प्रतिशत र संस्थागत तर्फबाट १२ मा ४ जना अर्थात् ३३.३३ प्रतिशतले सस्वर पठनमा गति, यतिको राम्रो ख्याल गरेको भेटिएको छ ।

उक्त तालिकामा क्षत्री जातका कूल २५ जना मध्ये ९ जना अर्थात् ३६ प्रतिशत विद्यार्थीले पठन गर्दा गति, यतिको राम्रो ख्याल गरेको पाइयो । त्यस मध्ये सामुदायिक तर्फ १३ जनामा ६ जना अर्थात् ४६.१५ प्रतिशत र संस्थागत तर्फ १२ मध्ये ३ जना अर्थात् २५ प्रतिशत विद्यार्थी उत्तम स्तरका देखिएका छन् ।

माथिको तालिकामा थारु जातका कूल १५ जना मध्ये ५ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीको अवस्था सस्व्र वाचनमा उत्तम देखिएको छ । त्यस मध्ये सामुदायिक विद्यालयका ६ जना मध्ये २ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ जना मध्ये ३ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीको सस्वर पठनमा उत्तम अवस्था देखिन्छ ।

तालिकामा राजबंशी जातका कुल १२ जना मध्ये ३ जना अर्थात् २५ प्रतिशत विद्यार्थीको सस्वर पठनमा उत्तम स्तर देखिन्छ । त्यस मध्ये सामुदायिक तर्फ ३ जना मध्ये १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ जना मध्ये २ जना अर्थात् २२.२२ प्रतिशत उत्तम स्तरका देखिन्छन् ।

बाँतर जातका कुल ६ जना मध्ये २ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीको उत्तम अवस्था देखिन्छ । त्यस मध्ये सामुदायिक विद्यालयका ३ जना मध्ये १ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीको सस्वर पठनमा उत्तम अवस्था देखिन्छ । संस्थागत तर्फ पनि ३ जना मध्ये १ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीको उत्तम अवस्था देखिन्छ ।

यादव जातका कूल ६ जना मध्ये २ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीको अवस्था उत्तम देखिएको छ । त्यस मध्ये सामुदायिक विद्यालयका ३ जना मध्ये १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ पनि ३ जना मध्ये १ जना अर्थात् ३३.३३ प्रतिशतको अवस्था उत्तम रहेको पाइएको छ ।



४.२.१२ गति, यति सम्बन्धी मध्यम अवस्था

सस्वर पठन गर्दा गति, यति सम्बन्धी मध्यम किसिमको अवस्था भएका विद्यार्थीहरुको अध्ययन विश्लेषण गरिएको छ । नमूना अनुच्छेदलाई पठन गराउदा गति, यतिमा मध्यम स्तर भएका विद्यार्थीको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ ।

ब्राम्हण जातका कूल ३० जना विद्यार्थी मध्ये १२ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरु सस्वर पठन गर्दा गति, यतिको ख्याल गर्ने सन्दर्भमा मध्यम स्तरका देखिएका छन् । त्यस मध्ये सामुदायिक तर्फ १८ मध्ये ६ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फका १२ जना मध्ये ७ जना अर्थात् ५८.३३ प्रतिशतले सस्वर पठन गर्दाको अवस्था मध्यम किसिमको देखिएको छ ।

तालिका अनुसार क्षत्री जातका कूल २५ जना मध्ये ११ जना अर्थात् ४४ प्रतिशत विद्यार्थीले सस्वर पठनको क्रममा गति, यतिको मध्यम रुपमा मात्र ख्याल गरेको पाइयो । त्यस मध्ये सामुदायिक तर्फ १३ जना मध्ये ४ जना अर्थात् ३३.७३ प्रतिशत र संस्थागत तर्फ १२ जनामा ७ जना अर्थात् ५८.३३ प्रतिशतले सस्वर पठन गर्दा मध्यम रुपमा गति, यतिको ख्याल गरेका छन् ।

तालिका अनुसार थारु जतिका कूल १५ जना मध्ये ५ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीको अवस्था मध्यम किसिमको देखिन्छ । जसमध्ये सामुदायिकका ६ जना मध्ये २ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीको अवस्था मध्यम किसिमको देखिएको छ ।

दुबै किसिमका विद्यालयमा जम्मा १२ जना राजबंशी जातका विद्यार्थीहरु मध्ये ५ जना अर्थात् ४१.६६ प्रतिशत विद्यार्थीको स्तर सस्वर पठन गर्दा गति, यतिको ख्याल गर्ने अवस्था मध्यम किसिमको रहेको छ ।

दुबै विद्यालयका कूल ६ जना बाँतर जातका विद्यार्थी मध्ये २ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीले सस्वर पठन गर्दा गति, यतिको अवस्था मध्यम किसिमको देखिएको छ । जस अनुसार सामुदायिक र संस्थागत

दुबैका ३/३ जनामा १/१ जना अर्थात् ३३ प्रतिशत विद्यार्थीले सस्वर पठन गर्दा मध्यम रुपमा गति, यतिको ख्याल गरेको पाइयो ।

यादव जातका कूल ६ जना विद्यार्थी मध्ये २ जना अर्थात् ३३.३३ प्रतिशतले गति, यति मिलाएर सस्वर पठन गर्ने अवस्था मध्यम किसिमको भेटिएको छ । जसमा सामुदायिक र संस्थागत दुबै विद्यालयका १/१ जना अर्थात् ३३.३३ प्रतिशतले सस्वर पठन गर्दा गति, यतिको अवस्था मध्यम स्तरको पाइएको छ ।



३ जना दमाई जातका विद्यार्थीहरुमा २ जना अर्थात् ६६.७६ प्रतिशतको अवस्था सस्वर पठन गर्दा गति, यतिको ख्याल गरेका सन्दर्भमा मध्यम किसिमको देखिएको छ । जस अन्तर्गत सामुदायिक तर्फ २ जना मध्ये १ जना अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ १/१ अर्थात शत्प्रतिशतको अवस्था मध्यम किसिमको देखिन्छ ।

कामी जातका जम्मा ३ जना विद्यार्थीमा २ जना अर्थात ६६.६७ प्रतिशत विद्यार्थीहरुले सस्वर पठन गर्दा गति, यतिलाई मध्यम रुपमा ध्यान दिएको पाइयो । जस अन्तर्गत सामुदायिक र संस्थागत तर्फ १ मा १ अर्थात् शत्प्रतिशत मध्यम अवस्था रहेको पाइयो ।

४.२.१२ गति, यति सम्बन्धी निम्न अवस्था

सस्वर वाचन गर्दा गति, यति सम्बन्धी ख्याल नगर्ने विद्यार्थीको अध्ययन तालिका अनुसार विश्लेषण गरिएको छ । नमूना अनुच्छेदलाई सस्वर पठन गर्दा यी विद्यार्थीहरुले गति, यतिमा कत्ति पनि ध्यान नदिएको अवस्था छ ।

ब्राम्हण जातका कूल ३० जनामा ५ जना अर्थात् १६.६५ प्रतिशत विद्यार्थीको अवस्था निम्न अर्थात् सस्वर पठन गर्दा गति, यतिलाई ख्याल नगर्ने देखिन्छ । जसमध्ये सामुदायिक तर्फ १८ मा ३ जना अर्थात् १६.६७ प्रतिशतको अवस्था निम्न प्रकारको देखिन्छ । संस्थागत तर्फ कूल १२ मध्ये २ अर्थात १६.६६ प्रतिशत निम्न देखिन्छ ।

क्षत्री जातका २५ मध्ये सस्वर पठन गर्दा गति, यतिलाई निम्न रुपमा ध्यान दिने विधार्थीहरु ५ जना अर्थात् २० प्रतिशत भेटिएका छन् । जसमा सामुदायिक तर्फ १३ मा ३ जना अर्थात २३.०७ र संस्थागत तर्फ १२ मा २ जना अर्थात् १६.६७ प्रतिशतको अवस्था निम्न स्तरको देखिन्छ ।

तलिकामा उल्लिखित जम्मा १५ जना थारु जातिका विद्यार्थी मध्ये ५ जना अर्थात् ३३.३३ प्रतिशतको अवस्था सस्वर वाचन गर्दा गति, यतिलाई कत्तिपनि ख्याल नगरेको पाइयो । जसमा सामुदायिक तर्फ ६ मा २ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मा ३ जना अर्थात् ३३.३३ प्रतिशतको अवस्था निम्न स्तरको देखिन्छ ।

राजबंशी जातिका जम्मा ६ जना मध्ये सस्वर पठनमा गति, यतिलाई ध्यान नदिने विद्यार्थीको संख्या २ जना अर्थात् ३३.३३ प्रतिशत रहेको छ । जसमध्ये सामुदायिक र संस्थागतका ३/३ जनामा १/१ जना अर्थात् ३३.३३ प्रतिशतको अवस्था निम्न स्तरको देखिन्छ ।



बाँतर जातका जम्मा ६ जना मध्ये २ जनाले सस्वर पठनका क्रममा गति, यतिलाई ख्याल नगरेको देखिन्छ । जस अन्तर्गत सामुदायिक र संस्थागतका ३/३ जना मध्ये १/१ जना अर्थात् ३३.३३ प्रतिशतको अवस्था निम्न स्तरको पाइयो ।

दमाई जातका विद्यार्थीहरुमा १ जना अर्थात् ३३.३३ प्रतिशतको अवस्था सस्वर पठन गर्दा गति, यतिमा ध्यान नदिने देखिन्छ । जसमा सामुदायिकका २ जनामा १ जना अर्थात ५० प्रतिशत र संस्थागत विद्यालय यस अध्ययनमा कोही पनि निम्न अवस्थामा भेटिएनन् ।

कामी जातका कूल ३ जनामा १ जना अर्थात् ३३.३३ प्रतिशत र त्यसमा सामुदायिक तर्फ २ मा १ अर्थात् ५० प्रतिशतको सस्वर पठनमा गति, यतिको अवस्था निम्न देखिन्छ भने संस्थागतमा निम्न स्तरका कुनै पनि अध्ययनको क्रममा देखिएका छैनन् ।

### ४.२.१३ पदयोग र पदवियोग सम्बन्धी अध्ययन

सस्वर पठनका क्रममा विधार्थीहरुले पदयोग र पदवियोगको ख्याल गरेको वा नगरेको के कस्तो अवस्था छ, सो को अध्ययन निम्न तालिकाका आधारमा गरिएको छ ।

## तालिका नं. २

## पदयोग र पदवियोग सम्बन्धी अध्ययन

| | | सामुदायिक विद्यालय | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | जाति | | | | | | | | | | |
| | | जम्मा विधार्थी संख्या | ख्याल गरेको | प्रतिशत | ख्याल नगरेको | प्रतिशत | जम्मा विधार्थी संख्या | ख्याल गरेका | प्रतिशत | ख्याल नगरेका | प्रतिशत |
| १ | ब्राम्हण | १८ | १० | ५५.५५ | ८ | ४४.४४ | १२ | ६ | ५० | ६ | ५० |
| २ | क्षत्री | १३ | ७ | ५३.८४ | ६ | ४६.१२ | १२ | ६ | ५० | ६ | ५० |
| ३ | थारु | ६ | २ | ३३.३३ | ४ | ६६.६७ | ९ | ४ | ४४.४४ | ५ | ५५.५५ |
| ४ | राजबंशी | ३ | १ | ३३.३३ | ३ | ६६.६७ | ९ | ४ | ४४.४४ | ५ | ५५.५५ |
| ५ | बाँतर | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ६ | यादव | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ७ | दमाई | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ८ | कामी | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | जम्मा | ५० | २४ | ५९ | २६ | ५१ | ५० | २२ | ३६.५० | २८ | ६३.५० |



### ४.२.१३ पदयोग र पदवियोगको ख्याल गर्ने विद्यार्थी समूह

नमूना छनौटमा परेका विद्यार्थीहरुलाई उल्लेखित अनुच्छेद सस्वर पठन गर्न लगाई उनीहरुले पदयोग र पदवियोगलाई ख्याल गरे नागरेको अध्ययन विश्लेषण गरिएको छ । सस्वर पठन गर्दा पदयोग र पदवियोगलाई ख्याल गरेका विद्यार्थीहरुको निम्न अनुसार विश्लेषण गरिएको छ ।

ब्राम्हण जातका जम्मा ३० जना विद्यार्थीहरु मध्ये १६ जना अर्थात् ५३.३३ प्रतिशतले सस्वर पठन गर्दा पदयोग र पदवियोगको ख्याल गरेका छन् । जस अन्तर्गत सामुदायिक विद्यालयका १८ मा १० जना अर्थात् ५५.५५ प्रतिशत र संस्थागत तर्फ १२ जनामा ६ जना अर्थात् ५० प्रतिशतले सस्वर पठन गर्दा पदयोग र पदवियोगको ख्याल गरेको पाइयो ।

क्षत्री जातका कूल २५ जना मध्ये १३ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीले सस्वर पठन गर्दा पदयोग र पदवियोगको ख्याल गरेका छन् । जसमध्ये सामुदायिक तर्फ १३ मा ७ जना अर्थात् ५३.८५ प्रतिशत तथा संस्थागत तर्फ १२ मा ६ जन अर्थात ५० प्रतिशतले सस्वर पठनमा पदयोग र पदवियोगको ख्याल गरेका छन् ।

थारु जातिका १५ जना मध्ये ६ जना अर्थात् ४६.१५ प्रतिशतले सस्वर पठन गर्दा पदयोग र पदवियोगको ख्याल गरेका छन् । त्यसमध्ये सामुदायिक तर्फ ६ मध्ये २ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मध्ये ४ जना अर्थात् ४४.४४ प्रतिशतले सस्वर पठन गर्दा पदयोग र पदवियोगको ख्याल गरेका छन् ।

राजबंशी जातका कूल ६ जना मध्ये २ जना अर्थात् ३३.३३ प्रतिशतले सस्वर पठन गर्दा पदयोग र पदवियोगमा ख्याल गरेको भेटियो । जसमा सामुदायिक तथा संस्थागत दुबैमा ३/३ मध्ये १/१ जना अर्थात् ३३.३३ प्रतिशतको अवस्था यो किसिमको पाइयो ।

बाँतर जातका कूल ६ जना विद्यार्थीमध्ये २ जना अर्थात् ३३.३३ प्रतिशतले सस्वर पठनका क्रममा पदयोग र पदवियोगको ख्याल गरेको देखिन्छ । जस अन्तर्गत सामुदायिक र संस्थागत दुबैमा ३/३ मा १/१ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीले मात्र पदयोग र पदवियोगको ख्याल गरेको पाइयो ।

यो अध्ययनका क्रममा सामुदायिक तर्फका दमाई र कामी जातका जम्मा २/२ जना मध्ये १/१ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा पदयोग र पदवियोगको ख्याल गरेको पाइयो ।



### ४.२.१३ पदयोग र पदवियोगको ख्याल नगर्ने विद्यार्थी समूह

यहाँ सस्वर पठन गर्दा पदयोग र पदवियोगको ख्याल नगर्ने विद्यार्थीहरुको अध्ययन विश्लेषण गरिएको छ । अध्ययनमा सस्वर पठन गर्दा दिईएको अनुच्छेदलाई आवश्यक ठाउंमा पदयोग र पदवियोगको ख्याल नगरी यी विद्यार्थीहरुले पठन गरेका छन् ।

ब्राम्हन जातका कूल ३० जना विद्यार्थीहरुमा १४ जना अर्थात् ४६.६६ प्रतिशत विद्यार्थीहरुले सस्वर पठनका क्रममा पदयोग र पदवियोगको ख्याल गरेनन् । जसमा सामुदायिक विद्यालयका १८ मा ८ जना अर्थात् ४४.४४ प्रतिशत र संस्थागत तर्फका १२ मा ६ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा पदयोग र पदवियोगको ख्याल नगरी पठन गरेको तथ्य भेटियो ।

क्षत्री जातका कूल २५ मध्ये १२ जना अर्थात् ४८ प्रतिशतले सस्वर पठनका क्रममा पदयोग र पदवियोगमा ख्याल नगरेको तथ्य यस अध्ययनबाट स्पष्ट भएको छ । जसमा सामुदायिक तर्फका १३ मा ६ जना अर्थात् ४६.१२ र संस्थागत तर्फका १२ मा ६ जना अर्थात् ५० प्रतिशतले पदयोग र पदवियोगको ख्याल नगरी सस्वर वाचन गरेका छन् ।

थारु जातका कूल १५ जना विद्यार्थीमध्ये ९ जना अर्थात् ६० प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा पदयोग र पदवियोगको ख्याल नगरेको भेटियो । जसमा सामुदायिक तर्फका ६ जनामा ४ जना अर्थात् ६६.६६ प्रतिशत र संस्थागत तर्फका ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशतले सस्वर पठनका त्रममा पदयोग र पदवियोगको ख्याल नगरी सस्वर पठन गरेका छन् ।

राजबंशी जातका १२ मध्ये ७ जना अर्थात् ५८.३३ प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा पदयोग र पदवियोगको ख्याल नगरेको भेटियो । जसमध्ये सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशतको अवस्था यस्तो देखियो ।

बाँतर जातका कूल ६ जनामा ४ जना अर्थात् ६६.६७ प्रतिशत विद्यार्थीहरुले सस्वर पठन गर्दा पदयोग र पदवियोगको ख्याल नगरेको भेटियो । जसमा सामुदायिक र संस्थागत दुबैका क्रमशः ३/३ जनामा २/२ जना अर्थात् ६६.६७ प्रतिशतको अवस्था पदयोग र पदवियोगको ख्याल नगर्ने भेटियो ।

यादव जातका जम्मा ६ जनामा ४ जना अर्थात् ६६.६७ प्रतिशत विद्यार्थीले सस्वर पठन गर्दा पदयोग र पदवियोगको ख्याल नगरेको भेटिएको छ । जसमा सामुदायिक र संस्थागत दुबैका क्रमशः २/२ अर्थात् ६६.६७ प्रतिशतको अवस्था यस्तो भेटिएको हो ।



दमाई जातका कूल ३ जना विद्यार्थीमा २ जना अर्थात् ६६.६७ प्रतिशतले सस्वर पठनका क्रममा पदयोग र पदवियोगको अवस्थालाई ध्यान नदिएको अवस्था छ । त्यसमा सामुदायिक तर्फ २ जनामा १ जना अर्थात ५० प्रतिशत संस्थागत तर्फ १ मा १ जना अर्थात् शत्प्रतिशतको अवस्था यस्तो रहेको पाइयो ।

कूल ३ जना कामी जातका विद्यार्थीहरुमा २ जना अर्थात् ६६.६७ प्रतिशतले सस्वर पठन गर्दा पदयोग र पदवियोगलाई ख्याल नगरेको पाइयो । जसमा सामुदायिकका २ मा १ जना अर्थात ५० प्रतिशत संस्थागतमा १ मा १ जना अर्थात् शत्प्रतिशतको यस्तो अवस्था रहेको पाइयो ।

### ४.२.१४ सस्वर पठनमा हाउभाउ सम्बन्धी अध्ययन

हाउभाउको अध्ययन अन्तर्गत नमूनाको रुपमा छनौट गरिएका विद्यार्थीहरुको सस्वर पठनको क्रममा हाउभाउको अवस्था र स्थितिको अध्ययन गरिएको छ । जसलाई निम्न तालिकाका आधारमा हाउभाउ प्रदर्शन गरेका र नगरेका छुट्टै शीर्षक राखेर विद्यालयका विभिन्न जातजातिका विद्यार्थीको यस प्रकार तुलना गरिएको छ ।

## तालिका नं. ३

## हाउभाउसम्बन्धी अध्ययन

| | सामुदायिक विद्यालय | | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | जाति | | | | | | | | | | |
| | | जम्मा विधार्थी संख्या | प्रदर्शन गरेको | प्रतिशत | प्रदर्शन नगरेको | प्रतिशत | जम्मा विधार्थी संख्या | प्रदर्शन गरेका | प्रतिशत | प्रदर्शन नगरेका | प्रतिशत |
| १ | ब्राम्हण | १८ | १२ | ६६.६७ | ६ | ३३.३३ | १२ | ६ | ५० | ६ | ५० |
| २ | क्षत्री | १३ | ९ | ६९.२३ | ४ | ३०.७६ | १२ | ५ | ४१.७६ | ७ | ५८.३३ |
| ३ | थारु | ६ | ४ | ६६.६७ | २ | ३०.७६ | ९ | ४ | ४४.४४ | ५ | ५५.५५ |
| ४ | राजबंशी | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ९ | ५ | ५५.५५ | ४ | ४४.४४ |
| ५ | बाँतर | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ६ | यादव | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ७ | दमाई | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | कामी | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ९ | जम्मा | ५० | ३३ | ६२.८२ | १७ | ३७.१८ | ५० | २२ | ३२.२९ | २८ | ६७.७१ |



### ४.२.१४ हाउभाउ प्रदर्शन गरेका विद्यार्थी समूह

यहाँ सस्वर पठन गर्दा आवश्यक हाउभाउ प्रदर्शन गरेका सामुदायिक तथा संस्थागत विद्यालयका सबै जातजातिका विद्यार्थीहरुको वर्णन गरिएको छ । जसले सस्वर पठन गर्नलगाइएका सबै नमूना अनुच्छेदलाई हाउभाउका साथ पठन गरेको पाइयो ।

अध्ययनका क्रममा ब्राम्हण जातिका कूल ३० जनामा १८ जना अर्थात् ६० प्रतिशत विद्यार्थीले सस्वर पठनको क्रममा हाउभाउको राम्रो प्रदर्शन गरेका छन् । जसमा १८ मा १२ अर्थात् ६६.६७ प्रतिशत सामुदायिक तर्फका र १२ मा ६ अर्थात् ५० प्रतिशत संस्थागत विद्यालयका विद्यार्थी रहेका छन् ।

क्षत्री जातका कूल २५ जनामा १४ जना अर्थात् ५६ प्रतिशतले सस्वर पठनका क्रममा हाउभाउको प्रदर्शन गरेका छन् । जसमा सामुदायिक तर्फ १३ मा ९ अर्थात् ६९.२२ प्रतिशत र संस्थागत तर्फ १२ मा ५ अर्थात् ४१.६६ प्रतिशतको अवस्था राम्रो रहेको छ ।

थारु जातका कूल १५ जना मध्ये ८ जना अर्थात् ५९.३३ प्रतिशतले सस्वर पठनका क्रममा आवश्यक हाउभाउको ख्याल गरे । जसमा सामुदायिक तर्फ ६ मा ४ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ९ मा ४ जना अर्थात् ४४.४४ प्रतिशतको यस किसिमको अवस्था रहेको पाईयो ।

राजबंशी जातका कूल १२ मा ७ जना अर्थात् ५८.३३ प्रतिशत विद्यार्थीको सस्वर वाचनमा हाउभाउको राम्रो प्रदर्शन भेटियो । त्यसमध्ये सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा आवश्यक मात्रामा हाउभाउको प्रदर्शन गरे ।

बाँतर जातका कूल ६ जना मध्ये ३ जना अर्थात् ५० प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा आवश्यक हाउभाउ प्रदर्शन गरे । जसमध्ये सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ३ मा १ अर्थात् ३३.३३ प्रतिशतको अवस्था यस प्रकारको पाईयो ।

यादव जातका कूल ६ जनामा ३ जना अर्थात् ५० प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा आवश्यक हाउभाउको प्रदर्शन गरे । जसमा सामुदायिक तर्फका ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशतको अवस्था यस प्रकारको रहेको पाइयो ।

दमाई जातका कूल ३ जना मध्ये १ जना अर्थात् ३३.३३ प्रतिशतले सस्वर पठनका क्रममा आवश्यक मात्रामा हाउभाउको प्रदर्शन गरे । जस मध्ये सामुदायिक तर्फ २ मा १ अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ शत्प्रतिशत विद्यार्थीले हाउभाउ प्रदर्शन गरे ।

कामी जातका कूल ३ जना मध्ये २ जना सामुदायिकका र १ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा आवश्यक हाउभाउ प्रदर्शन गरेको पाइयो । त्यसमा संस्थातग तर्फका विद्यार्थीहरु देखिदैनन् ।



### ४.२.१४ हाउभाउ प्रदर्शन नगरेका विद्यार्थी समूह

यहाँ सस्वर पठन गर्दा आवश्यक हाउभाउ प्रदर्शन नगर्ने सामुदायिक र संस्थागत विद्यालयका विभिन्न जातजातिका विद्यार्थीहरुको वर्णन गरिएको छ । यिनीहरुले सस्वर पठन गर्न लगाउदा सहजताका साथ हाउभाउ देखाएनन्, कृतिमता प्रदर्शन गरे ।

ब्राम्हण जातका कूल ३० जनामा हाउभाउ प्रदर्शन नगर्ने १२ जना रहेका जस मध्ये सामुदायिक तर्फ ६ जना अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ ६ जना अर्थात् ५० प्रतिशत विद्यार्थीले हाउभाउ प्रदर्शन नगरेको पाइयो ।

क्षत्री जातका २५ जना मध्ये ११ जना अर्थात् ४४ प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा हाउभाउको प्रदर्शन नगरेको देखिन्छ । त्यसमा सामुदायिक तर्फ १३ मा ४ जना अर्थात् ३०.७७ प्रतिशत र संस्थागतका १२ मा ७ अर्थात् ५८.३३ प्रतिशतको यस्तो अवस्था देखिएको छ ।

कूल १५ जना थारु विद्यार्थीमध्ये ७ जना अर्थात् ४६.६७ प्रतिशतको अवस्था सस्वर पठनका क्रममा आवश्यक हाउभाउ प्रदर्शन नगर्ने देखिन्छ । जसमा सामुदायिक तर्फ ६ मा २ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागतमा ९ मध्ये ५ जना अर्थात् ५५.५५ प्रतिशतको अवस्था हाउभाउ प्रदर्शन नगर्ने देखियो ।

राजबंशी जातका १२ विद्यार्थीमध्ये ५ जना अर्थात् ४१.६७ प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा आवश्यक हाउभाउ प्रदर्शन गरेनन् । त्यसमा सामुदायिक तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र सामुदायिक तर्फ ९ मा ४ जना अर्थात् ४४.४४ प्रतिशतले हाउभाउ प्रदर्शन गरेनन् ।

कूल ६ जना बाँतर जातका विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा आवश्यक हाउभाउ प्रदर्शन नगरेको देखिन्छ । जसमध्ये सामुदायिक तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशतको अवस्था हाउभाउ प्रदर्शन नगर्ने भेटियो ।

यादव जातका विद्यार्थी र बाँतर जातका विद्यार्थीमा सामुदायिक र संस्थागत विद्यालय तर्फ समान अवस्था पाइयो ।

कूल ३ जना दमाई जातका विद्यार्थीमध्ये २ जना अर्थात् ६६.६६ प्रतिशतको अवस्था सस्वर पठनको क्रममा आवश्यक हाउभाउमा ध्यान नदिने गरेको पाइयो । जसमा सामुदायिक तर्फ २ मा १ अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ १ मा १ जनाको नै अर्थात् शत्प्रतिशतको अवस्था हाउभाउ प्रदर्शन नगर्ने किसिमको पाइयो ।

कामी जातका कूल ३ जना विद्यार्थीमध्ये २ जनाको अवस्था सस्वर पठनका क्रममा आवश्यक हाउभाउ नदेखाउने किसिमको रहेको छ । जसमा सामुदायिकका २ मा १ जना अर्थात् ५० प्रतिशत र संस्थागतमा १ मा १ जना अर्थात् शत्प्रतिशत विद्यार्थी नै हाउभाउ प्रदर्शन नगर्ने भेटियो ।



### ४.२.१५ सस्वर पठनका क्रममा विधाको ख्याल सम्बन्धी अध्ययन

सस्वर पठनका क्रममा हरेक विद्यार्थीले त्यसको मर्म अनुसार पठन गर्नु पर्दछ । पाठको भावलाई सस्वरमा अर्थात् आवाजमा परिवर्तन गर्न सक्नु कुसल पठन हो । यसरी सस्वर पठनका क्रममा विभिन्न विधाको विद्यार्थीले ख्याल गरेको वा नगरेको अध्ययन विश्लेषण गरिएको छ । तलको तालिकाका आधारमा विविध विधाको ख्याल गरेर सस्वर पठन गर्ने विद्यार्थी र विधाको ख्याल नगरी सस्वर पठन गर्ने जातजातिका विद्यार्थीको व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ४

विधाको ख्याल सम्बन्धी अध्ययन

| क्र.स. | जाति | सामुदायिक विद्यालय | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा विधार्थी संख्या | ख्याल गरेको | प्रतिशत | ख्याल नगरेको | प्रतिशत | जम्मा विधार्थी संख्या | ख्याल गरेका | प्रतिशत | ख्याल नगरेका | प्रतिशत |
| १ | ब्राम्हण | १८ | ११ | ६१.११ | ७ | ३८.८८ | १२ | ६ | ५० | ६ | ५० |
| २ | क्षत्री | १३ | ८ | ६१.५३ | ५ | ३८.४६ | १२ | ६ | ५० | ६ | ५० |
| ३ | थारु | ६ | ३ | ५० | ३ | ५० | ९ | ४ | ४४.४४ | ५ | ५५.५५ |
| ४ | राजबंशी | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ९ | ४ | ४४.४४ | ५ | ५५.५५ |
| ५ | बाँतर | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | यादव | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ७ | दमाई | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ८ | कामी | २ | - | - | २ | १०० | १ | - | - | १ | १०० |
| ९ | जम्मा | ५० | २९ | ५२.८३ | २१ | ४७.१७ | ५० | २२ | ३०.९ | २८ | ६९.१ |



### ४.२.१५ विधाको ख्याल गर्ने विद्यार्थीहरुको अध्ययन

सस्वर पठन गर्दा कुन विधाको पठन गरिएको छ भन्ने कुरामा पढ्ने व्यक्ति स्पष्ट हुनुपर्दछ । तलको तालिकाको आधारमा सस्वर पठन गर्दा विधाको ख्याल गर्ने सामुदायिक र संस्थागत विद्यालयका विभिन्न जातजातिका विद्यार्थीको निम्न अनुसार व्याख्या गरिएको छ ।

ब्राम्हण जातका ३० जना मध्ये १६ जना अर्थात् ५३.३३ प्रतिशतले सस्वर पठनका क्रममा विधाको ख्याल गरेका छन् । जसमा सामुदायिक तर्फ १८ मा ११ जना अर्थात् ६१.११ र संस्थागत तर्फ १२ मा ५ जना अर्थात् ४१.६७ प्रतिशतले विधाको ख्याल गरी सस्वर पठन गरेको अवस्था पाइयो ।

क्षत्री जातका २५ जना विद्यार्थीमध्ये १४ जना अर्थात् ५६ प्रतिशतले सस्वर वाचनका क्रममा विधाको ख्याल गरेको पाइयो । त्यसमा सामुदायिक तर्फ १३ मा ८ जना अर्थात् ६१.५३ प्रतिशत र संस्थागत तर्फ १२ मा ६ जना अर्थात् ५० प्रतिशत विद्यार्थीले विधाको ख्याल गरेका छन् ।

थारु जातका कूल १५ जना मध्ये ७ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीहरुले सस्वर पठनका क्रममा विधाको ख्याल गरेका छन् । जसमा सामुदायिक तर्फ ६ मा ३ जना अर्थात् ५० प्रतिशत र संस्थागतका ९ मा ४ जना अर्थात् ४४.४४ प्रतिशतको यस्तो अवस्था देखियो ।

राजबंशी जातका कूल १२ मध्ये ६ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा विधाको ख्याल गरेका छन् । जसमा सामुदायिक तर्फका ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फका ९ मा ४ जना अर्थात् ४४.४४ प्रतिशतले सस्वरपठन गर्दा विधाको ख्याल गरेका छन् ।

बाँतर जातका कूल ६ जना विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा विभिन्न विधाको ख्याल गरेका छन् । त्यसमा सामुदायिकका ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीले विधाको ख्याल गरेका छन् ।

यादव जातका कूल ६ जना विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतले विधाको ख्याल गरेका छन् । जसमा सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६६ प्रतिशत र संस्थागतका ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशतले विधाको ख्याल गरेको पाइयो ।

दमाई जातका ३ जना विद्यार्थीहरुमा १ जनाले विधाको ख्याल गरेको पाइयो । जसमा सामुदायिक तर्फ २ मा १ जना अर्थात् ५० प्रतिशत र संस्थागतमा १ मा १ अर्थात् शत्प्रतिशतले विधाको ख्याल गरेको पाइयो ।

कामी जातका जम्मा ३ जना विद्यार्थीमा सामुदायिक तर्फ २ जनामा २ जनाले अर्थात् शत्प्रतिशतले र संस्थागत तर्फ पनि १ मा १ अर्थात् शत्प्रतिशतले विधाको ख्याल गरेको पाइयो ।



### ४.२.१५ विधाको ख्याल नगर्ने विद्यार्थीको अध्ययन

ब्राम्हण जातका कूल ३० जना विद्यार्थीमध्ये १४ जना अर्थात् ४६.६७ प्रतिशतले सस्वर वाचनका क्रममा विधाको ख्याल नगरेको नतिजा यस अध्ययनबाट प्राप्त भएको छ । जसमा सामुदायिक तर्फका १८ मा ७ जना अर्थात् ३८.८९ प्रतिशत र संस्थागतमा १२ मा ७ जना अर्थात् ५८.३३ प्रतिशतको अवस्था यस किसिमको देखियो ।

क्षत्री जातका कूल २५ जना विद्यार्थीमध्ये ११ जना अर्थात् ४४ प्रतिशतले विधाको ख्याल गरेनन् । जसमा सामुदायिक तर्फ १३ मा ५ जना अर्थात् ३८.४७ प्रतिशत र संस्थागतमा १२ मा ६ जना अर्थात् ५० प्रतिशतले विधाको ख्याल नगरेको अवस्था देखियो ।

कूल १५ जना थारु जतका विद्यार्थीमध्ये ८ जना अर्थात् ५३.३३ प्रतिशतले सस्वर पठनका क्रममा विधाको ख्याल गरेको पाइदैन । जसमा सामुदायिक तर्फका ६ मा ३ जना अर्थात ५० प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशत विद्यार्थीले विधाको ख्याल गरेनन् ।

राजबंशी जातका १२ जना विद्यार्थीमध्ये ६ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा विधाको ख्याल गरेनन् । जसमा सामुदायिक तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मा ४ जना अर्थात् ५५.५५ प्रतिशतको अवस्था विधाको ख्याल नगर्ने देखिन्छ ।

कूल ६ जना बाँतर जातका विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतले विधाको ख्याल गरेको देखिएन । जसमा सामुदायिक तर्फ ३ मा १ अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ३ मा २ अर्थात् ६६.६७ प्रतिशतले विधाको ख्याल गरेनन् ।

यादव जातका ६ जना विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा विधाको ख्याल गरेका छैनन् । जसमा सामुदायिकका ३ मा १ अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत यस किसिमका विद्यार्थीहरु रहेको पाइयो ।

जम्मा ३ जना दमाई जातका विद्यार्थीहरुमा २ जना अर्थात् ६६.६७ प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा विधाको ख्याल नगरेको पाइयो । जसमा सामुदायिक तर्फ २ मा १ जना अर्थात् ५० प्रतिशत र संस्थागतमा १ मा १ अर्थात् शत्प्रतिशत विद्यार्थीको अवस्था विधा ख्याल नगर्ने किसिमको रहेको भेटियो ।

कूल ३ जना कामी जातका विद्यार्थीमध्ये ३ जना नै अर्थात् शत्प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा विधाको ख्याल नगरेको पाइयो ।

४.२.१६ सस्वर पठनमा आरोह-अवरोह सम्बन्धी अध्ययन

सस्वर पठन गर्ने क्रममा विद्यार्थीहरुले कतिसम्म आरोह-अवरोहलाई ध्यान दिन्छन् वा दिदैनन् भन्ने कुराको अध्ययन सामुदायिक र संस्थागत विद्यालयका विभिन्न जातजातिका विद्यार्थीहरुको अध्ययन विश्लेषण तलको तालिकाको आधारमा गरिएको छ ।



तालिका नं. ५

आरोह-अवरोह सम्बन्धी अध्ययन

| | | सामुदायिक विद्यालय | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | जाति | | | | | | | | | | |
| | | जम्मा विधार्थी संख्या | ख्याल गरेको | प्रतिशत | ख्याल नगरेको | प्रतिशत | जम्मा विधार्थी संख्या | ख्याल गरेका | प्रतिशत | ख्याल नगरेका | प्रतिशत |
| १ | ब्राम्हण | १८ | ११ | ६१.११ | ७ | ३८.८९ | १२ | ६ | ५० | ६ | ५० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | क्षत्री | १३ | ७ | ५३.८४ | ६ | ४६.१५ | १२ | ६ | ५० | ६ | ५० |
| ३ | थारु | ६ | ३ | ५० | ३ | ५० | ९ | ४ | ४४.४४ | ५ | ५५.५५ |
| ४ | राजबंशी | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ९ | ४ | ४४.४४ | ५ | ५५.५५ |
| ५ | बाँतर | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ६ | यादव | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ७ | दमाई | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ८ | कामी | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ९ | जम्मा | ५० | २७ | ४९.९१ | २३ | ५०.०९ | ५० | २२ | ३०.९ | २८ | ६८.०६ |



### ४.२.१६ सस्वर पठनमा आरोह-अवरोह ख्याल गर्ने विद्यार्थीहरु

ब्रम्हण जातका कूल ३० जना विद्यार्थीमध्ये १७ जना अर्थात् ५६.६७ प्रतिशतले सस्वर पठनका क्रममा आवश्यक रुपमा आरोह-अवरोहको ख्याल गरी सस्वर पठन गरेका छन् । जसमा सामुदायिक तर्फ १८ मा ११ जना अर्थात् ६१.११ प्रतिशत र संस्थागत तर्फ १२ मा ६ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा आरोह-अवरोहको ख्याल गरेको भटियो ।

क्षत्री जातका कूल २५ जना विद्यार्थीमध्ये १३ जना अर्थात ५२ प्रतिशत विद्यार्थीले आरोह-अवरोहको ख्याल गरेका छन् । जसमा सामुदायिक तर्फ १३ मा ७ जना अर्थात् ५३.८४ प्रतिशत र संस्थागत तर्फ १२ मा ६ जना अर्थात् ५० प्रतिशतले आरोह-अवरोहको ख्याल गरेको भेटियो ।

कूल १५ जना थारु जतका विद्यार्थीमध्ये ७ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा आरोह-अवरोहको ख्याल गरेका छन् । जसमा सामुदायिक तर्फका ६ मा ३ जना अर्थात् ५० प्रतिशत र संस्थागत तर्फका ९ मा ४ जना अर्थात् ४४.४४ प्रतिशतको अवस्था यस किसिमको रहेको छ ।

१२ जना राजबंशी जातका विद्यार्थीहरुमध्ये ६ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा आरोह-अवरोहको ख्याल गरेका छन् । जसमध्ये सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ९ मा ४ अर्थात् ४४.४४ प्रतिशतले सस्वर पठन गर्दा आरोह-अवरोहको ख्याल गरेका छन् ।

बाँतर जातका ६ जना विद्यार्थीमध्ये २ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीले आरोह-अवरोहको ख्याल गरेका छन् ।

यादव जातका ६ जना विद्यार्थीमध्ये २ जनाले सस्वर पठनका क्रममा आरोह-अवरोहको ख्याल गरेका छन् । जसमा सामुदायिक र संस्थागतका ३/३ जनामा १/१ जना अर्थात् ३३.३३ प्रतिशतको यस्तो अवस्था देखिन्छ ।

दमाई जातका ३ जना विद्यार्थीमध्ये संस्थागतमा यस स्तरका विधार्थी भेटिएनन् भने सामुदायिक तर्फ २ मा १ जना अर्थात् ५० प्रतिशतले आरोह-अवरोहको ख्याल गरेका छन् ।

कामी जातका ३ जना विद्यार्थीमध्ये सामुदायिक तर्फ २ मा १ जना अर्थात् ५० प्रतिशत विद्यार्थी रहेका छन् भने संस्थागत तर्फ यस स्तरका विद्यार्थी भेटिएनन् ।

### ४.२.१६ आरोह-अवरोह ख्याल नगर्ने विद्यार्थीको अध्ययन

यहाँ सस्वर पठन गर्दा आरोह-अवरोहको ख्याल नगरी जथाभावी पढ्ने विद्यार्थीको अध्ययन गरिएको छ ।



अध्ययनमा ब्राम्हण जातका कूल ३० जना विद्यार्थीमध्ये १३ जना अर्थात् ४३.३३ प्रतिशतले सस्वर पठनका क्रममा आरोह-अवरोहलाई ख्याल गरेका छैनन् । जसमा सामुदायिक तर्फ १८ मा ७ जन अर्थात् ३८.८७ प्रतिशत र संस्थागतमा १२ मा ६ जना अर्थात् ५० प्रतिशत विद्यार्थीले ख्याल नगरेको भेटियो ।

क्षत्री जातका कूल २५ जना विद्यार्थीमध्ये १२ जना अर्थात् ४८ प्रतिशतले सस्वर पठनका क्रममा आरोह-अवरोहलाई ख्याल गरेनन् । जसमा सामुदायिक तर्फ १३ मा ६ जना अर्थात् ४६.१५ प्रतिशत र संस्थागत तर्फ १२ मध्ये ६ जना अर्थात् ५० प्रतिशतको अवस्था ख्याल नगर्ने देखियो ।

जम्मा १५ जना थारु जतका विद्यार्थीमध्ये ८ जना अर्थात् ५३.३३ प्रतिशतले आरोह-अवरोहको ख्याल गरेको देखिदैन । जसमा सामुदायिक तर्फ ६ मा ३ जना अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशत यस प्रकारका विद्यार्थी भेटिए ।

राजबंशी जातका कूल १२ जना विद्यार्थीमध्ये ६ जना अर्थात् ५० प्रतिशतले आवश्यक आरोह-अवरोहमा ध्यान नदिएको पाइयो । जसमा सामुदायिक तर्फका ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशतको यस्तो अवस्था भेटियो ।

कूल ६ जना बाँतर जातका विद्यार्थीमध्ये ४ जना अर्थात् ६६.६७ प्रतिशतले आरोह-अवरोहको ख्याल नगरेको देखियो । जसमा सामुदायिक र संस्थागत तर्फबाट ३/३ जनामा २/२ जना अर्थात् ६६.६७ प्रतिशत यस स्तरका विद्यार्थीहरु पाइए ।

कूल ६ जना यादव जातका विद्यार्थीमध्ये ४ जना अर्थात् ६६.६७ प्रतिशतले सस्वर पठनका क्रममा आरोह-अवरोहको ख्याल नगरेको देखिन्छ । जसमा सामुदायिक र संस्थागत दबै तर्फका ३/३ जनामा २/२ जनाको अर्थात् ६६.६७ प्रतिशत यस किसिमको स्तर भेटियो ।

दमाई जातको कुल ३ जना विद्यार्थीमध्ये २ जना अर्थात् ६६.६७ प्रतिशतको अवस्था आरोह-अवरोह ख्याल नगर्ने भेटिएको छ । जसमा सामुदायिक तर्फ २ मा १ अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ १ मा १ जना अर्थात् शत्प्रतिशत अवस्था आरोह-अवरोहमा ध्यान नदिने भेटियो ।

कामी जातका ३ जना विद्यार्थीमध्ये २ जना अर्थात् ६६.६७ प्रतिशतले आरोह-अवरोहमा ध्यान दिएनन् । जसमा सामुदायिक तर्फका २ मा १ जना अर्थात् ५० प्रतिशत र संस्थगतमा १ मा १ अर्थात् शत्प्रतिशत विद्यार्थीले आरोह-अवरोह ख्याल नगरेको पाइयो ।

### ४.२.१७ सस्वर पठन गर्दा चिन्ह सम्बन्धी अध्ययन

सस्वर पठनका क्रममा विभिन्न लेख्य चिन्हहरुको ख्याल गर्नुपर्दछ । तिनीहरुको ख्याल गरे नगरेको अर्थात् ध्यान दिए नदिएको अवस्थाको अध्ययन गरिएको छ साथै चिन्ह ख्याल गरे नगरेको तलको तालिकाबाट स्पष्ट हुन्छ ।



## तालिका नं. ६

## लेख्य चिन्ह सम्बन्धी अध्ययन

| | सामुदायिक विद्यालय | | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | जाति | | | | | | | | | | |
| | | जम्मा विधार्थी संख्या | चिन्ह ध्यान दिएको | प्रतिशत | चिन्ह ध्यान नदिएको | प्रतिशत | जम्मा विधार्थी संख्या | चिन्ह ध्यान दिएको | प्रतिशत | चिन्ह ध्यान नदिएको | प्रतिशत |
| १ | ब्राम्हण | १८ | १३ | ७२.२२ | ५ | २७.७७ | १२ | ८ | ६६.६७ | ४ | ३३.३३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | क्षत्री | १३ | ९ | ६९.२३ | ४ | ३०.७६ | १२ | ९ | ७५ | ३ | २५ |
| ३ | थारु | ६ | ४ | ६६.६७ | २ | ३३.३३ | ९ | ५ | ५५.५५ | ४ | ४४.४८ |
| ४ | राजबंशी | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ९ | ५ | ५५.५५ | ४ | ४४.४४ |
| ५ | बाँतर | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ६ | यादव | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ७ | दमाई | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ८ | कामी | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ९ | जम्मा | ५० | ३४ | ६४.७६ | १६ | ३५.२४ | ५० | २९ | ३९.९३ | २१ | ६०.०७ |



### ४.२.१७ चिन्हमा ध्यान दिएको विद्यार्थी समूह

यहाँ सस्वर पठन गर्दा विभिन्न लेख्य चिन्हहरुलाई ख्याल गर्ने अर्थात् ध्यान दिने विद्यार्थीहरुको अध्ययन विश्लेषण गरिएको छ ।

ब्राम्हण जातका कूल ३० जना विद्यार्थीमध्ये २१ अर्थात् ७० प्रतिशत विद्यार्थीहरुले सस्वर पठनका क्रममा विभिन्न लेख्य चिन्हहरुको ख्याल गरेको अवस्था छ । जसमा सामुदायिक तर्फ १८ मा १३ जना अर्थात् ७२.२२ प्रतिशत र संस्थागत तर्फ १२ जनामा ८ जना अर्थात् ६६.६७ प्रतिशतले चिन्हमा ध्यान दिएका भेटियो

कूल २५ जना क्षत्री जातका विद्यार्थीमध्ये १८ जना अर्थात् ७२ प्रतिशतले सस्वर पठन गर्दा लेख्य चिन्हको ख्याल गरेको पाइयो । जसमध्ये सामुदायिक तर्फ १३ मा ९ जना अर्थात् ६९.२३ प्रतिशत र संस्थागत तर्फ १२ मा ९ जना अर्थात् ७५ प्रतिशतको अवस्था लेख्य चिन्ह ख्याल गर्ने भेटियो ।

१५ जना थारु जतका विद्यार्थीमध्ये ९ जना अर्थात् ६० प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा विभिन्न लेख्य चिन्हको ख्याल गरे । जसमध्ये सामुदायिक तर्फ ६ मा ४ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशतको यस किसिमको अवस्था देखियो ।

राजबंशी जातका १२ जना विद्यार्थीमध्ये ७ जना अर्थात् ५८.३३ प्रतिशत विद्यार्थीले चिन्हको ख्याल गरे जसमा सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशतको अवस्था चिन्ह ख्याल गर्ने देखियो ।

बाँतर जातको ६ जना विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा लेख्य चिन्हहरुको ख्याल गरेको देखियो । जसमा सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशतको अवस्था लेख्य चिन्ह ख्याल गर्ने पाइयो ।

यादव जातका ६ जना विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतले विभिन्न लेख्य चिन्हहरुको ख्याल गरेको देखिन्छ । जसमध्ये सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीहरुले लेख्य चिन्हको ख्याल गरे ।

२ जना दमाई जातका विद्यार्थीहरुमा १ जनाले लेख्य चिन्हमा ध्यान दिएको पाइयो भने संस्थागत तर्फ १ जनाले पनि चिन्हको ख्याल गरेको पाइएन ।

सामुदायिक तर्फ २ जना कामी जातका विद्यार्थीमध्ये १ जनाले सस्वर पठनका क्रममा चिन्हको ख्याल गरेको भेटियो भने संस्थागतमा कसैले पनि चिन्हको ख्याल गरेको पाइएन ।

### ४.२.१७ चिन्हमा ध्यान नदिएका विद्यार्थी समूह

यहाँ सस्वर पठन गराउदा लेख्य चिन्हहरुमा ध्यान नदिने विभिन्न जातजातिका विद्यार्थीहरुको अध्ययन विश्लेषण गरिएको छ ।



ब्राम्हण जातका कूल ३० जना विद्यार्थीमध्ये ९ जना अर्थात् ३० प्रतिशत विद्यार्थीले लेख्य चिन्हहरुमा ध्यान दिएनन् । जसमध्ये सामुदायिक तर्फ १८ मा ५ जना अर्थात् २७.८८ प्रतिशत र संस्थागत तर्फ १२ मा ४ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीले चिन्हमा ध्यान दिएनन् ।

क्षत्री जातका २५ जना विद्यार्थीमध्ये ७ जना अर्थात् २८ प्रतिशतले लेख्य चिन्हहरुलाई ध्यान दिएनन् । जसमध्ये सामुदायिक तर्फ १३ मा ४ जना अर्थात् ३०.७७ प्रतिशत र संस्थागत तर्फ १२ मा ४ जना अर्थात् ३३.३३ प्रतिशतले चिन्हमा ध्यान दिएनन् ।

थारु जतका १५ जना विद्यार्थीमध्ये ६ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरुले विभिन्न लेख्य चिन्हमा ध्यान नदिएको अवस्था भेटियो । जसम्ध्ये सामुदायिक तर्फ ६ मा २ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मा ४ जना अर्थात् ४४.४४ प्रतिशतको यस किसिमको अवस्था देखियो ।

राजबंशी जातका १२ जना विद्यार्थीमध्ये ५ जना अर्थात् ४१.६७ प्रतिशत विद्यार्थीहरुले विभिन्न लेख्य चिन्हहरुमा ध्यान नदिएको भेटियो । जसमध्ये सामुदायिक तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मा ४ जना अर्थात् ४४.४४ प्रतिशत यस किसिमका विद्यार्थीहरु रहेको पाइयो ।

यस अध्ययनमा भएका ६ जना बाँतर जातका विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतले विभिन्न लेख्य चिन्हहरुको ख्याल नगरेको पाइयो । जसमध्ये सामुदायिक तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशतको अवस्था चिन्हको ख्याल नगर्ने देखियो ।

कूल ६ जना यादव जातका विद्यार्थीहरुमा ३ जना अर्थात् ५० प्रतिशतले चिन्हको ख्याल गरेनन् । जसमा सामुदायिक तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशतको यस किसिमको अवस्था देखियो ।

कूल ३ जना दमाई जातका विद्यार्थीमध्ये २ जनाले लेख्य चिन्हमा ध्यान दिइनन् । जसमा सामुदायिक तर्फ २ मा १ जना अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ शत्प्रतिशत विद्यार्थीले चिन्हमा ध्यान दिएनन् ।

कामी जातका ३ जना विद्यार्थीमध्ये सामुदायिकमा २ जना मध्ये १ जना अर्थात् ५० प्रतिशतले लेख्य चिन्हमा ध्यान दिएनन् भने संस्थागतमा शत्प्रतिशतले नै लेख्य चिन्हमा ध्यान नदिएको अवस्था पाइयो ।

### ४.२.१८ सस्वर पठनका क्रममा उच्चारण सम्बन्धी अध्ययन

उच्चारण भनेको लेखिएको सामग्रीलाई आवाजमा परिणत गर्नु हो । यसरी आवाज निकाल्दा लेख्य सामग्रीको मर्म बुझेर जस्ताको तस्तै उच्चारण गर्नुपर्दछ । कक्षा ९ पुगेका विधार्थीमा उच्चरण समस्या नहुनु पर्ने भएपनि दास्रो भाषाको रुपमा नेपाली भएका विधार्थीका लागि कठिनाइ हुने गरेको छ । उनीहरुले खुट्टा काटिएका, खुट्टा तानेका, संयुक्त अक्षर, सर्ग, विसर्ग लागेका अक्षर तथा शब्दहरुलाई शुद्ध उच्चारण गर्न समस्या हुन्छ । त्यसैले यहाँ कक्षा ९ मा अध्ययनरत विभिन्न जातजातिका विद्यार्थीहरुले स्पष्ट र अस्पष्ट उच्चारण गर्ने अवस्थालाई निम्न तालिकामा व्याख्या र विश्लेषण गरिएको छ ।



तालिका नं. ७

उच्चारण सम्बन्धी अध्ययन

| | सामुदायिक विद्यालय | | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | जाति | | | | | | | | | | |

| | | जम्मा विधार्थी संख्या | स्पष्ट उच्चारण गर्ने | प्रतिशत | अस्पष्ट उच्चार ण गर्ने | प्रतिशत | जम्मा विधार्थी संख्या | स्पष्ट उच्चारण गर्ने | प्रतिशत | अस्पष्ट उच्चारण गर्ने | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्राम्हण | १८ | १० | ५५.५५ | ८ | ४४.४५ | १२ | ६ | ५० | ६ | ५० |
| २ | क्षत्री | १३ | ७ | ५३.८४ | ६ | ४६.१५ | १२ | ६ | ५० | ६ | ५० |
| ३ | थारु | ६ | ३ | ५० | ३ | ५० | ९ | ४ | ४४.४४ | ५ | ५५.५६ |
| ४ | राजबंशी | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ९ | ४ | ४४.४४ | ५ | ५५.५६ |
| ५ | बाँतर | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ६ | यादव | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ७ | दमाई | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ८ | कामी | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ९ | जम्मा | ५० | २६ | ६४.७६ | २४ | ३५.२४ | ५० | २२ | ३१.९४ | २८ | ६८.०६ |



४.२.१८ शुद्ध उच्चारण गर्ने विद्यार्थी समूह

यस शीर्षक अन्तर्गत स्पष्ट रुपमा लिखित सामग्रीलाई उच्चारण गर्ने सामुदायिक र संस्थागत विद्यालयका सबै जातजातिका विद्यार्थीहरुको अध्ययन विश्लेषण गरिएको छ ।

ब्राम्हण जातका ३० जना विद्यार्थीमध्ये १६ जना अर्थात् ५३.३३ प्रतिशतले स्पष्ट उच्चारण गरेर सस्वर पठन गरेको पाइयो । त्यसमा सामुदायिक विद्यालयतर्फ १८ मा १० जना अर्थात् ५५.५५ प्रतिशत र संस्थागत तर्फ १२ मा ६ जना अर्थात् ५० प्रतिशत विद्यार्थीले शुद्ध उच्चारण गरे ।

क्षत्री जातका २५ जना विद्यार्थीमध्ये १३ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीले सस्वर पठन गर्दा स्पष्ट र शुद्ध पढेको तथ्य प्राप्त भायो । जसमध्ये सामुदायिक तर्फ १३ मा ७ जना अर्थात् ५३.८४ प्रतिशत र संस्थागत तर्फ १२ मा ६ जना अर्थात् ५० प्रतिशतको शुद्ध उच्चारण रहेको छ ।

थारु जातका १५ जना विद्यार्थीमध्ये ७ जना अर्थात ४६.६७ प्रतिशतले शुद्ध उच्चारण गरेको देखियो । जसमा सामुदायिक तर्फ ६ मा ३ जना अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ ९ मा ४ जना अर्थात् ४४.४४ प्रतिशतको शुद्ध उच्चारण रहेको छ ।

राजबंशी जातका १२ जना विद्यार्थीमध्ये ६ जना अर्थात् ५० प्रतिशतले शुद्ध उच्चारण गरी पढेका छन् । जसमा सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ९ मा ४ अर्थात् ४४.४४ प्रतिशतको शुद्ध उच्चारण रहेको पाइयो ।

बाँतर जातका ६ जना विद्यार्थीमध्ये २ जना अर्थात् ३३.३३ प्रतिशतले शुद्ध उच्चारण गरी पठन गरेका छन् । जसमध्ये सामुदायिक र संस्थागत दुबैमा एउटै अवस्था देखियो ।

सामुदायिक विद्यालयका २ जना दमाई जातका विद्यार्थीमा १ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा शुद्ध उच्चारण गरेका छन् भने संस्थागत विद्यालयमा कत्ति पनि विद्यार्थी यस आँकडामा देखिदैनन् ।

सामुदायिक विद्यालयका २ जना कामी जातका विद्यार्थीहरुमा १ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा शुद्ध उच्चारण गरेका छन् भने संस्थागत विद्यालयका कत्ति पनि विद्यार्थी यस आँकडामा देखिदैनन् ।

### ४.२.१९ अशुद्ध उच्चारण गर्ने विद्यार्थी समूह

यस शीर्षक अन्तर्गत सामुदायिक तथा संस्थागत विद्यालयका नमूना छनौटमा परेका सबै जातजातिका विद्यार्थीहरु जस्ले स्वर पठनका क्रममा शुद्ध उच्चारण गरेनन् तिनीहरुको व्याख्या विश्लेषण गरिएको छ ।



ब्राम्हण जातका ३० जना विद्यार्थीमध्ये १४ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीले सस्वर पठन गर्दा स्पष्ट उच्चारण गर्न सकेको पाइएन । जसमध्ये सामुदायिक तर्फ १८ मा ८ जना अर्थात् ४४.४४ प्रतिशत र संस्थागत तर्फ १२ मा ६ जना अर्थात् ५० प्रतिशतको अस्पष्ट उच्चारण देखियो ।

क्षत्री जातका २५ जना विद्यार्थीमध्ये १२ जना अर्थात् ४८ प्रतिशत विद्यार्थीले शुद्ध उच्चारण गर्न सकेनन् । जसमध्ये सामुदायिक तर्फ १३ मा ६ जना अर्थात् ४६.१५ प्रतिशत र संस्थागत तर्फ १२ मा ६ जना अर्थात् ५० प्रतिशतको अवस्था अस्पष्ट उच्चारण गर्ने देखिन्छ ।

कूल १५ जना थारु जतका विद्यार्थीमध्ये ८ जना अर्थात् ५३.३३ प्रतिशतले सस्वर पठनका क्रममा शुद्ध र स्पष्ट उच्चारण गर्न सकेका छैनन् । जसमा सामुदायिक तर्फ ६ मा ३ जना अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशत विद्यार्थीले अस्पष्ट उच्चारण गरेको पाइयो ।

१२ जना राजबंशी जातका विद्यार्थीमध्ये ६ जना अर्थात् ५० प्रतिशतले शुद्ध उच्चारण गर्न सकेनन् । जसमा सामुदायिक तर्फ ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशतको अस्पष्ट उच्चारण रहेको देखियो ।

बाँतर जातका कूल ६ जना विद्यार्थीमध्ये ४ जना अर्थात् ६६.६७ प्रतिशत विद्यार्थीले शुद्ध उच्चारण गर्न सकेनन् । जसमध्ये सामुदायिक विद्यालय तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत विद्यालयमा पनि ३ मध्ये २ जना अर्थात् ६६.६७ विद्यार्थीको अस्पष्ट उच्चारण रहेको देखियो ।

यादव जातका ६ जना विद्यार्थीमध्ये ४ जना अर्थात् ६६.६७ प्रतिशत विद्यार्थीले शुद्ध उच्चारण गर्न सकेनन् । जसमा सामुदायिक र संस्थागत विद्यालयका क्रमशः ३/३ जनामा २/२ जना अर्थात् ६६.६७ प्रतिशत विद्यार्थीले अस्पष्ट उच्चारण गरे ।

दमाई जातका ३ जना विद्यार्थीमध्ये सामुदायिकका २ मा १ जना अर्थात् ५० प्रतिशत र संस्थागतका १ मा १ जना अर्थात् शत्प्रतिशतले अस्पष्ट उच्चारण गरेको देखियो ।

कामी जातका ३ जना विद्यार्थीहरुमा सामुदायिक विद्यालयका २ मा १ जना अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ शत्प्रतिशत विद्यार्थीले अस्पष्ट उच्चारण गरेको अध्ययनबाट देखियो ।

### ४.२.१९ सस्वर पठनमा शब्द र वाक्यको पुनरावृत्ति सम्बन्धी अध्ययन

सस्वर पठनका क्रममा शब्द र वाक्यको पुनरावृत्ति बाधक मानिन्छ । यसो भयो भने पढाइ असान्दर्भिक अस्पष्ट र दुर्बोध्य बन्दछ । जसले गर्दा पाठक र श्रोतालाई समेत असहजताको महशुस हुन्छ । जसले पठन कमजोर छ भन्ने पनि देखाउछ तर पनि केही विद्यार्थीहरुले यस्तो गल्ती गरेका हुन्छन् । यसको व्याख्या र विश्लेषण तलको तालिका अनुसार गरिएको छ ।



तलिना नं. ८

शब्द र वाक्यको पुनरावृत्ति सम्बन्धी अध्ययन

| | सामुदायिक विद्यालय | | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | जाति | | | | | | | | | | |
| | | जम्मा विधार्थी संख्या | नगर्ने | प्रतिशत | गर्ने | प्रतिशत | जम्मा विधार्थी संख्या | नगर्ने | प्रतिशत | ` गर्ने | प्रतिशत |
| १ | ब्राम्हण | १८ | १२ | ६६.६७ | ६ | ३३.३३ | १२ | ७ | ५८.३३ | ५ | ४१.६७ |
| २ | क्षत्री | १३ | ८ | ६१.५३ | ५ | ३८.४६ | १२ | ७ | ५८.३३ | ५ | ४१.६७ |
| ३ | थारु | ६ | २ | ३३.३३ | ४ | ६६.६८ | ९ | ४ | ४४.४४ | ५ | ५५.५६ |
| ४ | राजबंशी | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ९ | ४ | ४४.४४ | ५ | ५५.५६ |
| ५ | बाँतर | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ६ | यादव | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ७ | दमाई | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ८ | कामी | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ९ | जम्मा | ५० | २७ | ४५.१९ | २३ | ५४.८१ | ५० | २४ | ३४.०२ | २६ | ६५.९८ |



४.२.१९ शब्द र वाक्यको पुनरावृत्ति नगर्ने विद्यार्थी समूह

यहाँ शब्द र वाक्यको पुनरावृत्ति नगरी सस्वर पठन गर्ने विद्यार्थीहरुको अध्ययन विश्लेषण गरिएको छ । तालिकामा शब्द र वाक्यको पुनरावृत्ति नगर्ने विद्यार्थीलाई तालिकामा देखाएर व्याख्या विश्लेषण गरिएको छ ।

ब्राम्हण जातका ३० जना विद्यार्थीमध्ये १९ जना अर्थात् ६३.३३ प्रतिशतले शब्द तथा वाक्यको पुनरावृत्ति नगरेको देखिन्छ । जसमध्ये सामुदायिक तर्फ १८ मा १२ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ १२ मा ७ जना अर्थात् ५८.३३ प्रतिशतले शब्द तथा वाक्यको पुनरावृत्ति गरेनन् ।

क्षत्री जातका २५ जना विद्यार्थीमध्ये १५ जना अर्थात् ६० प्रतिशत विद्यार्थीले शब्द तथा वाक्यमा पुनरावृत्ति गरेनन् । जसमध्ये सामुदायिक तर्फ १३ मा ८ जना अर्थात् ६१.५३ प्रतिशत र संस्थागत तर्फ १२ मा ७ जना अर्थात् ५८.३३ प्रतिशतको यस्तो अवस्था देखियो ।

थारु जातका १५ जना विद्यार्थीमध्ये ६ जना अर्थात् ४० प्रतिशत विद्यार्थीले शब्द तथा वाक्यलाई नदोहोऱ्याई पढ्न सके । जसमध्ये सामुदायिक तर्फ ६ मा २ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मा ४ जना अर्थात् ४४.४४ प्रतिशतको यस्तो अवस्था देखियो ।

राजबंशी जातका १२ जना विद्यार्थीमध्ये ५ जना अर्थात् ४४.४४ प्रतिशत विद्यार्थीले सस्वर पठन गर्दा शब्द तथा वाक्यलाई पुनरावृत्ति गरेनन् । त्यसमध्ये सामुदायिक तर्फ ३ मा १ अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मा ४ अर्थात् ४४.४४ प्रतिशत विद्यार्थीले पुनरावृत्ति गरेनन् ।

बाँतर जातका ६ जना विद्यार्थीमध्ये २ जना अर्थात् ३३.३३ प्रतिशतले शब्द तथा वाक्यलाई पुनरावृत्ति गरेनन् । जसमध्ये सामुदायिक र संस्थागत विद्यालयको एउटै अवस्था छ ।

यादव जातका ६ जना विद्यार्थीमध्ये २ जना अर्थात् ३३.३३ प्रतिशतले शब्द तथा वाक्यलाई पुनरावृत्ति गरेनन् । जसमा सामुदायिक र संस्थागत विद्यालयका ३/३ जनामा १/१ जनाको यस्तो अवस्था देखियो ।

३ जना दमाई जातका विद्यार्थीमध्ये सामुदायिकका २ जनामा १ जनाले मात्र शब्द तथा वाक्यको पुनरावृत्ति गरेनन् ।

सामुदायिक विद्यालयका २ जना कामी जातका विद्यार्थीमध्ये १ जना अर्थात् ५० प्रतिशतले शब्द तथा वाक्यको पुनरावृत्ति गरेका छैन् ।

### ४.२.१९ शब्द तथा वाक्यको पुनरावृत्ति गर्ने विद्यार्थी समूह

यस शीर्षक अन्तर्गत सस्वर पठनका क्रममा अत्यधिक मात्रामा शब्द तथा वाक्यहरुको पुनरावृत्ति गर्ने विद्यार्थीहरुको अध्ययन विश्लेषण गरिएको छ ।



ब्राम्हण जातका ३० जना विद्यार्थीमध्ये ११ जना अर्थात ३६.६७ प्रतिशतले सस्वर पठनका क्रममा अत्यधिक मात्रामा शब्द तथा वाक्यको पुनरावृत्ति गरेका छन् । त्यसमध्ये सामुदायिक तर्फ १८ मा ६ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ १२ मा ५ जना अर्थात् ४१.६७ प्रतिशत रहेको पाइयो ।

क्षत्री जातका २५ जना विद्यार्थीमध्ये १० जना अर्थात् ४० प्रतिशतले सस्वर पठन गर्दा धेरै मात्रामा शब्द तथा वाक्यको पुनरावृत्ति गरे । जसमा सामुदायिक तर्फ १३ मा ५ जना अर्थात् ३८.४६ प्रतिशत र संस्थागत तर्फ १२ मा ५ जना अर्थात् ४१.६७ प्रतिशत रहेको देखियो ।

थारु जातका १५ जना विद्यार्थीमध्ये ९ जना अर्थात् ६० प्रतिशत विद्यार्थीले सस्वर पठन गर्दा शब्द तथा वाक्यको पुनरावृत्ति गरेका छन् । जसमा सामुदायिक तर्फ ६ मा ४ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशतको यस्तो अवस्था देखियो ।

राजबंशी जातका १२ जना विद्यार्थीमध्ये ७ जना अर्थात् ५८.३३ प्रतिशत विद्यार्थीहरुले सस्वर पठनका क्रममा शव्द तथा वाक्यको पुनरावृत्ति गरे । जसमध्ये सामुदायिक तर्फका ३ मा २ जना तथा संस्थागत तर्फ ९ मा ५ जनाको अवस्था यस्तो देखियो ।

बाँतर जातका ६ जना विद्यार्थीमध्ये ४ जना अर्थात् ६६.६७ प्रतिशतले सस्वर पठनका क्रममा शब्द तथा वाक्यको पुनरावृत्ति गरे । जसमध्ये सामुदायिक र संस्थागतका ३/३ जनामा २/२ जना अर्थात् ६६.६७ प्रतिशतको यस किसिमको स्तर देखियो ।

यादव जातका ६ जना विद्यार्थीमध्ये ४ जना अर्थात् ६६.६७ प्रतिशतले शब्द तथा वाक्यको पुनरावृत्ति गरे । जसमा सामुदायिक र संस्थागत विद्यालयमा बरावरको स्थिती देखियो ।

दमाई जातका ३ जना विद्यार्थीमध्ये २ जना अर्थात् ६६.६७ प्रतिशतले सस्वर पठनका क्रममा अत्यधिक मात्रामा शब्द तथा वाक्यको पुनरावृत्ति गरेका छन् । जसमध्ये सामुदायिक तर्फका २ मा १ जना अर्थात् ५० प्रतिशत र संस्थागतका १ मा १ जना अर्थात् शत्प्रतिशत विद्यार्थीले शब्द तथा वाक्यको पुनरावृत्ति गरे ।

कामी जातका ३ जना विद्यार्थीमध्ये २ जना अर्थात् ६६.६७ प्रतिशतले सस्वर पठनका क्रममा शब्द तथा वाक्यको पुनरावृत्ति गरे । त्यसमध्ये सामुदायिकमा २ मा १ जना संस्थागत तर्फ १ मा १ जना अर्थात् शत्प्रतिशतको अवस्था शब्द तथा वाक्यमा पुनरावृत्ति गर्ने देखियो ।

४.२.२० सस्वर पठनमा थेगोको प्रयोग सम्बन्धी अध्ययन

विद्यार्थीहरुलाई सस्वर पठन गर्न लगाउदा उनीहरुले अँ, क्यारे, चाहिँ, चाइने जस्ता थेगोको प्रयोग गरे गरेनन् भनि अध्ययन गरिएको छ । यस अध्ययनमा केहीले मात्र थेगोको प्रयोग गरेका छन्, जसलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।



तालिका नं. ९

थेगो प्रयोग सम्बन्धी अध्ययन

| | सामुदायिक विद्यालय | | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | जाति | | | | | | | | | | |

| | | जम्मा विधार्थी संख्या | थेगो प्रयोग भएको | प्रतिशत | थेगो प्रयोग नभएको | प्रतिशत | जम्मा विधार्थी संख्या | थेगो प्रयोग भएको | प्रतिशत | `थेगो प्रयोग नभएको | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्राम्हण | १८ | ४ | २२.२२ | १४ | ७७.७८ | १२ | ३ | २५ | ९ | ७५ |
| २ | क्षत्री | १३ | ३ | २३.०७ | १० | ७६.९३ | १२ | ३ | २५ | ९ | ७५ |
| ३ | थारु | ६ | २ | ३३.३३ | ४ | ६६.६७ | ९ | २ | २२.२२ | ७ | ७७.७८ |
| ४ | राजबंशी | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ९ | २ | २२.२२ | ७ | ७७.७८ |
| ५ | बाँतर | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ६ | यादव | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ७ | दमाई | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ८ | कामी | २ | १ | ५० | १ | ५० | १ | - | - | १ | १०० |
| ९ | जम्मा | ५० | १४ | ३४.८३ | ३६ | ६७.१७ | ५० | १२ | २०.१३ | ३६ | ७९.८७ |



४.२.२० थेगोको प्रयोग गरेर सस्वर पठन गर्ने विद्यार्थीहरु

थेगोको प्रयोग थोरै विद्यार्थीले मात्र गरेका छन् । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययरत नमूना छनौटका जातजातिहरुका विद्यार्थीले गर्ने गरेको थेगोको प्रयोगलाई निम्न अनुसार तालिकामा राखी व्याख्या विश्लेषण गरिएको छ ।

ब्राम्हण जातका ३० जना विद्यार्थीमध्ये ७ जना अर्थात् २३.३३ प्रतिशतले सस्वर पठनका क्रममा थेगोको प्रयोग गरे । जसमा सामुदायिक तर्फ १८ मा ४ जना अर्थात् २२.२२ प्रतिशत र संस्थागत तर्फ १२ मा ३ जना अर्थात् २५ प्रतिशत विद्यार्थीले थेगोको प्रयोग गरेको देखिन्छ ।

क्षत्री जातका २५ जना विद्यार्थीमध्ये ६ जना अर्थात् २४ प्रतिशतले थेगोको प्रयोग गरेका छन् । जसमा सामुदायिक तर्फ १३ मा ३ जना अर्थात २५ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

थारु जातका १५ जना विद्यार्थीमध्ये ४ जना अर्थात् २६.६७ प्रतिशत विद्यार्थीले थेगोको प्रयोग गरेका छन् । त्यसमध्ये सामुदायिक तर्फ ६ मा २ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मा २ जना अर्थात् २२.२२ प्रतिशत रहेको देखियो ।

राजबंशी जातका १२ जना विद्यार्थीमध्ये ३ जना अर्थात् २५ प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा थेगोको प्रयोग गरे । जसमध्ये सामुदायिक तर्फका ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ९ मा २ जना अर्थात् २२.२२ प्रतिशतले थेगोको प्रयोग गरेका छन् ।

बाँतर जातका ६ जना विद्यार्थीमध्ये २ जना अर्थात् ३३.३३ प्रतिशतले थेगोको प्रयोग गरेका छन् । जसमध्ये सामुदायिक र संस्थागतमा क्रमशः ३/३ मा १/१ जना अर्थात् ३३.३३ प्रतिशत पर्दछन् ।

यादव जातका ६ जना विद्यार्थीमध्ये २ जना अर्थात् ३३.३३ प्रतिशतले सस्वर पठनका क्रममा थेगोको प्रयोग गरेका छन् । जसमध्ये सामुदायिक र संस्थागत तर्फका ३/३ मा १/१ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीले थेगोको प्रयोग गरे ।

जम्मा ३ जना दमाई जातका विद्यार्थीमध्ये सामुदायिक तर्फका २ जनामा १ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा थेगोको प्रयोग गरेका छन् ।

त्यस्तै कामी जातका ३ जना विद्यार्थीहरुमा सामुदायिक तर्फ २ जनामध्ये १ जना अर्थात् ५० प्रतिशतले थेगोको प्रयोग गरी सस्वर पठन गरे ।

### ४.२.२० थेगोको प्रयोग नगरी सस्वर पठन गर्ने विद्यार्थी समूह

सस्वर पठनका क्रममा अधिकांश विद्यार्थीहरुले थेगोको प्रयोग गरेका छनन् यसलाई निम्न अनुसार व्याख्या विश्लेषण गरिएको छ ।



ब्राम्हण जातका ३० जना विद्यार्थीमध्ये २३ जना अर्थात् ७६.६७ प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा थेगोको प्रयोग गरेनन् । जसमा सामुदायिकका १८ मा १४ जना अर्थात् ७७.७८ प्रतिशत र संस्थागत तर्फ १२ मा ९ जना अर्थात् ७५ प्रतिशतले थेगोको प्रयोग नगरी सस्वर पठन गरेका छन् ।

क्षत्री जातका २५ जना विद्यार्थीमध्ये १९ जना अर्थात् ७६ प्रतिशतले थेगोको प्रयोग नगरी सस्वर पठन गरे । जसमध्ये सामुदायिक तर्फ १३ मा १० जना अर्थात् ७६.९२ प्रतिशत र संस्थागत तर्फ १२ मा ९ जना अर्थात् ७५ प्रतिशतले थेगोको प्रयोग गरेनन् ।

थारु जातका १५ जना विद्यार्थीमध्ये ११ जना अर्थात् ७३.३३ प्रतिशत विद्यार्थीले थेगोको प्रयोग नगरी सस्वर पठन गरे । जसमध्ये सामुदायिक तर्फका ६ मा ४ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थगत तर्फ ९ मा ७ जना अर्थात् ७७.७८ प्रतिशत विद्यार्थी भेटियो ।

राजबंशी जातका १२ जना विद्यार्थीमध्ये ९ जना अर्थात् ७५ प्रतिशत विद्यार्थीले थेगोको प्रयोग नगरी सस्वर पठन गरे । जसमा सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थगत तर्फ ९ मा ७ जना अर्थात् ७७.७८ प्रतिशत रहेका छन् ।

बाँतर जातका ६ जना विद्यार्थीमध्ये ४ जना अर्थात् ६६.६७ प्रतिशतले सस्वर पठनका क्रममा थेगोको प्रयोग गरेका छैनन् । जसमध्ये सामुदायिक र संस्थागत तर्फका क्रमशः ३/३ जनामा २/२ जना अर्थात् ६६.६७ प्रतिशत विद्यार्थी रहेका छन् ।

यादव जातका ६ जना विद्यार्थीमध्ये ४ जना अर्थात् ६६.६७ प्रतिशतले थेगोको प्रयोग नगरी सस्वर पठन गरेका छन् । त्यसमा सामुदायिक र संस्थागतका ३/३ जनामा २/२ जना अर्थात् ६६.६७ प्रतिशत रहेका छन् ।

संस्थागत विद्यालयका शत्प्रतिशत दमाई जातका विद्यार्थीले सस्वर पठनका क्रममा थेगोको प्रयोग गरेका छैनन् भने सामुदायिकमा २ मा १ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा थेगोको प्रयोग गरेका छैनन् ।

कामी जातका ३ जना विद्यार्थीमध्ये संस्थागत विद्यालयका शत्प्रतिशत र सामुदायिक तर्फका २ जनामा १ जना अर्थात् ५० प्रतिशतले सस्वर पठनका क्रममा थेगोको प्रयोग नगरेको पाइयो ।

### ४.२.२१ सस्वर पठनमा मातृभाषाको प्रयोग सम्बन्धी अध्ययन

नेपाली भाषा बाहेक अन्य जुनसुकै भाषालाई मातृभाषा मान्ने जातजातिको यहाँ सस्वर पठनका क्रममा देखिएको प्रयोगलाई मातृभाषाको प्रयोग मानिएको छ । जस्तै : थारु मातृभाषा हुनेले नेपाली भाषामा सस्वर पठन गर्दा ठाउँ-ठाउँमा थारु भषाका शब्द प्रयोग गर्नुलाई मातृभाषाको प्रभाव भनिन्छ । जसलाई निम्न अनुसार तालिकामा देखाइएको छ ।

तालिका नं. १०

मातृभाषाको प्रयोग सम्बन्धी अध्ययन

| | सामुदायिक विद्यालय | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | जाति | | | | | | | | | |
| | | जम्मा विधार्थी संख्या | प्रयोग भएको | प्रतिशत | प्रयोग नभएको | प्रतिशत | जम्मा विधार्थी संख्या | प्रयोग भएको | प्रतिशत | प्रयोग नभएको | प्रतिशत |
| १ | ब्राम्हण | १८ | - | - | १८ | १०० | १२ | - | - | १२ | १०० |
| २ | क्षत्री | १३ | - | - | १३ | १०० | १२ | - | - | १२ | १०० |
| ३ | थारु | ६ | ३ | ५० | ३ | ५० | ९ | ४ | ४४.४४ | ५ | ५५.५६ |
| ४ | राजबंशी | ३ | १ | ३३.३३ | २ | ६६.६७ | ९ | ३ | ३३.३३ | ६ | ६६.६७ |
| ५ | बाँतर | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ६ | यादव | ३ | २ | ६६.६७ | १ | ३३.३३ | ३ | १ | ३३.३३ | २ | ६६.६७ |
| ७ | दमाई | २ | - | - | २ | १०० | १ | - | - | १ | १०० |
| ८ | कामी | २ | - | - | २ | १०० | १ | - | - | १ | १०० |
| ९ | जम्मा | ५० | ८ | २७.२० | ४२ | ७२.८० | ५० | ९ | २२.२२ | ४१ | ७७.७८ |



### ४.२.२१ मातृभमषाको प्रभाव परेका विद्यार्थी समूह

यहाँ सस्वर पठनका क्रममा मातृभाषाको प्रयोग गर्ने विद्यार्थीलाई देखाई व्याख्या विश्लेषण गरिएको छ ।

थारु जातका १५ जना विद्यार्थीमा ७ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीमा सस्वर पठनका क्रममा मातृभाषाको प्रभाव देखियो । जसमध्ये सामुदायिक तर्फ ६ मा ३ जना अर्थात् ५० प्रतिशत र संस्थागतमा ९ मा ४ अर्थात् ४४.४४ प्रतिशत विद्यार्थीलाई मातृभाषाको प्रभाव देखियो ।

राजबंशी जातका १२ जना विद्यार्थीमध्ये ४ जना अर्थात् ३३.३३ प्रतिशतमा मातृभाषाको प्रभाव रहेको भेटियो । जसमध्ये सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागतमा ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीमा मातृभाषाको प्रभाव रहेको पाइयो ।

बाँतर जातका ६ जना विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतमा सस्वर पठनका क्रममा मातृभाषाको प्रभाव देखिन्छ । त्यसमध्ये संस्थागत तर्फका ३ मा १ अर्थात् ३३.३३ प्रतिशत र सामुदायिक तर्फ ३ मा २ अर्थात् ६६.६७ प्रतिशतमा यस्तो प्रभाव भेटियो ।

यादव जातका ६ जना विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतमा सस्वर पठनका क्रममा मातृभाषाको प्रभाव भेटियो । जसमध्ये सामुदायिक तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागत तर्फ ३ मा १ अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीमा मातृभाषाको प्रभाव भेटियो ।

### ४.२.२१ मातृभाषाको प्रभाव नपरेका विद्यार्थी समूह

यहाँ सस्वर पठनका क्रममा मातृभाषाको प्रभाव नपरेका विद्यार्थीको अध्ययन गरिएको छ ।

ब्राम्हण जातका ३० जना विद्यार्थीमध्ये शत्प्रतिशत विद्यार्थीले सस्वर पठनका क्रममा अन्य भाषाको प्रभाव देखाएनन् ।

२५ जना क्षत्री जातका विद्यार्थीहरुमा सबै अर्थात् शत्प्रतिशतले नै सस्वर पठनका क्रममा कुनै पनि भाषाको प्रभाव देखाएनन् ।

थारु जातका १५ जनामा ८ जना अर्थात् ५३.३३ प्रतिशतको सस्वर पठनका क्रममा मातृभाषाको प्रभाव देखिएको छैन । जसमध्ये सामुदायिक तर्फ ६ मा ३ जना अर्थात् ५० प्रतिशत र संस्थागत तर्फ ९ मा ५ जना अर्थात् ५५.५५ प्रतिशत विद्यार्थीमा सस्वर पठनमा यस किसिमको प्रभाव भेटिएन ।

राजबंशी जातका १२ जना विद्यार्थीमध्ये ८ जना अर्थात् ६६.६७ प्रतिशतमा मातृभाषाको प्रभाव भेटिएन । जसमध्ये सामुदायिक तर्फका विद्यालयमा ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत र संस्थागतमा ९ मा ३ जना अर्थात् ६६.६७ प्रतिशतमा मातृभाषाको प्रभाव भेटिएन ।

जम्मा ६ जना बाँतर जातका विद्यार्थीमा ३ जना अर्थात् ५० प्रतिशतमा सस्वर पठनका क्रममा मातृभाषाको प्रभाव भेटिएन । जसमध्ये सामुदायिकमा ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागत तर्फ ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशत विद्यार्थीमा मातृभाषाको प्रभाव पाइएन ।

यादव जातका ६ जना विद्यार्थीमध्ये ३ जना अर्थात् ५० प्रतिशतमा सस्वर पठनका क्रममा मातृभाषाको प्रभाव नपरेको पाइयो । जसमध्ये सामुदायिकमा ३ मा १ जना अर्थात् ३३.३३ प्रतिशत र संस्थागतमा ३ मा २ जना अर्थात् ६६.६७ प्रतिशतमा मातृभाषाको प्रभाव भेटिएन ।

दमाई र कामी जातका जम्मा ३/३ जना विद्यार्थीमध्ये सबैमा अर्थात् शत्प्रतिशतमा नै सस्वर पठनको क्रममा कुनै भाषाको प्रभाव भेटिएन ।

## ४.३ सस्वर पठनमा देखिएका समस्याहरु

सस्वर पठन गर्दा माथि उल्लिखित विभिन्न आधारहरुको ख्याल गरेर स्तरीय र उपलब्धिमूलक पठन हुन्छ, होइनभने पठन असमान्य, कृत्रिम र उपलब्धी विहिन हुन्छ । श्रोताले सुन्दा पनि असहज किसिमको पठन हुन्छ । यस अध्ययनबाट सस्वर पठनका क्रममा देखिएका समस्याहरुलाई निम्न अनुसार उल्लेख गरी व्याख्या र छलफल गरिएको छ ।

### ४.३.१ गति, यति सम्बन्धी समस्या

नमूना छनौटमा परेका विद्यालयका विद्यार्थीहरुलाई सस्वर पठन गराउदा देखिएका विभिन्न समस्यामध्ये प्रमुख गति, यति सम्बन्धी समस्या हो । विद्यार्थीहरुले स्वर निकालेर पढ्दा कहाँ कति गति प्रदान गर्ने भन्ने कुरा समस्याको रुपमा देखियो । लेख्य सामग्रीको मर्म अनुसार कम र बढी गति, यति प्रदान गरेर केही विद्यार्थीले मात्र पठन गर्न सकेको देखियो । त्यसमा धेरैको स्तर मध्यम र निम्न देखियो । त्यसमा पनि सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरु अझ कम मात्रामा गति, यति मिलाउन सक्षम भएको भेटियो । त्यस्तै ब्राम्हण, क्षत्रीको तुलनामा अन्य जातजातिहरुले सस्वर पठनका क्रममा गति, यति कम ख्याल गरेको पाइयो ।

यस्तो हुनुमा विविध कारणहरु रहेका देखिन्छन् । त्यसमा निरन्तर अभ्यासको कमी । अर्को मातृभाषाको प्रभाव, अभिभावकको शिक्षामा कमी, शिक्षकले विद्यालयमा पर्याप्त मात्रामा सस्वर पठन नगराउनु, भाषिक सीपलाई ध्यान नदिनु, भाषा शिक्षकको कमी हुनु, संस्थागत विद्यालयमा नेपाली विषय वाहेक अन्य सबै विषय नेपाली भाषामा नहुनु जस्ता विविध कारणहरुलाई प्रमुख रुपमा लिन सकिन्छ ।

### ४.३.२ पदयोग र पदवियोग सम्बन्धी समस्या

सामुदायिक र संस्थागत दुबै विद्यालयका सबै जातजातिका विद्यार्थीहरु सस्वर पठनका क्रममा पदयोग र पदवियोग बारे स्पष्ट छैनन् । सस्वर पठनका क्रममा देखिएका विविध समस्याहरुमध्ये पदयोग र पदवियोग सम्बन्धी समस्या पनि प्रमुख हो । विद्यार्थीहरुलाई सस्वर पठन गराउदा कुन कुन पदलाई योग गराउने र कहाँनेर वियोग गर्ने भन्ने कुरामा अलमल भटियो ।

यसो हुनुमा अभ्यासको कमी, भाषा शिक्षकको जिम्मेवारी विहिनता, नेपाली भाषाको महत्वबोधको कमी तथा समय-समयमा भाषा विशेषज्ञ बीच देखिने मतान्तर र सोही अनुसारका पाठ्यपुस्तक छपाइ जस्ता समस्या देखिएको स्पष्ट हुन्छ ।

### ४.३.३ हाउभाउ सम्बन्धी समस्या

सस्वर पठनका क्रममा कुनै पनि जातजातिका विद्यार्थीहरु हाउभाउ प्रदर्शन गर्नमा पोख्त देखिएनन् । प्रस्तुत अध्ययनका क्रममा कमैमात्र विद्यार्थीहरुले हाउभाउको ख्याल गरेको पाइयो । अधिकांशलाई हाउभाउको बारेमा थाहा पनि नभएको र हाउभाउ गर्न लजाउने गरेको पनि भेटियो ।

यसका प्रमुख कारणहरुमा विद्यार्थीमा रुचीको कमी, भाषा शिक्षकले रुची जगाउन नसक्नु, लाज, सङ्कोच, दोस्रो भाषाको रुपमा नेपाली प्रयोग हुनु, शिक्षक, विद्यार्थी तथा सरोकारवालाको लापरवाहीका कारणले कक्षा ९ मा आइपुग्दा पनि हाउभाउपूर्ण सस्वर वाचन गर्न नसकेको समस्या देखियो ।

### ४.३.४ विधाको ख्याल सम्बन्धी समस्या

यस अध्ययनमा विद्यार्थीहरुलाई कथा, कविता, निबन्ध, सम्वाद, जीवनी जस्ता छुट्टाछुट्टै विधाको सस्वर पठन गराइएको छ । विद्यार्थीहरुले सबै विधालाई एकै किसिमले पढेको पाइयो । विधा अनुसार पढाइको तरिका सम्बन्धी ज्ञान विद्यार्थीमा पाइएन । ब्राम्हण, क्षत्रीमा कम र अन्य जातिमा वढी यो त्रुटि भेटिन्छ ।

### ४.३.५ आरोह-अवरोह सम्बन्धी समस्या

सबै जातजातिका विद्यार्थीहरुमा आरोह-अवरोहको ख्याल गर्ने बानी भेटिएन । अध्ययनका क्रममा सस्वर पठन गर्दा आरोह-अवरोहको ख्याल गर्ने विद्यार्थी थोरैमात्र भेटिए । यसो हुनुमा अभ्यासको कमी तथा तालिम प्राप्त शिक्षकको अभाव, नेपाली भाषा साहित्यको मर्म नवुझ्नु, चेतनाको कमी हुनु, समाजमा विविध जातजातिको बसोवास हुनु जस्ता कारणहरु समस्याको रुपमा रहेको पाइयो ।

### ४.३.६ चिन्हको ख्याल सम्बन्धी अध्ययन

चिन्हहरुमा पूर्णविराम, प्रश्नवाचक चिन्हमा धेरै विद्यार्थीलाई ज्ञान भएको अध्ययनका क्रममा पत्ता लाग्यो । तर अन्य लेख्य चिन्हहरु जस्तैः विराम चिन्ह, अर्धविराम, विष्मयादीबोधक, विसर्ग चिन्हहरुवारे विद्यार्थीलाई त्यति धेरै थाहा भएको भेटिएन । ब्राम्हण जातका ३० मा २१ जना अर्थात् ७० प्रतिशत विद्यार्थीले लेख्य चिन्हमा ध्यान दिएका थिए । त्यस्तै क्षत्री जातका ७२ प्रतिशत, राजबंशी जातका ५८.३२ प्रतिशत, थारु जतका ६० प्रतिशत बाँतर, यादव, दमाई, कामी जातका ५० प्रतिशतले मात्र ध्यान दिएको पाइयो । यसो हुनुमा शिक्षकहरुको असावधानीपूर्ण सिकाइ तथा दास्रो भाषाको रुपमा नेपाली भाषा हुनु आदि कारण रहेका छन् ।

### ४.३.७ उच्चारण सम्बन्धी समस्या

अध्ययनका क्रममा यसलाई दुई शीर्षकमा राखेर अध्ययन गरिएको थियो । स्पष्ट उच्चारण गर्ने विद्यार्थी र अस्पष्ट उच्चारण गरेर पढ्ने विद्यार्थीहरुको संख्या र प्रतिशत छुट्याइएको छ । समग्रमा ब्राम्हण जातिका ५३.३३ प्रतिशतले स्पष्ट उच्चारण गरेका थिए भने सामुदायिक र संस्थागत छुट्याउदा क्रमशः ५५.५५ प्रतिशत ब्राम्हण जातिको सस्वर पढाइमा स्पष्ट र शुद्ध उच्चारण भेटियो । त्यस्तै क्षत्रीको पनि २५ मा १३ अर्थात् ५२ प्रतिशतको सस्वर पठन स्पष्ट र अन्यको अस्पष्ट रहेको देखियो । थारु जतिको ५० प्रतिशत, राजबंशी जातिको ४६.६७ प्रतिशतको सस्वर पठन स्पष्ट र अन्यको अस्पष्ट अर्थात् उच्चारणमा शुद्धता नभएको तथ्य अध्ययनबाट देखियो । उनीहरुले उच्चारणमा गरेका त्रुटि यस प्रकार छन् ।

| उच्चारण गर्नु पर्ने शब्द | उच्चारण गरेका शब्द |
|---|---|
| ध्वनि | धनी (बाँतर) |
| गडतीर | गलतीर (थारु) |
| मैदान | मैडान (राजबंशी) |
| कपर्दी | कोपर्दी (बाँतर) |
| अज्ञात | अज्ञाट (थारु) |
| डाँडी | डाँरी (थारु) |
| गितार | गिटार (यादव) |
| सम्पत्ति | सम्पट्टी (राजबंशी) |
| कल्याण | कल्यान (यादव) |

### ४.३.८ शब्द र वाक्यको पुनरावृत्ति सम्बन्धी अध्ययन

सस्वर पठनका क्रममा शब्द तथा वाक्यको पुनरावृत्ति गर्ने विद्यार्थी तथा शब्द र वाक्यको पुनरावृत्ति नगर्ने विद्यार्थी गरी दुई समूहमा बाडेर अध्ययन विश्लेषण गरिएको थियो । थारु, राजबंशी, बाँतर, यादव आदि जातका विद्यार्थीले ५० प्रतिशत भन्दा बढीले शब्द तथा वाक्यको पुनरावृत्ति गरेका थिए ।

यसो हुनुमा सस्वर पठनको अभ्यासको कमी । मातृभाषाको प्रभाव, शिक्षक विद्यार्थी बीच समन्वयको अभाव आदि यस समस्याका कारण देखिएको व्याख्या र छलफलबाट स्पष्ट भयो ।

### ४.३.९ थेगोको प्रयोग सम्बन्धी समस्या

यहाँ सस्वर पठनका क्रममा थेगोको प्रयोग गरेका र नगरेका विद्यार्थी दुई वर्गमा छुट्याएर अध्ययन गरियो । समग्रमा थेगोको प्रयोग गर्ने विद्यार्थीको संख्या तथा प्रतिशत निकै कम देखियो । ब्राम्हण जातका २३.३३ प्रतिशत, क्षत्री २४ प्रतिशत, थारु २५ प्रतिशत, राजबंशी २६.६७ प्रतिशत, बाँतर ३३ प्रतिशत, दमाई, कामी जातमा ३३/३३ प्रतिशत सस्वर पठनका क्रममा थेगोको प्रयोग गरे भने अन्य विद्यार्थीले थेगोको प्रयोग गरे ।

यसरी केही विद्यार्थीहरुले सस्वर पठनका क्रममा थेगोको प्रयोग गर्नुको कारण पारिवारिक वातावरण, सस्वर पठन अभ्यासमा कमी हुनु भन्ने निष्कर्ष व्याख्या तथा छलफलबाट स्पष्ट भयो ।

### ४.३.१० मातृभाषाको प्रभावको समस्या

थारु जातमा ४६.६७ प्रतिशतमा, राजबंशी जातमा ३३.३३ प्रतिशत, बाँतरमा ६६.६७ प्रतिशत, यादवमा ६६.६७ प्रतिशतमा सस्वर पठनका क्रममा मातृभाषाको प्रभाव देखियो । तिनीहरुको पारिवारिक पृष्ठभूमि, मातृभाषाको प्रभाव आदिको कारणबाट यो समस्या रहेको व्याख्या र छलफलबाट स्पष्ट भयो ।

# अध्याय - पाँच

## निष्कर्ष, सुझाव तथा उपयोगिता

### ५.१ निष्कर्ष

भाषा विनाको मानव जीवन अभिव्यक्तिविहिन अर्थात् पशुसरह बन्दछ । भाषालाई मानवमात्रको पुरख्यौली पेवा मानिन्छ । भाषाका विभिन्न चार सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ मध्ये महत्वपूर्ण पढाइ हो । त्यसमा पनि सस्वर पढाइ आफुले स्पष्ट र अर्थपूर्ण रुपमा पढेर अरु श्रोतालाई सुनाउने सीप हो । त्यसैले यसको महत्व बढी हुन्छ । तल्ला कक्षामा कनिकुथी त्रुटिपूर्ण पढाइ भएपनि कक्षा ९ मा पुगेपछि शुद्ध र स्पष्ट पढ्न सक्ने हुनुपर्दछ । पढ्ने व्यक्ति नअकमकाइ, नडराइ, निर्धक्क भई, शब्द र वाक्यको पुनरावृत्ति नगरी, थेगोको प्रयोग नगरी, गति, यति मिलाउदै, विभिन्न लेख्य चिन्हको ख्याल गर्दै, आरोह-अवरोह मिलाइ त्रुटिविहिन पठन गर्नुपर्छ । यसो गरेमा मात्र पढाइलाई शुद्ध मानिन्छ ।

यसरी सस्वर पठनका नकारात्मक पक्षहरुलाई हटाइ सकारात्मक पक्षहरुलाई पढाउदै प्रभावकारी तरिकाले पढेमा श्रोतालाई पाठकले पढेका सबै कुरा बुझ्न सहयोग हुन्छ ।

नमूना छनौटमा परेका विद्यालयका कक्षा ९ मा अध्ययन गर्ने विधार्थीहरुको सस्वर पठन क्षमता सम्बन्धी गरिएको यस अध्ययनबाट निम्न निष्कर्ष निकालिएको छ ।

#### ५.१.१ गति, यति सम्बन्धी अध्ययन

यस शीर्षकमा गरिएको अध्ययनमा सामुदायिक तथा संस्थागत दुबै विद्यालयका जम्मा ३४ जना अर्थात् ३४ प्रतिशतको अवस्था उत्तम, ४१ ज्ना अर्थात् ४१ प्रतिशतको अवस्था मध्यम र २५ जना अर्थात् २५ प्रतिशतको अवस्था निम्न स्तरको भेटियो । यसरी विद्यार्थीले गति, यतिको ख्याल गरेर पठन गरे गरेनन् भनेर गरिएको अध्ययनमा संस्थागतको तुलनामा सामुदायिकमा केही उच्च देखिनुले संस्थागत विद्यालयमा नेपाली विषय शिक्षण प्रभावकारी नभएको पाइयो ।

#### ५.१.२ पदयोग र पदवियोग सम्बन्धी अध्ययनको निर्ष्कष

विद्यार्थीहरुले सस्वर पठनका क्रममा पदयोग र पदवियोगलाई ख्याल गरे वा गरेनन् भनेर गरिएको अध्ययनमा सामुदायिक तथा संस्थागत दुबे विद्यालयका ४६ जना अर्थात् ४६ प्रतिशतले पदयोग र पदवियोगको ख्याल गरेको र ५४ जना अर्थात् ५४ प्रतिशतले ख्याल नगरेको  पाइनुले पदयोग र पदवियोग सम्बन्धमा विद्यार्थीको स्तर कमजोर भएको निर्ष्कष छ ।

### ५.१.३ हाउभाउ सम्बन्धी गरिएको अध्ययन

यस शीर्षकमा गरिएको अध्ययनलाई सस्वर पठनका क्रममा विद्यार्थीहरुले हाउभाउ प्रदर्शन गरी सस्वर पठन गरेको र नगरेको अवस्थालाई छुट्याइएको छ । जसमध्ये सामुदायिक तथा संस्थागत विद्यालयका ५५ जना अर्थात् ५५ प्रतिशत विद्यार्थीले हाउभाउ प्रदर्शन नगरी सस्वर पठन गरेको अवस्थामा ४५ प्रतिशत विद्यार्थी मात्र पाठ अनुसार हाउभाउ प्रदर्शन गर्न सक्ने आधारमा यसमा पनि विद्यार्थी कमजोर देखिएकोमा विधा अनुसार हाउभाउ प्रदर्शन नगर्नु सस्वर पठनको कमजोरी देखिएको निष्र्कष छ ।

### ५.१.४ विधाको ख्याल सम्बन्धी गरिएको अध्ययन

सस्वर पठनका क्रममा विद्यार्थीले विधाको ख्याल गरेको वा नगरेको अवस्था गरी २ भागमा गरिएको अध्ययनमा ५० जना अर्थात् ५० प्रतिशतको अवस्था विधाको ख्याल गर्ने र ५० प्रतिशत विधाको ख्याल नगर्ने देखिएको छ । त्यसमा पनि नेपाली भाषालाई दोस्रो भाषामा प्रयोग गर्नेहरु भएको हुनाले आदिवासी, जनजातिहरु यसमा कमजोर देखिएको निष्र्कष छ ।

### ५.१.५ आरोह-अवरोह सम्बन्धी अध्ययन

सस्वर पठनका क्रममा विद्यार्थीहरुले आरोह-अवरोहलाई ख्याल गरे गरेनन् भनेर गरिएको यस अध्ययनमा दुबै किसिमका विद्यालयका ४९ जना अर्थात् ४९ प्रतिशतको अवस्था आरोह-अवरोहको ख्याल गरेको र ५१ ज्ना अर्थात् ५१ प्रतिशतको अवस्था आरोह-अवरोहको ख्याल नगर्ने विद्यार्थी बढी प्रतिशतमा देखिनु सस्वर पठनमा कमजोर भएको निष्र्कष छ ।

### ५.१.६ लेख्य चिन्ह सम्बन्धी अध्ययन

सस्वर पठनका क्रममा विद्यार्थीहरुले विभिन्न लेख्य चिन्हहरुलाई ख्याल गरेको र नगरेको गरी २ स्तम्भमा विभाजन गरिएको यस अध्ययनले दुबै विद्यालयका जम्मा ६३ जना अर्थात् ६३ प्रतिशतको अवस्था ठिकै देखिएको र ३७ जनाको अर्थात् ३७ प्रतिशतको अवस्था कमजोर देखिएको हुदां लेख्य चिन्हहरु ख्याल गराएर अध्यापन गराउनुपर्ने निष्र्कष देखियो ।

### ५.१.७ उच्चारण सम्बन्धी अध्ययन

सस्वर पठन गर्नु भनेको लेख्य सामग्रीलाई आवाजमा परिणत गरी वाचन गर्नु हो । लेखाइलाई जस्ताको तस्तै त्यसको संरचना नबिग्रने गरी पढ्नु शुद्ध उच्चारण गर्नु हो । यहाँ विद्यार्थीको उच्चारण सम्बन्धी अध्ययनका क्रममा स्पष्ट उच्चारण गर्नेर अस्पष्ट उच्चारण गर्ने विद्यार्थीहरुको अध्ययन गरिएको छ । समग्रमा ४८ प्रतिशत विद्यार्थीले स्पष्ट उच्चारण गरेका थिए । जातिगत आधारमा अध्ययन गर्दा ब्राम्हण, क्षत्रीका तुलनामा थारु, राजबंशी, बाँतर, यादव जातिको उच्चारण कमजोर देखियो, त्यसमा मातृभाषाको प्रभाव, पठन अभ्यासको कमी आदि कारण भएको निर्ष्कष निकालिएको छ ।

### ५.१.८ शब्द र वाक्यको पुनरावृत्ति सम्बन्धी अध्ययन

शब्द र वाक्यको पुनरावृत्ति गरेर सस्वर पठन गरेमा शुद्ध पढाइ मानिदैन । अध्ययनका क्रममा शब्द र वाक्यको पुनरावृत्ति गर्ने र नगर्ने विद्यार्थीहरुको स्तर पत्ता लगाइएको छ । समग्रमा वाक्य तथा शब्दको पुनरावृत्ति नगर्ने विद्यार्थीहरु ५१ जना अर्थात् ५१ प्रतिशत रहेका छन्, बाँकी ४९ प्रतिशत विद्यार्थीले शब्द तथा वाक्यमा पुनरावृत्ति गरेर सस्वर पठन कमजोर देखाएको हुनाले बारम्बार सस्वर पठन गराउनु पर्ने निषर्कष निकालिएको छ ।

### ५.१.९ थेगोको प्रयोग सम्बन्धी गरिएको अध्ययन

सस्वर पठनको क्रममा अँ, चाही, क्यारे, चाइने जस्ता शब्द बीचबीचमा प्रयोग गर्नुलाई थेगोको प्रयोग भनेर उल्लेख गरिएको छ । सस्वर पठन गराउदा न्यून रुपमा मात्र यस किसिमका विद्यार्थी भेटिएको छ । समग्रमा २६ प्रतिशत विद्यार्थीले थेगोको प्रयोग गरेको अध्ययनले देखाउछ । आदिवासी, जनजाति विद्यार्थीहरु सस्वर पठन गर्दा अड्किने समस्या भएको हुनाले बीचबीचमा थेगोको प्रयोग गरेको देखियो, त्यसैले थेगोको प्रयोग हटाउन सस्वर पठन गर्दा विस्तारै शुद्ध तरिकाले गर्न लगाउनु पर्ने निर्ष्कष छ ।

### ५.१.१० सस्वर पठनमा मातृभाषा प्रयोग सम्बन्धी अध्ययन

मातृभाषा नेपाली नभएका विद्यार्थीहरुले सस्वर पठन गर्दा उनीहरुको मातृभाषाले प्रभाव पारेको कुरा अध्ययनबाट पत्ता लगाइएको छ । थारु, राजबंशी, बाँतर, यादव जातका विद्यार्थीहरुमा नेपाली सस्वर पठन गर्दा मातृभाषाको प्रभावको कारण शब्दहरु शुद्ध र स्पष्टसंग उच्चारण गर्न नसकी त्यहां मातृभाषाका शब्दहरु मिसाएर पठन गरेको र नेपाली विषयको उच्चारण अशुद्ध भएको निर्ष्कष छ ।

समग्रमा माथि उल्लिखित कारणहरुले गर्दा यस क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयका कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थीहरुको सस्वर पठन स्तर कमजोर नै रहेको हुनाले यी कारणहरुलाई मध्य नजर गर्दै सस्वर पठनमा सुधार गर्नुपर्ने निर्ष्कष यस अध्ययनको रहेको छ ।

## ५.२ सुझाव

शिक्षाको आधार पढाइ हो । पढाइ भाषिक सीप विकासको अनिवार्य तत्व पनि हो । त्यस्तै सस्वर पठन सीपको पहिलो खुड्किलो हो । त्यसैले यसको महत्वलाई सीमाङ्कन गर्न कठिन छ । समग्र सिकाइ प्रकृया लाई नै प्रभाव पार्ने हुनाले सस्वर पठनको धेरै महत्व रहेको छ । अत्यधिक महत्व हुँदाहुँदै पनि पढाइसीपको हालसम्म खासै अध्ययन विश्लेषण हुन सकेको छैन । मोरङ्ग जिल्ला बुढीगङ्गा गाउँपालिका अन्तर्गतका पाँच वटा सामुदायिक र पाँच वटा संस्थागत विद्यालयका कक्षा ९ का विद्यार्थीहरुको पढाइ सीप अर्थात् सस्वर क्षमता के कस्तो रहेछ, के कस्ता कमीकमजोरी रहेछन् भनेर पत्ता लगाई कस्तो सुधार गर्नुपर्छ भन्ने कुराका लागि पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, अभिभावक, शिक्षक, विद्यार्थी तथा सरोकारवाला सबैमा जानकारी प्राप्त गर्ने उद्देश्यका साथ यो अनुसन्धान अगाडि बढाइएको हो ।

कक्षा ९ मा आइपुग्दा पनि नेपाली भाषामा लेखिएका सामग्रीहरुलाई त्रुटि विना सहजरुपले पठन गर्न नसक्नुको कारण पत्ता लगाउदै सस्वर पठनमा सुधार गर्न नीति निर्माता, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, शिक्षाविद्, शिक्षक आदि सबै पक्षले आगामी दिनमा निम्न अनुसारका कार्यक्रमहरु गर्नुपर्ने अध्ययन गरी सुझावहरु निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क). सस्वर पठनलाई विद्यालयका प्राथमिक तहका तल्ला कक्षाहरुबाट नै विशेष महत्व दिएर शिक्षण गर्न व्यवस्था मिलाई पठन सीपको जग तल्लो कक्षा देखि नै बलियो बनाउन सबै सरोकारवाला लाग्नुपर्ने ।

(ख). नेपाली विषय शिक्षण गर्ने शिक्षकलाई समय समयमा पुनर्ताजगी तालिम दिने व्यवस्था मिलाउनु पर्ने ।

(ग). वर्तमान समयमा नेपाली भाषाप्रति बढ्दैगएको वितृष्णा हटाउन भाषा पठनको महत्वलाई बुझाउने विभिन्न कार्यक्रमहरुको तर्जुमा गरेर नेपाली भाषाको महत्वलाई सर्वव्यापी बनाउनु पर्ने ।

(घ). भाषिक मूल्याङ्कन गर्दा सैद्धान्तिक परीक्षामा मात्र भर पर्ने पुरानो परिपाटिको अन्त्य गर्दै मौखिक तथा प्रयोगात्मक मूल्याङ्कन प्रणाली अपनाउन पाठ्यक्रम निर्माताले ध्यान दिनु पर्ने ।

(ङ). भाषिक अध्ययनमा कमजोर देखिएका विद्यार्थीहरुलाई अतिरिक्त कक्षा सञ्चालन गरी निरन्तर अभ्यास गराउन विद्यालयले व्यवस्था गर्नु पर्ने ।

(च). नेपाली भाषाको सस्वर पठनमा उदाहरणको रुपमा शिक्षक आफैले वा टेपरेकर्डरको माध्यमबाट केही पाठ्यांश आदर्श पाठका रुपमा प्रस्तुत गरी विद्यार्थीलाई बारम्बार अभ्यास गराउनु पर्ने ।

(छ). नेपाली मूल विषय लिई शैक्षिक योग्यता हासिल गरेका शिक्षकलाई मात्र नेपाली विषय अध्यापन गर्न लगाउने अर्थात् नेपाली विषयको योग्यता हासिल गरेको शिक्षक बाहेक अन्य विषयका शिक्षकहरुले पनि नेपाली विषयको अध्यापन गराउने परिपाटीलाई अन्त्य गर्न सबैले सहयोग गर्नुपर्ने ।

(ज). नेपाली भाषालाई आधुनिकता प्रदान गर्दै विभिन्न सञ्चार माध्यमको भाषा बनाई त्यसमा विद्यार्थीलाई संलग्न गराउन सबैले सरोकार राख्नु पर्ने ।

(झ). शिक्षकले कक्षा शिक्षण गर्दा प्रत्येक विद्यार्थीलाई व्यक्तिगत रुपमा सस्वर पठन गराई पृष्ठपोषण प्रदान गर्दै निरन्तर अभ्यासमा जोड दिन लाग्नु पर्ने ।

(ञ). पाठ्यपुस्तकमा भएका सबै विधाहरुमा सस्वर पठन गर्न लगाउनु पर्दछ । जसले गर्दा विद्यार्थीलाई विधा अनुसार सस्वर पठन गर्ने बानीको विकास हुन्छ, यसका साथै विधा अनुसारको भाव, अभिव्यक्ति, हाउभाउ, गति, यति कसरी मिलाउने भन्ने कुरा सिकाउने वातावरण सिर्जना गर्नु पर्दछ ।

(ट). पाठ्यपुस्तकका हरेक विधाका पाठ पछि नमूना अभ्यासमा सस्वर पठन सम्बन्धी अभ्यास गराउने कार्य शिक्षकले गर्नुपर्ने ।

(ठ). सस्वर पठनलाई विद्यालयाका सबै तहले महत्वपूर्ण अंग मानेर व्यवस्थित सस्वर पठन गराउने वातावरण मिलाउनु पर्ने ।

(ड). परिस्थिति र सन्दर्भ अनुसार विधार्थीमा देखिएका समस्याहरु तत्काल समाधान गर्न विषय शिक्षक अर्थात् भाषाशिक्षक चनाखो बन्नु पर्दछ साथै आधुनिक प्रविधि र तौरतरिका अपनाई शिक्षण गर्ने व्यवस्था मिलाउनु पर्छ ।

(ढ). शिक्षक एक आदर्श र उत्कृष्ट नमूनाका रुपमा विद्यार्थीको अगाडि प्रस्तुत हुनु पर्दछ ।

(ण). भाषिक सीपलाई प्रभावकारी बनाई सस्वर पठनलाई प्राथमिकताका साथ शिक्षण गर्ने व्यवस्था मिलाउन नीति निर्माता, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, शिक्षाविद्, विद्यालय, शिक्षक आदि सबै पक्ष लाग्नु पर्ने देखिन्छ ।

## ५.३ उपयोगिता

विद्यालयमा विद्यार्थीहरुको सस्वर पठन नै कमजोरी भएपछि अन्य भाषिक सीप हासिल गर्न कठिनाई पर्दछ । स्तर अनुसार विद्यार्थीले स्वर पठन गर्न सकेनन् भने सम्पूर्ण शैक्षिक क्रियाकलाप नै उपलब्धिहिन हुने भएको हुनाले यस अनुसन्धानमा कुन कुन जातका विद्यार्थीले कति मात्रामा कमजोरी देखाए भनेर तथ्यगत अनुसन्धान गरेको हुनाले कमजोरीका कारण पत्ता लगाई सुधार गर्ने उपायहरु समेत उल्लेख गरिएको हुनाले शैक्षिक क्षेत्रका साथै अन्य क्षेत्रमा पनि यो अनुसन्धान उपयोगी हुन सक्ने निश्चित छ । त्यसैले जातिगत आधारमा अध्ययन अनुसन्धान गरिएको यस शोधमा विशेषगरी जननाति, आदिवासी तथा मातृभाषा नेपाली नभएकाबाट नेपाली भाषाको स्वर पठनमा धेरै प्रतिशत त्रुटि देखिएको हुनाले त्यस क्षेत्रको स्वर पठनलाई स्तरीय बनाउन विद्यार्थी, शिक्षक, पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक, अनुसन्धानकर्ता तथा सरोकारवालाहरुले लक्ष्यित वर्गप्रति ध्यान दिई नीति निर्माण र कार्यन्वयन गर्नु पर्ने देखिन्छ, त्यसैले यो अनुसन्धान सबैका लागि उपयोगी छ । यसको उपयोगितालाई निम्न अनुसार पुष्टि गर्न सकिन्छ ।

### ५.३.१ नीतिगत तह

नमूना छनौटमा परेका बुढीगङ्गा गाउँपलिका अन्तर्गतका संस्थागत र सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको स्वर पठन क्षमताको अध्ययन प्रत्यक्ष विद्यालयमा गएर तथ्य तथा यथार्थ रुपमा अध्ययन अनुसन्धान गरी सस्वर पठनको उपयोतिगा, सस्वर पठनले भाषिक सीपमा पुऱ्याउने असर तथा जातिगत रुपमा सस्वर पठनमा भएका समस्याको पहिचान गरिएको हुनाले समस्या समाधान अर्थात् सस्वर पठनमा सुधार गर्ने उपायहरु समेत खोजिएको हुनाले यसको सुधार नीति निर्माण तह देखिनै हुनु पर्दछ, त्यसको लागि के के गर्ने, कस्तो शैक्षिक नीति निर्माण गर्ने भन्ने नीति निर्माताहरुको लागि उपयोगी हुनेछ ।

यस अनुसन्धानमा नीति निर्माता देखि कार्यन्वयन तहको क्षेत्र विद्यालय, शिक्षक, विधार्थी, अभिभावक समेतले कसरी सस्वर पठनमा सुधार ल्याउने भन्ने सन्दर्भलाई यस अनुसन्धानले सहयोगीको भुमिका निर्वाह गर्दछ ।

### ५.३.२ कार्यन्वयन तह

अनुसन्धान कार्य समस्या समाधानमा केन्द्रित हुनु पर्ने सिद्धान्त अनुसार यस अनुसन्धानमा पनि कार्यन्वयन तहको क्षेत्र विद्यालयलाई विशेष प्राथमिकतामा राखिएको छ । सस्वर पठनमा सुधार ल्याउनका लागि विद्यालयले विद्यार्थीलाई अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्ने, कक्षाकोठामा सस्वर पठनलाई बारम्वार अभ्यास गराउनुपर्ने, मातृभाषा नेपाली नभएका जातजातिहरुलाई शिक्षक स्वंयम्ले आदर्श पाठ गरिदिएर, टेपरेकर्डर सुनाएर सस्वर पठनलाई सुधार गर्न जोडदिएको छ । तथ्यगतरुपमा प्रत्यक्ष अनुगमन, स्थलगत रिर्पोट तयार पारेर जातिय रुपमा समेत तुलना गरिएको हुनाले यो अनुसन्धान बढी मात्रामा प्रयोगात्मक र व्यवहारिक रहेको छ । सस्वर पठनका क्रममा देखिएका समस्याहरुलाई पत्ता लगाई समाधानका उपायहरु खोजिएको तथा कार्यन्वयनको क्षेत्र विद्यालयलाई विशेष प्राथमिकता दिइएको हुनाले कार्यन्वयनका दृष्टिकोणले अति उपयोगी छ । विद्यार्थीहरुले पनि सस्वर पठनलाई बारम्वार पुनरावृत्ति र अभ्यासमा जोड दिनु पर्ने देखिन्छ । यो शोधकार्य नीति निर्माण तथा कार्यन्वयनको क्षेत्रमा निम्न अनुसार शैक्षिक उपयोगिताको अपेक्षा गर्न सकिन्छ ।

(क). सस्वर पठनमा देखिएका समस्याहरुको पहिचान गरी समाधान गर्न सहयोग पुग्नेछ ।

(ख). शिक्षकलाई विद्यार्थीहरुको कमिकमजोरीको पहिचान गर्दै निराकरणका उपायहरुको खोजि गर्न सहयोग पुग्नेछ ।

(ग). विद्यार्थीहरुमा गति, यति, लय मिलाएर सस्वर पठन गरी नेपाली भाषालाई शुद्ध गरी पढ्न सक्ने क्षमताको विकास हुन्छ ।

(घ). सस्वर पठन सम्बन्धी अध्ययन अनुसन्धान गर्न इच्छुक शोधकर्तालाई शोध कार्य गर्न सहयोग पुग्नेछ ।

(ङ). अनुसन्धानकर्तालाई सस्वर पठनका सवल तथा दुर्वल पक्षको विश्लेषण गरी उपयुक्त निष्कर्षमा पुग्न सहयोग मिल्नेछ ।

यसरी नीतिनिर्माणको तह र कार्यन्वयनको क्षेत्रले उपयुक्त तरिकाले सस्वर पठन क्षमताको विकासको लागि ध्यान दिएको खण्डमा सस्वर पठनका निम्न सीपहरु हासिल गर्न विद्यार्थीहरुका लागि यो शोध अनुसन्धान उपयोगी हुनेछ ।

(क). शुद्ध उच्चारण गरेर पढ्ने सीपको विकास गर्न

(ख). शुद्ध र स्पष्टसंग पढ्ने र बोल्ने बानीको विकास गर्न

(ग). पाठ्यापुस्तक तथा अन्य बोलिचालि सम्बन्धी बोध ग्रहण गर्न

(घ). बोधमा स्पष्ट र अर्थका तत्वबीचमा सामीप्यता ल्याउन

(ङ). सिकारुको ज्ञानको भण्डारलाई फराकिलो पार्न

(च). लिपिबद्ध सामग्रीहरुलाई आवाज निकालेर पढ्ने क्षमताको विकास गर्न

(छ). श्रोताले बुझ्ने गरेर हाउभाउ सहितको पठन सीप विकास गर्न

(ज). भविष्यमा कुशल वाचक बनाउन यो शोध अनुसन्धान बढी उपयोगी हुनेछ ।

### ५.३.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु

वर्तमान अनुसन्धानले भावी खोज अनुसन्धानलाई मार्ग निर्देशन गर्दछ । एउटै शोध अनुसन्धानले विषयवस्तुको सबैकुरा समेट्न सकेको हुदैन, त्यसैले यस शोधमा आधारित भएर अन्य शोध अनुसन्धान गर्न सकिन्छ । यस शोध कार्यले कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन गरेको छ । यसबाट सस्वर पठनमा कक्षा ९ मा पुगेका विद्यार्थीहरु किन कमजोर भए, जातिगत रुपमा कुन कुन जातिमा नेपाली भाषाको पठनमा कमजोर छ भनेर सस्वर पठनका हरेक क्षेत्रको तुलनात्मक अनुसन्धान गरी निष्कर्ष निकालिएको छ । अगामी दिनमा कक्षा १०, ११ को सस्वर पठनको स्तर वारे अध्ययन गर्न सकिनेछ । पाठ्यपुस्तकहरुको तुलनात्मक अध्ययन अनुसन्धान समेत हुन सक्नेछ, त्यस्तै लेखाइ सीप सम्बन्धी अध्ययन अनुसन्धानको कमी भएको हुनाले सो सम्बन्धी पनि अनुसन्धान गर्न सकिनेछ । समग्रमा यस अनुसन्धानका अतिरिक्त भावी अनुसन्धानका लागि केही उपयुक्त सम्भावित शीर्षकहरु निम्नानुसार हुनसक्ने छन् ।

(क). माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन

(ख). सामुदायिक र संस्थागत विद्यालयका कक्षा ९ का विद्यार्थीहरुको शब्द भण्डार क्षमताको अध्ययन

(ग). माध्यमिक तहमा वर्णविन्यासको महत्व एक अध्ययन

(घ). सामुदायिक र संस्थागत विद्यालयका नेपाली विषयका पाठ्यपुस्तकको तुलनात्मक अध्ययन

(ङ). कक्षा ९ को पुरानो र नयां नेपाली पाठ्यपुस्तक बीचको तुलनात्मक अध्ययन

(च). माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमूना अभ्यासको विश्लेषणात्मक अध्ययन ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषा शिक्षण,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार

ओझा, रामनाथ (२०७३), *माध्यमिक दिग्दर्शन,* काठमाण्डौं : पिनाकल पव्लिकेशन

गिरी, हरि (२०६३), *कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर

ढकाल, शान्तिप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण परिचय र प्रयोग,* काठमाण्डौं : शुभकामना प्रकाशन

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), *परिचयात्मक नेपाली भाषा शिक्षण,* काठमाण्डौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स

धमला, हेमप्रसाद (२०७३), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन,* अप्रकाशित शोधपत्र पू.वि.

न्यौपाने, प्रा.डा. टङ्कप्रसाद र साथीहरु (२०६७), *माध्यमिक नेपाली व्याकरण रचना र अभ्यास,* काठमाण्डौं : कन्काइ एजुकेशन पव्लिकेशन

फुयल, दिपककुमार (२०६९), *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर

वन्धु, चुडामणि (२०५२), *अनुसन्धान र प्रतिवेदन लेखन,* काठमाण्डौं : रत्न पुस्तक भण्डार

भट्टराई, गणेशप्रसाद र शुकदेव सापकोटा (२०७३), *शिक्षक प्रतियोगिता दिग्दर्शन,* काठमाण्डौं : मकालु प्रकाशन गृह

लामिछाने, यादवप्रकाश (२०५७), *नेपाली भाषा शिक्षण परिचय,* काठमाण्डौं : साझा प्रकाशन

शर्मा, डा. केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *साहित्य शास्त्र र नेपाली भाषा शिक्षण,* काठमाण्डौं : न्यू हिरा वुक्स इन्टरप्राइजेज

शर्मा, केशवप्रसाद (२०५६), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार

सापकोटा, यज्ञलाल (२०६५), *कक्षा सातको नेपाली कितावमा आधारित पठनबोध क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर

ज्ञवाली, कृष्णप्रसाद (२०६३), *कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.

## परिशिष्ट - १

मोरङ्ग जिल्ला बुढीगङ्गा गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सस्वर पठन क्षमताको अध्ययन ।

अध्ययन नमूनाका रुपमा प्रयोग गरिएका अनुच्छेदहरु :

वसन्त कोकिल

भरी लता वृक्ष विषे टनाटन
नवीन लाखौं फुल पालुवाकन ।
वसन्त आयो कलकण्ठको अब
सुनिन्छ साह्रै कलकण्ठ गौरव ॥ १ ॥

अगाडि जो दिन वनि लुकीकन
बिताउथ्यो केवल दुःखमा दिन ।
अहो ! उही कोकिल हेर आज यो
प्रमोदले पूर्ण महासुखी भयो ॥ २ ॥

दुई मितको कथा

कुरो के रहेछ भने त्यस दिन विहान कर्णकन्त नदीको किनारै किनार उत्तरतिर लागेछ । ऊ जीवनमा कहिल्यै पनि त्यस दिशातिर लागेको थिएन । जाँदा जाँदा अग्ला पहाडहरुको बीचमा ऊ पुगेछ । गडतिरै गडतिर हिड्दा डाँडाहरुको अग्लाई बढ्दै गएछ । ती नागबेली पर्दै गएछन् र मैदानबाट ओझेल परेर उ त्यस्तो डरलाग्दो ठाउँमा पुगेछ, जहाँ अचम्मको शान्ति फैलिएको रहेछ, अब फर्कनुपऱ्यो भनेर कर्णकान्तले सुँढ उचालेर आफ्नो शरीरलाई यसो दक्षिणतिर घुमाउनै आँटेको थियो । उसका कानमा अनौठौ कल्याङबल्याङ ठोक्किन आइपुगेछ ।

## यात्रा सुरु गरौं

समयको एउटा लामो झरीपछि
बल्ल घाम उदाएको छ
विहान भएको छ, अब हामीले हाम्रो यात्रा सुरु गर्नुपर्छ
पानी थामिएको छ, अब हामीले हाम्रो आरोहणको थालनी गर्नुपर्छ
आस्थाको टुकी बाल्नुपर्छ, अब हामीले गीत गुन्जाउनु पर्छ
फक्रेका छन् गुराँसहरु, अत्र हामीले माला उन्नुपर्छ ।

## म को हुँ ?

चोर्न पाएँ भनेर मैले जे पायो त्यही चोर्ने हो र ? त्यस भित्रको गाँठी कुरा चाहीँ चोर्छु । जस्तो : बगैचामा जान्छु फूलहरुलाई आखाँ र मनहरुले चोर्छु । 'जीवन क्षणिक छ, त्यस क्षणिकतामा म सन्तुष्ट छैन' भन्दै फूलले मुन्टो हल्लाउदा फूलबाट क्षणिकताको भाव चोर्छु ।

## जैविक खेती

खेतीका दुई तरिका छन्, रासायनिक र जैविक । रासायनिक मल तथा कीटनाशक विषादीको प्रयोग गरेर गरिने खेती रासायनिक खेती हो । परम्परागत जैविक वस्तुमा मात्र निर्भर रहेर गरिने खेती जैविक हो । जीवसंग सम्बन्धित कुरालाई जैविक भनिन्छ । जो जन्मिन्छ, बढ्छ र मर्छ अनि जसलाई बाँच्नका लागि खाना, पानी र हावा चाहिन्छ त्यो नै जीव हो । विषादीलगायतका हानीकारक तत्वको प्रयोग नगरी गरिने खेती जैविक हो ।

## नेपाली संस्कृति

सबैको कल्याण, समृद्धि, एकता, समता र सेवामा नेपाली संस्कृतिको जग अडेको छ । त्यसैले नेपाली संस्कृति शिष्ट, सभ्य र सुसंस्कृत आचरण तथा परम्परामा आधारित छ । यसमा केही विकृति पक्ष घुसेको देखिन्छ । केही कालसम्म यसलाई छुवाछुत प्रथा र महिला शक्तिलाई उपेक्षा गर्ने प्रवृतिले गाँजेको थियो ।

बहिनीलाई चिठी

प्यारी बहिनी अनुपमा,

शुभाशीर्वाद

म यहाँ सञ्चै छु । त्यहाँ आमा वाबु समेत सबैलाई आरामै होस् भन्ने कामना गर्दछु । त्यहाँबाट चिठी नआएको धेरै भयो । परीक्षाको व्यस्तताका कारण मैले पनि चिठी लेख्न भ्याइन अहिले अलि फुर्सद भएर तिम्रो हालखवर पनि बुझौं र आफुले जानेका, बुझेका कुरा तिमीलाई लेख्दै जाउँ भन्ने हेतुले यो पत्र लेख्दैछु ।

सिंह र स्यालको कथा

भाले सिंह पनि जङ्गलमा घुम्दा घुम्दै थकित भएर घरतिर फर्कदै थियो । उसले बाटामा एउटा स्यालको बच्चो देख्यो । उ खुशी भयो । आहा ! क्या राम्रो स्यालको बच्चो रहेछ । अब चाइने यसैलाई लैजानु पऱ्यो क्यारे ।

वन्धनबाट मुक्ति

चोआलाल एकसट्ठी वर्षमा विधुर भए । पत्नी अनेकौं रोगबाट पीडित थिइन् । दम, उच्चरक्तचाप, मुटुको व्यथा अनेक थरी, बेलैमा राम्ररी उपचार गराएको भए निदान हुन सक्थ्यो । तर उपचार हुन सकेन, इष्टमित्र, शुभेच्छुक, छरछिमेकी, नातेदार सबैले सम्झाए, “यो इश्वरको इच्छा हो ।”

**परिशिष्ट - २**

नमूना छनौटमा परेका विद्यालयको विवरण

सामुदायिक विद्यालय तर्फ

| क.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | नरग्राम माध्यमिक विद्यालय | भिमवहादुर वस्नेत | बुढीगङ्गा-१ | |
| २. | जनप्रिय माध्यमिक विद्यालय | शिवकुमार कार्की | बुढीगङ्गा-३ | |
| ३. | कर्मवीर माध्यमिक विद्यालय | शम्भुप्रसाद खतिवडा | बुढीगङ्गा-४ | |
| ४. | नारायण माध्यमिक विद्यालय | भरत कुमार चौधरी | बुढीगङ्गा-५ | |
| ५. | सरस्वती माध्यमिक विद्यालय | धनेश कुमार निरौला | बुढीगङ्गा-६ | |

संस्थागत विद्यालय तर्फ

| क.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | मोरङ्ग पब्लिक स्कूल | नगेन्द्रप्रसाद ढकाल | बुढीगङ्गा-१ | |
| २. | युनिक एकेडेमी स्कूल | चण्डीप्रसाद रेग्मी | बुढीगङ्गा-१ | |
| ३. | जेभियर्स बोडिङ्ग स्कूल | परेश पोखरेल | बुढीगङ्गा-२ | |
| ४. | कोरवान बोडिङ्ग स्कूल | गोकुलनाथ मण्डल | बुढीगङ्गा-३ | |
| ५. | स्मृति बोडिङ्ग स्कूल | रिता न्यौपाने | बुढीगङ्गा-३ | |

# परिशिष्ट - ३

सर्वेक्षण गरिएका विद्यालयहरुको पत्रहरु